वर्ष : १७, अंक : ९, काठमाडौं, २०७८ जेठ २८ गते शुक्रबार, 11 June 2021, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# प्रदेश २ मा राउत सरकार झनै बलियो

## केन्द्रमा ओलीसँग ठाकुर मिलेपछि प्रदेशमा आधार गुम्यो

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारविरुद्ध केन्द्रमा विपक्षी दलको मोर्चाबन्दी बनेपछि त्यसको प्रभाव सातवटै प्रदेशमा देखिन थालिएको छ ।

विपक्षी गठबन्धनले केन्द्रमा शेरबहादुर देउवालाई समर्थन जनाएसँगै प्रदेशहरूमा पनि विपक्षीले सहकार्य थालेका छन् । विपक्षी गठबन्धनको प्रत्यक्ष प्रभाव जसपा नेतृत्वको प्रदेश २ तथा एमालेको नेतृत्व रहेका प्रदेश १, वागमती, गण्डकी र लुम्बिनीमा देखिएको छ ।

कुल सातवटा प्रदेश सरकारमध्ये अहिलेसम्म चारवटा प्रदेशमा एमाले ओली पक्षको एकल नेतृत्व छ भने दुईवटामा माओवादी र एउटामा जसपाको नेतृत्व छ । प्रदेशमा सत्ताविहीन बनेको नेपाली काँग्रेसको 'मुभ' अब केन्द्रमा जस्तै प्रदेशहरुमा पनि सत्तारोहणतर्फ अग्रसर भएको छ । यो अवस्थामा माओवादीले दुबै मुख्यमन्त्री सुरक्षित गरेको छ भने एमालेका चारवटा सरकार धरापमा परेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) भित्रको विवादको बाछिटाले प्रदेश २ को सत्ता समीकरणमा असर पारेको छ । प्रदेश २ मा सत्ता सहकार्यका लागि उपेन्द्र यादव पक्ष र नेपाली काँग्रेसबीच छलफल पछि मन्त्रिपरिषद विस्तार तथा फेरबदल भएको छ ।

प्रदेश २ मा सत्ता सहकार्यका लागि जसपाको यादव पक्षसँगको दुई बुँदे सहमतिका आधारमा काँग्रेस तीन मन्त्रीसहित सरकारमा गएको छ ।



जसपाको उपेन्द्र यादव पक्षले महन्थ ठाकुर पक्षका मन्त्री जितेन्द्र सोनल र तीनजना राज्यमन्त्रीलाई सरकारबाट हटाएपछि खाली रहेका ती मन्त्रालयहरूमा काँग्रेसले ठाउँ पाएको छ । मुख्यमन्त्री राउत जसपाको उपेन्द्र यादव पक्षका हुन् ।

प्रदेश २ मा अहिले जसपा नेतृत्वको सरकार छ । जसपा एक ढिक्का बनेको अवस्थामा उसैको एकल बहुमत ५५ सीट छ । तर, महन्थ ठाकुर पक्षसँगको विवादपछि बहुमत गुम्ने अवस्था आएकाले उपेन्द्र यादवले सरकार टिकाउनका लागि काँग्रेससँग नयाँ समीकरण गरेका हुन ।

केन्द्रको विवाद प्रदेशमा पनि देखा परेका कारण उपेन्द्र यादव पक्षका मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकार धरापमा परेको हो । मुख्यमन्त्री राउतले आफूलाई सुरक्षित राख्न काँग्रेस र माओवादीको साथ खोजेका थिए । राउतलाई काँग्रेसले साथ दिएपनि मन्त्रालय भागबन्डामा कुरा नमिलेपछि माओवादी केन्द्र सरकारमा गएको छैन ।

प्रदेश २ मा हाल १ सय ४ जना सांसद छन् । यसअघि १ सय ७ सांसद रहे पनि माओवादी केन्द्रले तीन सांसदलाई निष्कासन गरेपछि सो संख्या १ सय ४ मा झरेको हो । प्रदेशमा अहिले सबैभन्दा ठूलो दल जसपा नै हो । जसपाको दुवै पक्षका (समाजवादी र राजपा) गरी ५५ सांसद छन् ।

अहिले संसदभित्रको अंकका आधारमा सरकार गठनका लागि ५३ सांसद आवश्यक पर्छ । जसपा टुक्रिँदा यादव पक्षीय जसपासँग ३५ सांसद छन् । ठाकुर पक्षीय जसपाका २५ सांसद भए पनि पाँच सांसदले यादवतिरै हस्ताक्षर गरेका छन् । त्यसकारण ठाकुर पक्षसँग २० जना मात्र सांसद छन् ।

प्रदेशमा एमालेसँग २१ सांसद छन् । ती पनि ओली र नेपाल समूहमा विभक्त छन् । प्रदेश २ मा तेस्रो ठूलो दल कांग्रेस हो । कांग्रेससित १९ सांसद छन् । माओवादीसँग पनि आठ सांसद छन् । रिजवान अन्सारीको नेपाल संघीय समाजवादी पार्टीको सांसद संख्या एक छ/ । प्रदेश २ को यही गणितका आधारमा जसपा उपेन्द्र पक्षका ३५ सांसद, कांग्रेसका १९ र माओवादीका आठ सांसद जोड्दा ६२ सांसद पुग्छ/ । एमाले नेपाल समूहको पनि साथ यही गठबन्धनलाई छ/ । यस कारण काँग्रेसको सहभागितसँग राउत सरकार बलियो अवस्थामा पुगेको छ ।

ठाकुरले नेता राजेन्द्र महतोको नेतृत्वमा आफू पक्षीय सांसदहरूलाई केन्द्र सरकारमा सहभागी गराएपछि जसपाको विवाद झन बढेको छ ।

प्रतिनिधिसभा विघटनपछि केन्द्रदेखि प्रदेशसम्म दाउपेचको राजनीतिले स्थान पाउने विश्लेषकहरुको धारणा छ । दहाल-नेपाल पक्षको रिक्त स्थान पूर्तिका लागि केन्द्रीय सत्ता मधेशकेन्द्रित दलदेखि नेपाली कांग्रेससम्मलाई प्रभावमा पार्ने रणनीतिअन्तर्गत अघि बढ्ने देखिन्छ । यसअघि सरकारले दल विभाजनसम्बन्धी कानुन अध्यादेशमार्फत संशोधन गरेपछि फुटको पहिलो निसानामा परेको जसपा अहिले पुन: निसानामा परेको छ । सरकारले अहिलेको समयमा कोरोनाबाट जनतालाई जोगाउन खोपको जो हो गर्नुपर्थ्यो तर लोकतन्त्रलाई सिध्याउने खेल भयो ।

## 'माग र मुद्दा सम्बोधनको प्रक्रिया सुरु भएको छ'

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले आफूहरुको माग र मुद्दा सम्बोधन हुने प्रक्रिया भएको बताएका छन् । शनिबार जसपा केन्द्रीय कार्यालय बबरमहलमा आयोजित नवनियुक्त मन्त्रीहरुको स्वागत कार्यक्रममा जसपा अध्यक्ष महन्थ ठाकुरले आफ्ना माग सम्बोधनको प्रक्रिया अगाडि बढाएपछि सरकारमा गएको बताए । ठाकुरले भने, 'हाम्रा माग र मुद्दा सम्बोधनको प्रक्रिया सुरु भएको छ । जेलमा रहेका साथीहरु पनि छुट्नु हुन्छ ।' प्रधानमन्त्री केपी शर्मा ओलीले आफूले सक्ने जति गर्ने बचन दिएको उनले बताए ।

## 'राष्ट्रिय एकता र अखण्डताप्रति पूर्ण प्रतिबद्ध छु'

काठमाडौं, २३ जेठ । जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता तथा संसदीय दलका नेता राजेन्द्र महतो उपप्रधान तथा शहरी विकास मन्त्रीमा नियुक्त हुने बित्तिकै दिएको पहिलो अभिव्यक्तिबाट नै विवादमा तानिएका छन् । उपप्रधानमन्त्री महतोले शपथ ग्रहण लगत्तै नेपाल बहुल राष्ट्र राज्य हो भन्ने खालका अभिव्यक्ति दिएपछि विवाद उत्पन्न भएको हो । यता, उपप्रधानमन्त्री महतोले अभिव्यक्तिबाट उत्पन्न विवादबारे ध्यानाकर्षण भएको बताएका छन् । महतोले एक विज्ञप्ति जारी गरी भनेका छन्, 'मेरो अभिव्यक्तिलाई बंग्याएर र गलत अर्थ लाग्ने गरी प्रचार प्रसार भएकोमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।' 'मैले संविधानको धारा ३ मा उल्लेख भएबमोजिम बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रहि एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भन्ने विषयलाई आत्मसात गर्दै यो राज्य सबै जात, जाति, वर्ग, समुदाय, धर्म लिङ्गको साझा राष्ट्र हो भने आशय व्यक्त गरेको छु ।' उपप्रम महतोले स्पष्ट पारेका छन् । उनले आफू राष्ट्रिय एकता, अखण्डता र राष्ट्रिय एकताप्रति पूर्ण प्रतिबद्ध रहेको बताएका छन् । उनले यसबारे कसैलाई अन्यथा भ्रम नरहोस् भन्ने प्रष्ट पारेका छन् ।

## प्रदेश २ को नीति तथा कार्यक्रम सार्वजनिक

जनकपुरधाम । प्रदेश २ को सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ को लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रदेश प्रमुख डा.राजेश अहिराजले प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । सरकारले कोभिड महामारी नियन्त्रण, स्वस्थ्य, कृषि, पर्यटन, स्वरोजगार, शिक्षा र सिँचाइलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

प्रदेश सरकारले अधिकांश कार्यक्रमलाई निरन्तरता दिँदै स्वास्थ्य र रोजगारमुखी कार्यक्रमलाई बढी प्राथमिकता दिएको छ ।

जनकपुरधामस्थित मणिपाल अस्पतालको निर्माणधीन अस्पताललाई कोभिड अस्पताल बनाउने, अस्पतालहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी थप्ने, कोभिड महामारी नियन्त्रण गर्न संरचना निर्माण गरी कोरोनाको मात्रै अस्पताल छुट्याउने नीति सरकारले लिएको छ । कोभिड आपतकालीन सेन्टर स्थापना गर्ने र भारतसँगको नियमित आवतजावत हुने भएकोले सीमा नाकाहरुमा हेल्थ डेक्सहरु स्थापना गरी नियमित स्वास्थ्य जाँच गर्ने र स्वास्थ्य कर्मचारीलाई स्वास्थ्य विमा गर्ने नीति लिएको छ । कोभिडका कारण रोजगारी गुमाएका युवाका लागि मुख्यमन्त्री युवा स्वरोजगार उद्यम विकास कार्याक्रम सञ्चालन, मुख्यमन्त्री रनिंग शिल्ड सुरु गरी खेलकुद विकास र विपन्न दलितहरुका लागि दलित छात्रावृत्ति र राशन कार्ड उपलब्ध गराउने सरकारको नीति तथा कार्यक्रममा समेटिएको छ । चुरे संरक्षणमा विशेष सहयोगको घोषण गर्दै स्थानीय तह, संघीय सरकारसँग समन्वय गरी चुरे संरक्षण गर्ने नीति लिएको छ । एक जिल्ला एक पर्यटन केन्द्र बनाएर प्रदेश पर्यटन विकास गर्ने सरकारले नीति लिएको छ ।

## नागरिकता अध्यादेश कार्यान्वयन नगर्न सर्वोच्च अदालतको आदेश

काठमाडौं । सर्वोच्च अदालतले कार्यपालिकाले राजनीतिक उद्देश्यले ल्याएको नागरिकतासम्बन्धी अध्यादेशलाई छद्म ठहर गर्दै कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ । कानुन बनाउने जिम्मा संसद्को भएको जनाउँदै सर्वोच्च अदालतले संसदमा विचाराधीन अवस्थामा रहेको नागरिकतासम्बन्धी विधेयक अहिले संसद् नभएका बेला अध्यादेशमार्फत ल्याउनुपर्ने कुनै कारण नदेखिएको ठहर गरेको छ ।

संविधानको धारा ११४ मा भएको अध्यादेशसम्बन्धी व्यवस्थाको दुरूपयोग गर्दै ल्याइएको अध्यादेशमा टेकेर नागरिकताको प्रमाणपत्र दिएमा कानुनी



जटिलता थपिने सर्वोच्चको ठहर छ ।

नागरिकता ऐन, २०६३ मा थपघट, संशोधन गर्नुपर्ने भए संसद्बाटै प्रक्रियागत रूपमा गर्न आदेशले भनेको छ ।

जेठ ८ मा गरिएको मन्त्रिपरिषद्को निर्णय र सिफारिसअनुसार प्रतिनिधिसभा विघटन गरिएको र लगत्तै अर्को दिन ९ गते विवादित अध्यादेश जारी गरिएको थियो ।मन्त्रिपरिषद्को सिफारिसमा २०७८ जेठ ९ मा राष्ट्रपतिबाट जारी नेपाली नागरिकता पहिलो संशोधन अध्यादेश रिट निवेदन अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नू/नगराउनू, यथास्थितिमा राख्नू भनी अन्तरिम आदेशमा भनिएको छ ।

अहिले सरकारमा गएको जनता समाजवादी पार्टी (जसपा) सँगको छलफलपछि सरकारले नागरिकतासम्बन्धी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले जेठ ९ मा यो अध्यादेश जारी गरेकी थिइन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद्बाट विश्वासको मत नलिई प्रतिनिधिसभा भंग गरेका थिए । त्यसपछि उनले जसपाको साथ लिएर सरकार बनाएका हुन्। आफ्नै पार्टीबाट समेत विश्वासको मत नपाउने देखेपछि जसपालाई सरकारमा लगी आफू प्रधानमन्त्री टिकिरहन उनले नागरिकता अध्यादेश जारी गराएका थिए । नागरिकता अध्यादेश जारी गरेपछि जसपा सरकारमा गएको थियो ।

## चुरेलाई विलिन हुन नदिन बजेट अध्यादेशबाटै झिकियोस् : मन्त्री साह

जनकपुरधाम । ढुंगा, गिट्टी र बालुवाको व्यापारिक उत्खनन रोक्न अर्थ र वन मन्त्रालयको विज्ञप्तिले हुँदैन भन्दै प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले बजेट अध्यादेशबाटै यो बुँदा झिकिनु पर्नेमा जोड दिएका छन् । उनले चुरेभावर सभ्यतालाई सिन्धु घाँटीझैं विलिन हुन नदिन र यसको संरक्षणप्रति जिम्मेवार बन्न संघ सरकारसँग माग गरेका छन् । उनले भने, 'मधेशको जीवन अस्तित्व समाप्त पार्ने गरी चुरेको दोहन गर्ने कामबाट केही व्यक्ति लाभान्वित होलान्, तर भावी सन्ततीका लागि यो सदैवका लागि बसाइसराइँ गर्ने कारण बन्ने छ ।'

मन्त्री साहले भने, 'चुरेभावर र तिनका नदी प्रणालीबाट अवैज्ञानिक, अवैध र अनुचित तवरबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन भइरहँदा यस क्षेत्रको परिस्थतिकीय प्रणालीमा प्रतिकूल असर परेको तपाई हामी सबैलाई विदितै होला ।' बस्ती तथा पूर्वाधार विकास, वनविनाश, खोरिया फँडानी, चरिचरणजस्ता गर्नै नहुने काम केही दशकयता चुरे क्षेत्रमा तीव्र गतिले भइरहेको उनले बताए । मन्त्री साहले भने, 'जसको दुष्परिणामका रूपमा चुरे मुहान भएका खोलानालामा पानीको प्रवाह देखिँदैन र खोलाहरू खहरे भएका छन् ।'

बर्खा र बाढीका बेला उर्लेर आउने भेलले चुरे भत्केर आएका ढुंगा, गिट्टी र बालुवाबाट सयौं हेक्टर खेतीयोग्य जग्गा बलौटे बन्न पुग्ने उनको भनाइ छ । मरुभूमिकरणको यो त्रासद दिनानुदिन बढ्दै गएकोले खोलाहरू चौडा भएका र तिनको सतह अग्लिँदै किनारका खेतभन्दा पनि माथि पुगेका छन् ।

मन्त्री साहले उदाहरण दिँदै भने, 'सप्तरी जिल्लाको खाँडोमा आउने भेलबाट बस्ती तथा खेत डुबान हुने दुर्नियति यसको दुर्भाग्यपूर्ण उदाहरण रहेको छ ।'

चुरे विनाशबाट उत्पन्न जलवायु परिवर्तन र जैविक विविधतामा ह्रास आउँदा तराई मधेशमा एकातिर कृषि तथा खाद्य सुरक्षा संकटमा पर्दै गएको हाम्राकुरासँग कुरा गर्दै मन्त्री साहले भने 'अर्कोतिर जलवायुजन्य विपतबाट यस क्षेत्रका जनता वर्षौंदेखि पिरोलिँदै आएका हुन् ।'

उनले ठूलो संख्यामा जनताको जीविका र रोजगारको कारक र देशकै कुल ग्राहस्थ उत्पादनमा अन्य क्षेत्रभन्दा बढी योगदान पुर्याउने कृषि क्षेत्र समेतलाई जोगाउन कुनै पनि संवेदनशील क्षेत्र वा प्रणालीबाट ढुंगा, गिट्टी र बालुवाको दोहन गरिनु मानवीय अपराध रहेको बताए ।

यस्तोमा संघीय सरकारले व्यापार घाटा कम गर्न जसरी ढुंगा, गिट्टी र बालुवा बेच्ने गरी बजेट अध्यादेश ल्याएको छ त्यो कुनै पनि हालतमा स्वीकार्य नहुने मन्त्री साहले जानकारी दिए ।

मधेशको जीवन अस्तित्व समाप्त पार्ने गरी चुरेको दोहन गर्ने कामबाट केही व्यक्ति लाभान्वित भए पनि भावी सन्ततीका लागि यो सदैवका लागि बसाइसराइँ गर्ने कारण बन्ने निश्चित रहेको मन्त्री साहले बताए ।

## प्रतिगमनलाई परास्त गर्न प्रदेश २ बाट अभियानको थालनी



**योगेन्द्र राय यादव**

देश एउटा गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ । संघीयता, लोकतन्त्र र विधिको शासन नै अन्त्य हुने अवस्थामा केपी शर्मा ओली र महन्थ-राजेन्द्रबीच स्वार्थसिद्धका लागि बनाइएको गठबन्धनले समग्र प्रक्रियालाई नै ध्वस्त पार्ने स्थितिमा पुऱ्याइएको छ । यो प्रतिगमनकारी ओली सरकारको विरोधमा केन्द्रमै हाम्रा शीर्षस्थ नेतृत्वले पाँच दलीय गठबन्धन निर्माण गरेका छन् । त्यो गठबन्धनले एउटा सन्देशमूलक निर्णयका साथ आज हामीले प्रदेश २ बाट शुभारम्भ गरेका छौं । यसमा जनता समाजवादी पार्टी, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले संयुक्तरुपमा एउटा नयाँ गठबन्धनको सन्देश दिँदै सरकार सञ्चालनको शुभारम्भको प्रक्रियामा छौं । तीनै पक्षबीच लिखित रुपमै सहमति भएको छ । यो गठबन्धन सत्ताका निम्ति मात्र निर्माण भएको भनेर नबुझौं । यो भनेको लोकतन्त्र, संघीयता र विधिको शासनलाई रक्षाका गर्नका लागि हो ।

जनता समाजवादी पार्टी नेपाल र नेपाली कांग्रेसबीच दुईबुँदे सहमति भएको हो । लोकतन्त्र, संघीयता, समावेशी समानुपातिक र प्रादेशिक अधिकारको संरक्षण, सम्वर्द्धन र सुदृढीकरण गर्न जनता समाजवादी पार्टी नेपाल प्रदेश २ को प्रदेश सभा संसदीय दलको नेतामा. मुख्यमन्त्री लालवावु राउतको नेतृत्वमा रहेको सरकारमा नेपाली काँग्रेस प्रदेश २ को प्रदेश सभा संसदीय दलको नेता रामसरोज यादवको नेतृत्वमा सरकारमा सहभागी हुने र प्रादेशिक आवश्यक्ता र विज्ञहरूको रायसहित मन्त्रिपरिषदको संरचना र कार्यविभाजनलाई अझ वैज्ञानिक र व्यवस्थित वनाई मन्त्रिपरिषदको संख्या थपघट गर्न सकिने सहमति भएको छ ।

अब कांग्रेस र माओवादी केन्द्रलाई सरकारमा सहभागिता गराइने छ । अहिले औचित्य र आवश्यकताको आधारमा सहमति भएको हो । प्रदेश सरकार सञ्चालनका निम्ति, आमजनताको समग्र समृद्धि र जनतामुखी कार्य गर्नका लागि अहिले यसको आवश्यकता छ । यसले औचित्य पनि पुष्टि गरिरहेको छ ।

> **यो गठबन्धन सत्ताका निम्ति मात्र निर्माण भएको भनेर नबुझौं । यो भनेको लोकतन्त्र, संघीयता र विधिको शासनलाई रक्षा गर्नका लागि हो ।**

जनता समाजवादी पार्टी नेपालसँग सरकार चलाउने प्रष्ट बहुमत हुँदाहुँदै पनि प्रतिगमनकारी ओली सरकारका विरोधमा पाँच दलीय गठबन्धन जुन केन्द्रमा गठन भएको छ त्यसको सन्देशमूलक कार्यको थालनी प्रदेश २ बाट भएको हो । यो पाँच दलीय गठबन्धन समग्र देशभरिमा नै निरन्तरता दिने र आउँदो निर्वाचनसम्म पनि यही गठबन्धनले प्रतिगमनलाई परास्त गर्ने यो एउटा अभियानको थालनी हो । यसलाई अन्य तरिकाले परिभाषित नगरौं । यो गठबन्धन सत्ताका निम्ति मात्र निर्माण भएको भनेर नबुझौं । यो भनेको लोकतन्त्र, संघीयता र विधिको शासनलाई रक्षाका गर्नका लागि हो । ओली नेतृत्वको सरकारले गरिरहेको ज्यादतीलाई भण्डाफोर र निषेध गर्नका निम्ति आज आवश्यकताको सिद्धान्तअनुसार हामीले यो गठबन्धनलाई प्रदेश २ मा मूर्तरुप दिएका छौं ।

चार जना मन्त्रीलाई अस्ति मुख्यमन्त्रीले जसरी बर्खास्त गर्नुभयो त्यसबारे पनि विभिन्न प्रश्नहरु उठाइएका छन् । मुख्यमन्त्री भनेको सरकारको अगुवा हुन्छन् र उहाँले मन्त्रीलाई हटाउने, नयाँ राख्ने यो कुरा उहाँको अधिकार क्षेत्रभित्र पर्छ । उहाँले जुनबेला पनि कसैलाई बर्खास्त गर्न सक्ने, मन्त्रिपरिषद्मा व्यक्ति हेरफेर गर्न सकिने र पुनर्गठन गर्न सकिने यो उहाँको क्षेत्राधिकार हो । त्यसमा प्रश्न उठाउने कुरै भएन नि त ।

म स्वयम् यो सरकारको एउटा राज्यमन्त्रीको रुपमा कार्यरत छु । मुख्यमन्त्रीले चाहेको खण्डमा मलाई बर्खास्त वा अन्य मन्त्रालयमा पठाउन सक्नुहुनेछ । उहाँले वैधानिक अधिकारलाई नै प्रयोग गरेर एक मन्त्री र तीन राज्यमन्त्रीसहित चार जनालाई बर्खास्त गर्नुभएको हो । केन्द्रको रिइसवी प्रदेशमा साँधिएको हो भन्ने सोच्नु हुँदैन । केन्द्रको प्रभाव प्रदेशमा परेको छैन । राजनीतिमा क्रियाको प्रक्रिया त पक्कै हुन्छ ।

केन्द्रकै कुरा गर्ने हो भने देशमा 'रुल अफ ल' हो हुल अफ ल होइन । केही मान्छेलाई लिएर जहाँ पायो त्यहीं गएर बैठक बसाउने जथाभावी निर्णयहरु गर्ने, न संसदीय दलको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# केन्द्रमा जसपाको प्रवेश

निकै रस्साकस्सी र किचलाको बीच जनता समाजवादी पार्टी (जसपा)को महन्थ ठाकुर समूह केपी ओली नेतृत्वको केन्द्र सरकारमा सहभागी भएको छ। केपी शर्मा ओली सरकारले आफ्ना अधिकांश माग पूरा गरेको भन्दै ठाकुर समूह सरकारमा जान सहमत भएको हो।

केन्द्र सरकारमा जसपाका संसदीय दलका नेता राजेन्द्र महतोसँगै शरतसिंह भण्डारी, अनिल झा, उमाशंकर अरगरिया, एकवाल मियाँ, चन्दा चौधरी,विमल श्रीवास्ताव, रेनुका गुरुङ र चन्द्रकान्त चौधरी सहभागी भएका हुन।

अन्नत: ओली सरकारमा जाने वा नजाने विषयमै विवादका कारण जसपा औपचारिक रुपमै फुटेको छ। यद्यपी यसको कानुनी हैसियत प्राप्त गरेको छैन तर पार्टी दुई चिरामा विभक्त भएको छ। ठाकुर पक्ष १० मन्त्रालय लिएर सरकारमा गए पनि त्यस समूहभित्र खटपट सुरु भएको छ।

२० नेताको साथ लिएर अध्यक्ष उपेन्द्र यादवसँग सम्बन्ध विच्छेद गर्न कस्सिएका ठाकुरले केही प्रभावशाली नेतालाई मन्त्री नबनाएको भन्दै उनलाई साथ दिने नेताहरुमा असन्तुष्टि बढ्दै गएको छ।

**पछिल्लो संशोधनले जन्मसिद्ध नागरिकका छोरा छोरीले संविधानमा व्यवस्था हुँदाहुँदै पनि नागरिकता प्राप्त गर्न नसकेको गुनासो सम्बोधन गरेको छ । त्यस्तै बेपत्ता भएका बाबुका सन्तानले पनि नागरिकता पाई नरहेको अवस्थामा नागरिकता दिनुपर्छ भन्ने हेतुका साथ अध्यादेश जारी गरिएको हो ।**

दुई पक्षले एक अर्कामाथि कारवाही गरेसँगै पार्टी विभाजनको सँघारमा पुगेको छ। पार्टीका दुईजना अध्यक्ष ठाकुर र यादवले एक अर्कालाई पार्टीबाट निष्कासन गरेका छन्। उनीहरुले निर्वाचन आयोगलाई पनि पार्टीभित्र गरिएको कारवाहीको विवरणसहित आ-आफ्नो तर्फबाट पत्र पठाइसकेका छन्।

अहिलेसम्म दुवै पक्षले आफूलाई आधिकारिक दावी गर्दै आएका छन्। तर कुन पक्ष आधिकारिक भन्नेबारे छिनोफानो गर्ने निर्वाचन आयोगमा भने आधिकारिकता सम्बन्धी विवाद पुगेको छैन। जसपाभित्र दुवै पक्षले आफ्नो पक्षमै बहुमत रहेको दावी गर्दै आएको अवस्था छ। तर दुवै पक्षले बहुमत प्रमाणित गरेका भने छैनन्।

जसपाभित्र देखिएका दुई पक्षबीच कसको पल्ला भारी भनेर अहिले नै किटान गर्न सक्ने अवस्था छैन। जसपाभित्र दुवै पक्षसँग ६० प्रतिशत बहुमत देखिएको छैन। यस्तो अवस्थामा सके ६० प्रतिशत बहुमत जुटाएर दलको वैधानिकता आफ्नो पक्षमा पार्ने, नसके केन्द्रीय समिति र संसदीय दलमा कम्तीमा ४० प्रतिशत जुटाएर दल विभाजन गराउनुपर्ने हुन्छ।

प्रतिनिधिसभा विघटन भइसकेका कारण महन्थ ठाकुरसँग पार्टीको कुनै पनि निकायमा बहुमत देखिएको छैन। प्रतिनिधिसभा विघटन हुनअघि अध्यक्ष ठाकुरले संसदीय दलको बैठकबाट पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोलाई संसदीय दलको नेतामा चयनका साथै विभिन्न निर्णय गरे। प्रतिनिधिसभा विघटन भइसकेको अवस्थामा उनीसँग पार्टीको कुनै निकायमा बहुमत नहुँदा निर्णयहरु गर्न सकिरहेका छैनन्।

पार्टीमा कसको बहुमत छ र को अल्पमतमा छ भन्नेबारे दुवै पक्षले हानथाप गर्नुको अब कुनै अर्थ छैन। विषय निर्वाचन आयोगमा पुगिसकेका कारण अब आयोगले नै यसबारे निर्णय गर्छ।

पार्टीका निकाय तथा संसदीय दलमा कमजोर अवस्थामा पुगेका महन्थ ठाकुरले दुवै निकायमा कम्तीमा पनि ४० प्रतिशत जुटाउन सके विद्यमान कानुन अनुसार दल विभाजन गराउन सक्छन्। तर ४० प्रतिशत जुट्न नसकेको अवस्थामा उनले दलका रुपमा राजनीतिक अस्तित्व जोगाउन निकै ठुलो चुनौती सामना गर्नुपर्छ।

# जसपाको एकता र पृथकीकरण

**विचार-विश्लेषण** भाग-९४



उपेन्द्र झा

जातिवादको राजनीति गहिरो जरा गाडेर बसेको बिहार र युपी नेपालको तराई भूभागसँग जोडिएकोले तराईमा त्यसको प्रभाव देखिनु स्वाभाविक हो। बिहार र युपीमा केही वर्ष पहिला ब्याकवार्ड र फोरवार्डमा विभक्त समाजले परस्पर मचाएको उत्पात् सर्वविदित छ। साम्प्रदायिक दंगामा दुवै पक्षको मानवीय क्षति लगायत ठूलो संख्यामा सम्पति नाश भयो। घृणाको साम्प्रदायिक आगोबाट प्रान्त जल्यो तर घृणा फैलाउने प्रवृत्ति जलेन। जातिवादको प्रचण्ड ज्वाला दशकौं प्रान्तलाई आफ्नो कब्जामा लिई रह्यो। घाटाबाहेक यसबाट लाभको किञ्चित आश नरहेको परिणामले राजनीतिकर्मीमा केही नरम भाव देखए पनि जातिवादको राजनीति अक्षुण्ण रुपमा विद्यमान छ।

यी दुई प्रानतसँग खुला सिमानाका कारण तथा नाता सम्बन्धका कारण आवत्-जावत् सहज छ। पारस्परिक सम्बन्धले नेपाल भारतको पृथक सम्बन्धको आभाष नै हुँदैन। गहिरो सम्बन्धको प्रभाव प्रत्यक्ष रुपमा मधेशमा देखिनु नौलो कुरो होइन। सकारात्मक र नकारात्मक समान रुपको प्रभाव मधेशमा देखिनु आश्चर्यको विषय होइन। मधेशको राजनीतिमा धेरै पहिलादेखि जातिवादको प्रभाव प्रवेश गरेपनि नेपाली परिस्थितिले अनुकूल वातावरण प्रदान नगरेकाले यो सुशुप्त अवस्थामा थियो। जातिवादकै बाहुल्यताबाट शक्ति आर्जन गर्न सक्ने महत्वाकांक्षा परिपक्व हुँदै गएपछि देश र जनताको समग्र विकासको जिम्मेवारीलाई बिर्स्यो। व्यक्तिवादी सोचले जातिवादको भावनालाई बढाउन धेरै मद्दत गर्‍यो।

शताब्दियौंदेखि राज्यको दोहन, शोषण र बञ्चितीकरणमा परेको मधेश समग्र रुपले ०६३ सालमा विद्रोह गरी राज्यलाई चुनौती दिएको थियो। यो घटना १५ वर्ष पहिलाको हो। विविधतायुक्त मधेशी समाजको समग्र एकताबाट डराएर राज्यले पनि मधेशलाई तोड्ने रणनीति बनायो। मधेशी समाजमा अन्तरविरोध राख्ने हरेक तत्व : पहाडी-मधेशी, उच्चनीच, छूत-अछूत, उपल्लो वर्ग, तल्लो वर्ग, ब्याकवार्ड-फोरवार्ड, यादव-बाहुन, यादव-ननयादव, हिन्दू-मुस्लिम, हिन्दू-इसाई आदिलाई सक्रिय बनाउँदै मधेशको राजनीतिक क्षेत्रलाई विषाक्त बनायो। १५ वर्ष पहिलासम्म सहिष्णुताको उदाहरण स्वरुप रहेको मधेशी समाजमा अन्तर्विरोध जगाएर, एक अर्कालाई शोषणका कारण देखाएर राज्य पन्छिन खोजेको कुरालाई मधेशका राजनीतिकर्मीहरु बुझ्न सकेको छैन वा बुझ पचाएका छन्।

बाह्य र आन्तरिक दुवैतिरबाट मधेशको राजनीतिमा परेको नकारात्मक प्रभावले सहिष्णु समाजको परम्परागत एकतामा चिरा पर्न थाल्यो। भेदभावबाट पीडित समान पीडा भोगिरहेको एकता सूत्रमा बाँधिएको मधेशी समाज पृथकीकरणको थप पीडा भोग्न बाध्य भएको छ। "फुटाएर शासन गर्ने" उखान चरितार्थ भएको छ।

मधेश आन्दोलनपश्चात् व्यक्तिवादी तथा जातिवादी चरित्रले राज्यसत्तामा सहजै प्रवेशका कारण समग्र मधेशको हकहितको कुरा बिर्सेर जातिगत रुपमा पार्टीको निर्माण सुरु गर्‍यो। साना-साना जातीय पार्टीहरुले लाभ र हानी भोग्दै शक्ति क्षणतालाई महसुस गरे। १५ वर्षको व्यक्तिगत स्वार्थ र जातिवादी राजनीतिको अनुभवले "टुक्रिएर शक्ति क्षीण हुने तथा मधेशको मुद्दा पनि सम्बोधन नहुने" यथार्थलाई बुझ्दै पार्टीहरु एकीकृत हुने क्रम सुरु भयो। ६ वटा पार्टी मिलेर एकातिर राजपा बन्यो भने दुई वटा पार्टी मिलेर समाजवादी पार्टी बन्यो। १ वर्षपूर्व ०७७ बैशाख १० गते राजपा राजपा र समाजवादी पार्टीको एकीकरणले जनता समाजवादी पार्टीको जन्म भयो।

मधेशका पार्टीहरुको एकीकरण मधेशका लागि लाभप्रद रहेपनि पार्टीभित्रका नेतृत्वपंक्ति जातीय अहंकार तथा स्वार्थलाई त्याग्न नसकेका कारण एक वर्ष नबित्दै जसपा विभाजन भएको छ। जसपाको एकता र पृथकीकरणका कारण प्रधानमन्त्री केपी शर्मा ओली नै देखिएका छन्। जसपा ओलीको समर्थन र विरोधमा गएर दुई विचारधारामा विभाजन भएको छ। अनावश्यक रुपमा प्रतिनिधिसभा भंग गरेर देशलाई प्रतिगाी दिशामा लगेको ओलीलाई समर्थन गर्न सकिँदैन भनेर उपेन्द्र यादव समूह नेपाली कांग्रेस र माओवादी केन्द्रसँग मिलेर विपक्षी गठबन्धनमा लागेको छ भने ओलीले मधेशको केही मुद्दा सम्बोन गर्ने प्रक्रिया थालेकोले महन्थ-राजेन्द्र समूह उनको समर्थनमा मन्त्रिमण्डलमा सामेल भएका छन्। ओलीको समर्थन र विरोधका कारण जसपा फुटेको सतहमा देखिए पनि असलमा पार्टीमा पहिलेदेखि विद्यमान जातीय अहंकार, स्वेच्छाचारिता, नेतृत्वको निरंकुश शैली, महत्वाकांक्षाको टकराहटले पृथकीकरणको अनुकूल अवसर खोजिरहेको थियो। परिस्थितिवश अनिच्छापूर्वकको एकीकरणले एक वर्ष पुग्दा पनि दुई पार्टीको दूरीलाई झन्-झन् बढाउँदै लगेपछि फुटको संघारमा पुगेको हो।

मधेशमा एकले अर्काको पुतला दहन गरी अन्तर्संघर्षलाई तीव्र रुपमा बढाएको छ। मधेशीहरुले आफ्नै नेताको पुतला दहन गरी जातीय हिंसा भड्काउने गतिविधि सञ्चालन गरेका छन्। १५ वर्षको राजनीतिक उतार-चढावले मधेशका नेतृत्वकर्तामा परिपक्वता आउनुको सट्टा संकीर्णता नै थपिदिएको कुराले मधेश निराश भएको छ। मधेश अगग्रमनको सट्टा पश्चगमनतिर अग्रसर भएको छ। यो नै राजनीति हो भनेर बुझ्नेले मधेशलाइ् उपलब्धि दिलाउन त के कुरा मधेशलाई साम्प्रदायिक दंगामा फँसाएर मधेशलाई रक्ताम्य बनाउने काम गर्छ। आफ्नै घर फुकेर आगो ताप्ने देखिएको मधेशी संस्कार हकअधिकार लिने परिपक्वता नपाएसम्म राज्यसत्ताको गुलाम नै रहने कुरा सत्य हो।

विविधतायुक्त मधेशी समाजले समग्र मधेशको आन्दोलन गरेर नेतृत्वकर्तालाई समग्र मधेश सुम्पेको थियो। यसमा जातको विभाजन नगरी मधेशीका सुपुत्रले बलिदान दिएका थिए। मधेशलाई ८ वटा जिल्लामा सीमित गर्दा पनि उपलब्धि ठान्ने व्यक्तिवादी चरित्रले अन्तत: मधेशलाई जातीय द्वन्द्वमा ल्याएर जाँक्ने काम गरेको छ। यसबाट नै आफ्नो उपलब्धि सुरक्षित पार्ने पार्टीहरुको दिवास्वप्न आगामी चुनावमा धाराशायी हुने निश्चित छ। कुपुत्रहरुका कारण मधेशले लज्जास्पद परिणाम भोगेको इतिहासमा सधैंका लागि अंकित रहनेछ।

janukjha24@gmail.com

विविधतायुक्त मधेशी समाजले समग्र मधेशको आन्दोलन गरेर नेतृत्वकर्तालाई समग्र मधेश सुम्पेको थियो। यसमा जातको विभाजन नगरी मधेशीका सुपुत्रले बलिदान दिएका थिए। मधेशलाई ८ वटा जिल्लामा सीमित गर्दा पनि उपलब्धि ठान्ने व्यक्तिवादी चरित्रले अन्तत: मधेशलाई जातीय द्वन्द्वमा ल्याएर जाँक्ने काम गरेको छ।

# मुख्यमन्त्री राउतमा राजनीतिक संस्कारको कमी



परमेश्वर साह

जुन बेला प्रदेश २ मा सरकार गठन भएको थियो त्यो बेला राजपा र समाजवादी पार्टीबीच गठबन्धन भएको थियो। गठबन्धनको आाधरमा हामीले आफ्नो संख्याको हिसावले दुवै पार्टीले मन्त्रालय बाँडफाँड गरेका थियौं। गत वर्ष दुईटै एकीकरण भएर हामी जसपाको सरकारमा परिणत भयौं। एउटै पार्टी भइसकेपछि हाम्रो उद्देश्य, मधेशी जनताप्रतिको जिम्मेवारी एउटै हुन गयो। त्यो हिसावले हामी अहिलेसम्म काम गर्दै आएका थियौं। केन्द्रमा जसपाभित्र विवाद चलिरहेको छ, तीव्ररुपमा एकअर्काप्रति आरोप-प्रत्यारोप चलिरहेको छ, अनुशासनको कारबाहीहरु अगाडि बढिरहेको छ। त्यसको असर यो प्रदेश २ मा पनि देखा पर्‍यो।

तत्कालीन समाजवादी पार्टी एकातर्फ छ भने तत्काली राजपा अर्कोतर्फ देखिएको छ। अहिलेसम्म हामी प्राविधिकरुपमा एउटै पार्टीको सरकार सञ्चालन गरिरहेका छौं भने मन्त्रीलाई हटाउनु मुख्यमन्त्रीको अधिकारको कुरा हो। तर जुन प्रक्रिया र तरिकाले मन्त्रीहरुलाई हटाइएको छ, त्यसले आफ्नै पार्टीका नेताको मानमर्दन भएको छ। यो निश्चितरुपमा दुर्भाग्यपूर्ण र दु:खदायी छ। किनभने यदि हामी एउटै पार्टीमा बस्नु छैन भने मुख्यमन्त्रीको यो कारबाही ठिक छ। तर अहिलेसम्म हामी एउटै पार्टीका छौं, यस्तो निर्णय गर्नु हुँदैनथ्यो।

यदि मन्त्रीबाट मुख्यमन्त्रीलाई कुनै समस्या भइरहेको थियो भने उहाँलो भन्न सक्नुहुन्थ्यो कि तपाइँ राजीनामा दिनुस्, सरकार चलाउन समस्या भइरहेको छ। त्यसो भनेको भए मन्त्रीले अवश्य पनि राजीनामा दिनुहुन्थ्यो। मन्त्रीहरुले भन्नुभएको पनि थियो कि कुनै समस्या हुन्छ भने भन्नुस् राजीनामा गर्छु। मुख्यमन्त्री लालबाबु राउतले बिना कुनै जानकारी राती बर्खास्त गर्नुभयो। यसबाट उहाँमा राजनीतिक संस्कारको कमी देख्यौं। त्यसैले यो दु:खद हो।

मुख्यमन्त्रीले जुन कदम चाल्नुभयो यसबाट प्रष्ट भएको छ कि अब राजपा र समाजवादी छुट्टाछुट्टै भयो। तत्कालीन राजपाबाट निर्वाचित भएका मन्त्रीहरुलाई उहाँले बिना कुनै जानकारी बर्खास्त गर्नुको अर्थ यो हुन्छ कि भन्नका लागि हामी जसपा छौं तर व्यवहार पूर्वसमाजवादी र पूर्वराजपाकै छ।

मुख्यमन्त्रीले चारजना मन्त्रीलाई बर्खास्त गर्दा कार्य सम्पादन सन्तोषजनक भएन भनेर आरोप लगाउनुभएको छ। उहाँले यो कुरा आफ्नो छातीमा हात राखेर जनता सामु बोल्न सक्नुहुन्न। को मन्त्री कस्ता थिए, मुख्यमन्त्रीको आफ्नै गतिविधि कस्तो छ यो कुरा जनताले बुझिसकेका छन्। हटाउनै पर्ने थियो भने जनतासामु केही कारण त देखाउनुपर्‍यो, आरोप त लगाउनुपर्‍यो। त्यो आरोप मात्रै हो, सत्यता छैन।

संसदीय दलको नेता पनि उहाँहरुले मनोमानी ढंगले चयन गर्नुभएको छ। केही दिन पहिला हामीले अनौपचारिक रुपमा पार्टीभित्र संसदीय दलको विधान बनाउनका लागि पाँच सदस्यीय एउटा विधान बनाइएको थियो। त्यो बेला हाम्रा मुख्यमन्त्रीले नै भन्नुभएको थियो कि विधान बनाउने अधिकार छैन, यसलाई मान्दैनौं भन्नुभयो। अहिले त्यहीं आधारमा संसदीय दलको नेता चयन गरेको भन्नुहुन्छ। जबकि हाम्रो पार्टीको विधानले के भन्छ भने संसदीय दलको विधानलाई पार्टीको हरेक समितिले स्वीकृत गरेको हुनुपर्छ। अहिले हाम्रो प्रदेश समिति पनि बनेको छैन।

# नागरिकताको विषयमा सर्वोच्चको आदेशले सरकार घेराबन्दीमा परेको छ



## ज्वाला कुमारी साह

### कृषि तथा पशुपन्छी विकासमन्त्री

**नागरिकता अध्यादेश जारी भएको थियो। हामीले राजनीतिक हिसाबले आफ्नो एजेन्डा अगाडि बढाइरहँदा अदालतले जुन किसिमको बाधा खडा गरिरहेको छ, यसले सरकारलाई नै असफल पार्न षड्यन्त्र भइरहेको जस्तो देखिन्छ। सबैतिरबाट सरकारलाई घेराबन्दीमा पारेर कसरी असफल पार्ने भन्ने मनसाय देखिएको छ। नागरिकता अध्यादेशसम्बन्धी अदालतको यस्तो निर्णयले हामी दुःखी छौं। यसबारे सरकार अब कसरी अगाडि बढ्ने भन्ने कुरामा छलफलमा नै छ। यो निर्णयले हाम्रो लागि समस्या उत्पन्न गरेकै हो।**

**० तपाइँ प्रदेश सांसदबाट निलम्वित हुनुहुन्थ्यो, अहिले सिधै केन्द्रीय सरकारको क्याबिनेट मन्त्री हुनुभयो। कस्तो अनुभूति भइरहेको छ ?**

– मैले सुरुदेखि पदभन्दा पनि मेरो लागि देश र जनता ठूलो हो भन्ने हिसावले अभियानमा लागेकी हुँ। त्यो अभियानको क्रममा नेकपा विभिन्न कारणवश पूर्ववत् अवस्थामा फर्कियो। तर मैले पहिलो अध्यक्ष केपी शर्मा ओलीजी नै हो भनेर उहाँसँगै अभियानमा लाग्ने निर्णय गरें। मेरो लागि पद महान होइन, देश र जनतालाई कसरी बचाउने भन्ने कुरालाई नै केन्द्रमा राखें। सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले जसरी हाम्रो क्षमता र योग्यतालाई मूल्यांकन गरेर मलाई सरकारमा सामेल गर्नुभएको छ, म गर्व गरेको छु। म उहाँलाई विशेषगरी धन्यवाद पनि दिन चाहन्छु कि जुन किसिमको जिम्मेवारी दिनुभएको छ, यसप्रति म धेरै खुशी छु र आफ्नो जिम्मेवारी इमान्दारीका साथ पूरा गर्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।

**० अप्ठ्यारो समयमा प्रधानमन्त्रीलाई साथ दिनेहरुलाई उहाँले प्रोमोशन गरेको देखिन्छ। भनेपछि तपाईँलाई पनि केही आश्वासन दिनुभएको थियो ?**

– मलाई कुनै किसिमको आश्वासन दिनुभएको थिएन। उहाँसँग मेरो खासै चिनजान पनि थिएन। तर म उहाँको विचार, देशप्रतिको अडान, पार्टीप्रतिको जिम्मेवारी र हरेक कुरामा खुलेर निर्णय गर्ने कुराबाट म प्रभावित भएँ। उहाँले अहिलेसम्म कुनै पनि व्यक्तिलाई आश्वासन दिने, प्रलोभन देखाउने लगायतको काम गर्नु हुन्न। उहाँलाई मैले नेपालको एउटा श्रेष्ठ नेताको रुपमा हेरेको छु। किनभने उहाँले काम गर्ने क्षमतावान व्यक्तिहरुलाई अवसर प्रदान गर्दै आउनुभएको छ। उहाँ नातावाद, कृपावाद र द्रव्यवादलाई बिल्कुलै स्थान दिनुभएको छैन। मलाई पनि उहाँले कुनै किसिमको आश्वासन दिनुभएको थिएन र मैले त्यस्तो इच्छा पनि जाहेर गरेकी थिइनँ। मलाई मन्त्री बनाउने कुरा केहीबेर अगाडि मात्रै थाहा पाएको थिएँ। शपथ ग्रहणभन्दा एकछिन मात्रै अगाडि मैले थाहा पाएँ। नेकपा एमालेको प्रदेश २ को अध्यक्षमा पनि मलाई चयन पनि अचानक नै थाहा पाइयो।

**० तर, उहाँको चौतर्फी विरोध भइरहेको छ, प्रदेशहरुमा पनि विपक्षीहरु गठबन्धन बनाइरहेका छन् नि ?**

– राम्रो काम गर्नेहरुलाई कतिपयले पचाउन सकिरहेको हुँदैन। जो राम्रो काम गर्छ उसको कुराहरु पनि उतिकै हुन्छन्। हाम्रो समाजमा खुट्टा तान्ने प्रवृत्ति हावी भएको छ। आफू पदमा हुँदा केही गर्न नसक्ने तर अरु कसैले राम्रो काम गरिरहेको देख्दा विरोधका लागि मात्र विरोध गर्नेहरु धेरै छन्। केही नेताहरुमा व्यक्तिगत स्वार्थ हावी हुँदै गयो। यस्ता प्रवृत्ति र पात्रहरुलाई जनताले राम्ररी हेरिरहेका छन्। देश र जनताको समृद्धि तथा विकासको अभियानलाई सबैले साथ दिइरहेका छन्। राम्रो काम गर्नेलाई पुरस्कृत गर्नुपर्छ भने नराम्रो काम गर्नेलाई दण्डित गर्नुपर्छ। सम्माननीय प्रधानमन्त्री ओली विरामी हुँदा पनि उहाँमा जुन किसिमको देशभक्ति देखियो, त्यसलाई जनताले हेरेका छन्। उहाँले एक थोपा रगत रहुञ्जेलसम्म देशका लागि काम गरिरहने हिम्मत देखाउनुभएको छ। उहाँको यस्तो अडानमा सहयोगी भूमिका खेल्नुपर्ने बेलामा विपक्षीहरुले घेराबन्दी गर्न खोजेका छन्।

**० प्रधानमन्त्री ओली आफ्नो सत्ता जोगाउन जस्तोसुकै निर्णयहरु गर्दै आउनुभएको छ। जसपालाई सरकारमा ल्याउन नागरिकता अध्यादेश ल्याइयो तर त्यसमा सर्वोच्च अदालतले रोक लगायो नि ?**

– जसपालाई सरकारलाई सहभागी गराउनु हुँदैन भन्ने कुरा छैन। आवश्यकता परेको बेला जुनसुकै दल सरकारमा सहभागी हुन सक्छन्। जस्तो परिस्थिति आउँछ त्यस अनुसारको निर्णय गर्नुपर्छ। निषेधको राजनीति गर्नु हुँदैन। जसपा सरकारमा जाँदैमा के-के नभयो जस्तो केही व्यक्तिहरुले ठानेका छन्। नकारात्मक सोच राख्नु हुँदैन। गलत व्यक्तिहरुले त्यस्तो मानसिकता राखेका छन्। प्रधानमन्त्री ओलीको बारेमा आममधेशी जनतामा जुन किसिमको एउटा नकारात्मक प्रचार गरिएको थियो त्यो अहिले हटिसेकेको छ। मधेशका जनताले पनि प्रधानमन्त्री ओलीजीलाई मन पराइरहेको अवस्था छ।

**० नागरिकता अध्यादेश जारी हुँदा जसपालाई सरकारमा सहभागी हुन सहज भएको थियो तर अहिले सर्वोच्चको रोकावटले प्रश्न उठ्दैन ?**

– जसपा भनेको मुद्दाका लागि आन्दोलन गर्दै एउटा राजनीतिक शक्तिको रुपमा स्थापित भएको पार्टी हो। जसपाले सुरुदेखि नै भन्दै आएको थियो कि मागहरु सम्बोधन हुन थालेपछि सरकारमा पनि सहभागी हुन्छौं। त्यसैले जसपाका धेरै मागहरु प्रधानमन्त्री ओलीले सम्बोधन गर्नुभयो र कतिपय मुद्दाहरु सम्बोधनको क्रममा छ। सोही क्रममा नागरिकता अध्यादेश जारी भएको थियो। हामीले राजनीतिक हिसाबले आफ्नो एजेन्डा अगाडि बढाइरहँदा अदालतले जुन किसिमको बाधा खडा गरिरहेको छ, यसले सरकारलाई नै असफल पार्न षड्यन्त्र भइरहेको जस्तो देखिन्छ। सबैतिरबाट सरकारलाई घेराबन्दीमा पारेर कसरी असफल पार्ने भन्ने मनसाय देखिएको छ। नागरिकता अध्यादेशसम्बन्धी अदालतको यस्तो निर्णयले हामी दुःखी छौं। यसबारे सरकार अब कसरी अगाडि बढ्ने भन्ने कुरामा छलफलमा नै छ। यो निर्णयले हाम्रो लागि समस्या उत्पन्न गरेकै हो।

**० संसद विघटनको विरुद्धमा पनि मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। यदि फेरि संसद पुनर्स्थापना भयो भने तपाइँको अवस्था के हुनेछ ?**

– म मन्त्रीकै लागि वा कुनै पदकै लागि राजनीति गर्ने मान्छे होइन। मन्त्री पत्र पाउने बित्तिकै अमर भइन्छ भन्ने सोच मैले राखेको पनि छैन। मलाई प्रधानमन्त्रीजीले जुन अवसर प्रदान गर्नुभएको छ, यो मेरो सधैंका लागि हो भन्ने पनि सोच राखेकी छैन। उहाँलाई आवश्यकता महसुस गरेर मलाई जिम्मेवारी दिनुभएको छ। भोलीको दिनमा कस्तो परिस्थिति बन्छ, त्यसपछि सोच्ने दिन आउँछ। अहिले नै त्यो परिस्थिति आइसकेको छैन। भोलीको परिस्थिति के हुन्छ त्यो अनुसार हामीले निर्णय गर्नेछौं। सम्माननीय प्रधानमन्त्रीजी देश र जनताका लागि जुन कामहरु गरिरहनुभएको छ, त्यसलाई हामीले जुनसुकै परिस्थितिमा साथ दिन्छौं। तर मलाई जुन जिम्मेवारी दिइएको छ, त्यसलाई पूर्ण निष्ठा र इमान्दारीका साथ देश र जनताको पक्ष काम गर्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छु।

**० तपाइँले एकदमै महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ। नेपालको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई उकास्ने तपाइँको रोडम्याप के हो ?**

– विशेषगरी नेपाल कृषि प्रधान देश हो र झण्डै ८० प्रतिशत नेपाली जनता कृषिमा आधारित छन्। कृषि क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने हाम्रो महत्वपूर्ण दायित्व हो। किसान हाम्रा अन्नदाता पनि हुन्। अन्नदाता बिना हामी बाँच्न पनि सक्दैनौं। कृषि क्षेत्रमा देखिएका समस्याहरु मलखाद्यको अभाव, कृषि औजार, सिंचाइ लगायत धेरै समस्याहरु छन्। यी समस्याहरु कसरी समाधान गर्ने विषयमा मेरो विशेष जोड हुनेछ। सम्माननीय प्रधानमन्त्री ओलीजीले कृषकहरुको आवश्यकतालाई राम्रोसँग पहिचान गर्नुभएको छ। किसानको दुःख, पीडा र समस्या हटाउन हामी हरपल तत्पर हुन्छौं। किसानले उत्पादन गरेको वस्तु उचित बजार पाओस् र उचित मूल्य पाओस् भन्ने हाम्रो सक्दो प्रयास हुनेछ। किसानले खेतमा मल हाल्छन् तर माटोअनुसारको कुन मल हाल्ने भन्ने कुरालाई हामी विशेष ध्यान दिनेछु। मैले जिम्मेवारी पाउने बित्तिकै मन्त्रालयमा यसबारे ब्रिफिङ्ग पनि गरेको थिएँ। माटोको परीक्षण गरी कार्डको पनि व्यवस्था गर्दै जाने व्यवस्था भइदिएको भए किसानहरुको हक राम्रो हुन्थ्यो। विभिन्न कारणवश किसानले उब्जाएको अन्नबाली नष्ट हुने गरेको हुन्छ, जसकारण किसान पीडामा पर्ने गरेको हुन्छ। त्यसलाई मध्यनजर गरी बाली बीमा पनि ल्याउने पनि मेरो योजना छ। अर्को कुरा किसानहरुले विभिन्न खाद्य तथा अन्नबालीहरु उब्जनी गर्छन् तर उचित बजार व्यवस्थापन नहुँदा मूल्या पाइरहेको हुँदैन। जसले गर्दा आम किसान समस्यामा परिरहेको हुन्छ। त्यसका लागि पनि हामीले राष्ट्रिय कृषि बजार योजना ल्याउन सक्यौं भने किसानलाई धेरै हदसम्म राहत हुन्छ। प्रविधिको धेरै विकास भइसकेको छ, किसानहरुको हकमा पनि अनलाइन मार्केटिङ्ग गर्ने व्यवस्था ल्याउनुपर्छ। त्यो भयो भने किसानले सहजै आफूले उत्पादन गरेको तरकारी, फलफूल, माछा, मासु लगायतका सामानहरु बिक्री गर्न पाउँछन्। कृषि क्षेत्रको सम्पूर्ण जानकारी डिजिटल माध्यममा ल्याउनु सकियो भने किसानको समस्यालाई सम्बोधन गर्न सजिलो हुन्छ। त्यसबारे पनि हामीले गहन छलफल गरेर नीतिगत तरिकाले ल्याउनुपर्छ। यसमा मेरो विशेष जोड छ। म एउटा किसानकै छोरी भएकोले मलाई किसानको पीडा र समस्या थाहा छ। तसर्थ किसानका समस्याहरु कसरी सम्बोधन गराउने विषयमा पनि मेरो विशेष पहलकदमी हुनेछ।

**० कृषि क्षेत्रमा सबभन्दा प्रमुख समस्याको रुपमा मलखाद्य र सिंचाइको समस्या देखिएका छन्, यसलाई कसरी समाधान गर्नुहुन्छ ?**

– मलखाद्यको सन्दर्भमा म अहिले मन्त्रालयमा बुझ्नेछु। म भर्खर यो मन्त्रालय सम्हालेकोले सबै कुरा थाहा छैन। अहिले हामीसँग कति मलखाद्य उपलब्ध छ र कति वितरण भएको छ, यसको विवरण लिनेछु। वास्तवमा नेपालमा मलखाद्य र सिंचाइको ठूलो समस्या नै छ। पद्मा अर्यालजी मन्त्री हुँदा उहाँले कतिपय कुराहरु उहाँले नीतिगतरुपमा नै अगाडि बढाइसक्नुभएको छ। तर कतिपय कुराहरु अझ पनि अल्झिरहेको अवस्था छ। ती विषयहरु कसरी अगाडि बढाउने त्यसमा मेरो प्रयत्न हुनेछ। मेरो पहल अर्गानिक खेतीतर्फ पनि हुन्छ। किनभने विगतमा मलखाद्यभन्दा पनि गोबर मलको प्रयोगबाट पनि राम्रो उब्जनी हुन्थ्यो। तर आजभोली विषादीयुक्त मलको प्रयोग हुन्छ, जसले गर्दा मानवजीवनमा धेरै नकारात्मक असर पनि परिरहेको छ र महँगो पनि हुन्छ। त्यसले गर्दा हामीले यस कुरालाई पनि मध्यनजर गरेर ठाउँ-ठाउँमा आर्गेनिक मलको लागि छुट्टै उद्योगको स्थापना गर्न जरुरी छ। सातै प्रदेशमा कमसेकम एउटा पनि अर्गानिक मलको उद्योग स्थापना गर्न सकियो भने किसानलाई धेरै सहज हुनेछ। यो मेरो योजना पनि रहेको छ। यो योजनालाई अगाडि बढाउन मैले विभिन्न क्षेत्रका विज्ञहरुसँग पनि छलफल र सल्लाह गर्नेछु। सिंचाइको धेरै समस्या समाधान भइसकेको छ तर मुख्य समस्या मलखाद्यको नै हो।

**० प्रदेश सरकारहरुले पनि आफ्नो नीति तथा कार्यक्रमहरु ल्याइरहेका छन्। प्रदेश २ को सरकारले पनि आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेश २ को सरकारले कृषिलाई बढी प्राथमिकता दिएको देखिन्छ। तर कार्यान्वयन पक्ष फितलो हुन्छ। यस सन्दर्भमा प्रदेश र संघीय सरकारबीच कस्तो सहकार्य हुनेछ ?**

– संघीय सरकारले प्रदेश सरकारसँग समन्वय गरेर नै आफ्नो कामहरु अगाडि बढाउँछ। प्रदेश सरकारहरुले अहिले त आफ्नो नीति तथा कार्यक्रमहरु सार्वजनिक गर्ने क्रममा नै छ। म पनि यो मन्त्रालयमा अहिले नयाँ छु। सबै प्रदेशहरुको नीति तथा कार्यक्रमलाई अध्ययन गरी कसरी कृषि क्षेत्रमा राम्रो गर्न सकिन्छ, त्यस सन्दर्भमा सबै प्रदेशसँग सहकार्य र समन्वय हुन्छ। खासगरी प्रदेश २ मा कृषिको धेरै सम्भावना रहेको छ। प्रदेश २ को सरकारले आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेशको नीति तथा कार्यक्रमलाई अध्ययन गरी कृषि क्षेत्रलाई कसरी उकास्न सकिन्छ भन्ने विषयमा प्रदेश र स्थानीय सरकारसँग पनि समन्वय गरी कार्यहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

**० जुन मन्त्री आएपनि आश्वासनहरु राम्रा-राम्रा दिन्छन्। तर तपाइँको कार्यकालमा जनताले के नयाँ हेर्न पाउँछन् ?**

– मैले जति पनि प्रतिबद्धताहरु गरेको छु, ती कुराहरुलाई कार्यान्वयनका लागि नीतिगतरुपमा नै तीव्रगतिमा कार्यहरु गर्नेछु। म जति दिन यो मन्त्रालयको जिम्मेवारीमा हुन्छु, हरेक दिन केही न केही नीतिगतरुपमा योजना र कार्यक्रमहरु ल्याउनेछु। त्यसलाई कार्यान्वयनका लागि पनि प्रगतिहरु हेर्न पाउनुहुनेछ। आमकिसानहरुको समस्याहरु मलखाद्य, सिंचाइ, बजारीकरण, बाली बीमा लगायतका विषयहरुलाई छिट्टोभन्दा छिट्टो नीतिगतरुपमा अगाडि बढाउनका लागि जोड दिनेछु। किसानहरुसँगै रहेर काम गर्न म प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।

# प्रदेश २ को नीति तथा कार्यक्रमको पूर्णपाठ

मानननीय सभामुख,
माननीय सदस्यहरु,

१. कोभिड-१९ को पहिलो र दोस्रो लहरले मानव जीवन र अर्थतन्त्रमा परेको विषम प्रभावको यस कठिन परिस्थितिमा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु परको छ।

२. जनआन्दोलन, सशस्त्र जनयुब, मधेश जनविद्रोह र मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनहरुबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनामा आफ्नो ज्यान न्यौछावर गर्नु भएका सम्पूर्ण बीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

३. कोभिड-१९ को महामारीको कारण आर्थिक वर्ष २०७६/२०७७ देखि नेपाल लगायत विधमा नै आर्थिक गतिविधिमा हास आएको छ। यस महामारीबाट लाखौ मानिसहरुले ज्यान गुमाएका छन् भने करोडौ मानिसहरु संक्रमित भएका छन्। कैयौ व्यक्तिहरुले रोजगारी गुमाएका छन् र उद्योग व्यवसाय नियमित संचालन गर्न सकिएको छैन्। यस परिस्थितिमा विकासका गतिविधिहरु भन्दा मानवीय स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखिएको छ।

४. यस महामारीबाट स्वदेश तथा बिदेशमा ज्यान गुमाएका नेपाली नागरिक र विदेशी नागरिकहरु प्रति श्रद्धाजली व्यक्त गर्दछु। साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

५. यस संकटको घडीमा आफ्नो ज्यानको जोखिमलाई परवाह नगरी मानवीय सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, सफाइकमी, एम्बुलेन्स चालक लगायत यस क्षेत्रमा अहोरात्र सेवारत सम्पूर्ण राष्ट्रसेवक, जनप्रतिनिधि एवं सामाजिक संघ संस्थाहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

६. प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालिन क्षेत्रात नीतिहरु र दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु, कोभिर-१९ ले पारेका प्रभाव न्युनीकरण, प्रदेश सरकारको प्रथम पचवर्षिय योजना, मध्यमकालीन सर्च संरचना, चाल आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत प्रादेशिक प्राथमिकताहरु तय गर्दै सो हासिल गर्न अग्रसर रहेको छ।

७. यो नीति तथा कार्यक्रममा कोभिर-१९ महामारीले यस प्रदेशको आर्थिक गतिविधीमा ल्याएको हास र जोखिमहरु न्यूनिकरण गर्न, प्रभावित जनतालाई राहत प्रदान गर्न तथा माहामारी र सो का कारण प्रदेश भरी लगाइएको पूर्ण तथा आशिक बन्दाबन्दीले सृजना गरेका समस्याहरुलाई सम्बोधन गरी अर्थतन्त्रलाई पुनसुदृढीकरण गर्न आगामी वर्ष अवलम्बन गरिने रणनीतिहरु तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु।

माननीय सदस्यहरु,

८. कोभिर-१९ महामारीले सृजित जनस्वास्थ्यसँग सम्बन्धित जोखिम कम गर्न स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गरी आवश्यकतानुसार गुणस्तरयुक्त क्वारान्टाईन केन्द्रहरु र आईसोलेशन केन्द्रहरु स्थापनाको साथै जनकपुरधामको मुजेलियास्थित मणिपाल शिक्षण अस्पतालमा कोभिर अस्पताल तथा आइसोलेशन केन्द्र निर्माण कार्यलाई तिव्रता दिइएको छ। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा प्रदेशिक अस्पताल जनकपुरधाम लगायत अन्य जिल्ला अस्पतालहरुमा भेन्टिलेटरको सुविधा सहितको उपचारको व्यवस्था गरिएको छ। अस्पतालहरुमा अक्सिजनको अभाव हुन नदिने व्यवस्था मिलाइएको छ। कोभिर-१९ दोस्रो लहरलाई मध्यनजर राख्दै अस्पतालहरुमा आवश्यक संख्यामा स्वास्थ्यकर्मीको दरबन्दी थप गरिएको छ। जोखिममा रहेका व्यक्तिहरुको पहिचान, पी.सी.आर. तथा एन्टिजेन विधिबाट परीक्षण र रोग संक्रमित व्यक्तिको उपचार कार्यमा प्रदेश सरकारले सबै खालको सहयोग पुऱ्याइरहेको छ।

९. कोभिड-१९ महामारी नियन्त्रण र उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीहरु, अस्पताल संरचनाहरु तथा उपकरणहरुको यथासमय खरिद, निर्माण र सर्वसुलभ उपलब्धतामा जोड दिइरहेको छ र सो कार्यलाई थप निरन्तरता दिइनेछ। कोरोना मावको उपचार गर्ने अस्पतालहरु चटयाउने, अरु अस्पतालमा कोरोना बेड चट्याउने, बरो क्लिनिकहरु चुटपाउने, आईसीपु बेडहरु थप्ने, रेस्पिरेटर र भेन्टिलेटरहरु पुग्दो मावामा उपलब्ध गर्ने र स्वास्थ्य संकट टान तात्कालिक उपचार केन्द्र अस्पतालहरु निर्माण गर्ने तथा आवश्यक थप जनशक्तिको व्यवस्थापन गर्ने कामलाई निरन्तरता दिई प्रदेशवासीलाई गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकार संवेदनशील रहनेछ। संक्रमण यती देखिएका गाँउ, टोल बस्ती तथा शहरहरुमा शतप्रतिशत पी.सी.आर तथा एन्टिजन परीक्षण बनाइनेछ।

१०. कोभितको प्रभावलाई न्यूनिकरण गर्न संघ र स्थानीय सरकारसंग समन्वय गरी प्रदेशमा कोभिर विरुद्धको खोपको व्यवस्थापन गरी सबै प्रदेशबासीलाई खोपको सुविधा उपलब्ध गराइनेछ। यस्तै प्रकोप तथा महामारीबाट हुने मृत्युदर कम गर्न सुविधायुक्त प्रदेश स्वास्थ्य आपतकालीन केन्द्र स्थापना गरी संचालन गरिनेछ।

११. प्रदेशका ८ बटै जिल्ला नै छिमेकी देश भारत संग खुला सीमा भएको र रोजगारी लगायत विभिन्न कामको सिलसिलामा भारतसँगको आवत जावत नियमित र निरन्तर हुने हुनाले कोभिर जस्ता भाइरसयुक्त सरुवारोग नियन्त्रणका लागि आवश्यकतानुसार संघीय सरकार तथा स्थानीय तहको समन्वयमा Boarder Health Service लाई सुद्धिकरण गर्नका लागि प्रदेश २ का प्रमुख अन्तर्राष्ट्रिय सीमा नाकाहरुमा Health Desk स्थापना गरी स्वास्थ्यकर्मी मार्फत नियमित रुपमा स्वास्थ्य जाँच सेवा तथा निगरानी बनाइनेछ।

१२. कोरोना प्रभावितको उपचारमा प्रत्यक्ष संलग्न तथा सो सँग सम्बन्धित जिम्मेवारीमा रहेका सबै कर्मचारीहरुका लागि स्वास्थ्य बीमा सुविधा लगायतका उत्प्रेरणात्मक कार्यक्रमहरु ल्याइनेछ। यस कार्यमा तत्काल सैबामा जुट्न सक्ने दक्ष जनशक्ति र स्वयंसेवकहरुको आपूर्ति निजी र गैरसरकारी क्षेत्रहरुबाट समेत गरिनेछ। कोरोना नियन्त्रण र उपचारका लागि सार्वजनिक निजी साझेदारीको नीति अबलम्बन गरिनेछ।

१३. नियमित खोप सेवा सजगला अपनाई सुचारु गरिने छ। पूर्ण सुरक्षित मातृत्व प्रदेशको अवधारणा अनुरुप स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र। अस्पतालहरुमा क्रमश: सुविधा सम्पन्न बर्थिङ सेन्टर निर्माण तथा विस्तार गरिनेछ। घरमा गई विशेष स्वास्थ्य ब्लतभलबतर्बा ऋबचभ, एयकतलबतर्बा ऋबचभ आदि सेवा दिन कार्यक्रम संचालन गरिने छ। संघ तथा स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा पूर्ण सुरक्षित मातृत्व प्रदेश र पूर्ण खोपयुक्त प्रदेश घोषणा गर्ने गरी अभियान कै रुपमा सधन कार्यक्रमहरु संचालन गरिनेछ।

१४. शल्यक्रिया सुविधा सहितको घुम्ती विशिष्टकृत स्वास्थ्य र स्याव सेवा शिबिर नियमित रुपमा संचालन गरिनेछ। महामारी तथा आकस्मिक रोगहरुको उपचारका लागि प्रादेशिक तथा जिल्ला अस्पतालहरुमा विशेष व्यवस्था मिलाइनेछ।

१५. प्रदेश गौरवको आयोजनाको रुपमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भैसकेकेछ। प्रतिष्ठानलाई स्वास्थ्य क्षेत्रको विशिष्ट अध्ययन अनुसन्धान गर्ने क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ र प्रतिष्ठानमा आगामी आर्थिक वर्ष भित्र अध्ययन अध्यापन कार्यको शुरुवात गरिनेछ। साथै प्रादेशिक अस्पताल जनकपुरधामलाई ५०० शैय्या सहितको अत्याधुनिक विशिष्टीकृत अस्पतालमा स्तरोन्नति गरी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

१६. प्रदेशको पूर्व पश्चिम राजमार्ग अन्तर्गत बाराको पथलैया तथा सप्तरीको रुपनीमा ट्रमा अस्पताल बनाई संचालनमा ल्याइनेछ।

१७. अस्पतालहरुमा न्युनतम संवा मापदण्ड समेतका आधारमा कार्य सम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागु गरी गुणस्तरीय सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ।

१८. प्रादेशिक अस्पतालमा क्यान्सर रोगको उपचारका लागि क्यान्सर विभागको स्थापना गरी संचालनमा ल्याइनेछ। क्यान्सर, मगौला डायलोसिस लगायतका नसर्ने प्राणघातक रोगहरु (Non Communicable Diseases) बाट पीडित बिरामीहरुका लागि विशेष सहायता प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ।

१९. दलित सशक्तिकरण ऐनले व्यवस्था गरेको प्रदेश भित्रका दलित लगायत सीमान्तकृत तथा विपन्न परिवारहरुको नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ।

२०. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, होमियोप्याधिक तथा अन्य परम्परागत उपचार पद्धतिको अध्ययन अनुसन्धान तथा विकास गरिनेछ। यसका लागि प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सा अनुसन्धान केन्द्र स्थापना गरिनेछ। आयुर्वेद अस्पतालको सेवालाई प्रभावकारी र गुणस्तरीय बनाइनेछ। स्थानीय तहमा क्रमश: स्वास्थ्य तथा नागरिक आरोग्य केन्द्र स्थापना तथा नियमित संचालन गर्ने व्यवस्था मिलाइनेछ।

२१. कुपोषणबाट ग्रसित महिला तथा बालबालिकाहरुको लागि बहुक्षेविष पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित, पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम तथा प्रदर्शनीहरु संचालन गरी पौष्टिक खानेकुरा खानेपानीको विकास गरी प्रदेशलाई कुपोषणमुक्त प्रदेश बनाउने अभियानलाई निरन्तरता दिइनेछ। कपोषणबाट ग्रसित बालबालिकाहरुको उपचारको लागि प्रत्येक जिल्लाको जिल्ला अस्पतालहरुमा पोषण पुनस्थापना गृह संचालनमा ल्याइनेछ।

२२. गुणस्तरीय स्वास्थ्य सेवा तथा दक्ष जनशक्तिको लागि तालिमका विशेष कार्यक्रमहरु

२३. गुणस्तरीय प्रयोगशाला सेवाको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक भवन, उपकरण सहित आटै जिल्लाका प्रयोगशालाहरुको सुतिकरण गरिनेछ।

२४. प्रदेशको समग्र स्वास्थ्य क्षेत्रमा सुधारको लागि प्रदेश स्वास्थ्य नीति ल्याइनेछ। सुर्तीजन्य पदार्थ, मादक पदार्थ सेवन तथा लागू औषध न्यूनिकरण गर्न विशेष नीति ल्याई कार्यान्वयनमा ल्याइनेछ। स्वास्थ्य क्षेत्रमा सुशासन र पारदर्शिता कायम गर्न अस्पताल सेवा लगायतका कार्यहरुको विवरणलाई विद्युतीय अभिलेख र प्रतिवेदन गर्ने कार्यको थालनी गरिनेछ।

२५. स्वास्थ्य सामग्रीको पहुँच तथा उपलब्धताको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई अत्याधुनिक भवन सहितको समग्रीका लागि विशेष कार्यक्रम ल्याइनेच। प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा भएका उपकरणहरु मर्मत तथा सम्भार कार्यका लागि Bio–Medical Engineering प्रयोगशाला स्थापना गरिनेछ।

२६. गुणस्तरीय स्वास्थ्य सेवाको लागि जलेधर, लहान, भारदह, पोखरिया र उमरिया अस्पताललाई स्तरोन्नति गरिनेछ। धनुषा नगराईनको शहिद दुर्गानन्द झा अस्पताल निर्माणलाई निरन्तरता दिदै ५० शैया सहितको बाल अस्पतालको रुपमा विकास गरिनेछ। यसका साथै बारा जिल्लाको सिम्रौनगढमा पचास शैयाको अस्पतालको स्थापना गरिनेछ।

२७. प्रदेशको शैक्षिक मार्गदर्शनको रुपमा प्रदेश शिक्षा नीति तय गरिनेछ र प्रादेशिक शिक्षा गुरुयोजना निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ। सार्वजनिक विद्यालयमा गुणस्तर सुधारका लागि सूचकमा आधारित गुणस्तर मापन गर्ने कार्यको थालनी गरिनेच। प्रत्येक जिल्लामा स्रोत साधन सम्पन्न प्रविधिमैत्री दक्ष जनशक्ति युक्त एक/एक वटा नमूना विद्यालयहरु स्थापना गरिनेछ। नमूना विद्यालय संचालनका लागि विभिन्न प्रतिष्ठित विद्यालयहरुसंग अनुभव आदान प्रदान कार्यक्रम संचालन गरी आर्जन हुने जानलाई नमूना विद्यालयहरुमा लागु गरिनेछ।

२८. विद्यालयहरुलाई पूर्वाधारमैत्री विद्यालय बनाउन बालमैत्री कक्षा कोठा, चाचा शौचालय, खेलमैदान र इन्टरनेट सुविधा सहितको पुस्तकालय स्थापनालाई निरन्तरता दिइनेछ। प्रत्येक जिल्लामा एक/एक वटा नमूना पुस्तकालयहरु निर्माण तथा विस्तार गरिनेछ। प्रदेश स्थित संस्कृत विद्यालयहरुलाई सुदृढीकरण गर्न विशेष सहयोगको कार्यक्रम ल्याइनेछ। प्रदेश प्रमुख नैतिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. स्थानीय तहहरुमा सञ्चालित नमूना बालबिकास श्रोत केन्द्रहरुलाई विज्ञ समूह सम्मिलित नमूना वालविकास स्रोत केन्द्रको रुपमा विस्तार गरिनछ। साथै मातृभाषामा नेपाल परिचय अध्ययन अध्यापन गराइनेछ।

३०. व्यवहारमुखी र प्रविधिमुखी शिक्षा विकासको लागि प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा एक प्राविधिक विद्यालयको स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ। वीरगंजमा विज्ञान तथा प्रविधि विधविद्यालय, सप्तरीमा कृषि विश्वविद्यालय, धनुषा जिल्ला लाई सम्भावित शैक्षिक हबको रुपमा बिकास गर्नकालागि विस्तृत अध्ययन गरी आवश्यक कार्यको थालनी गरिनेछ। प्राविधिक शिक्षालाई निजी क्षेत्रको सहयोग र समन्वयमा रोजगारीसंग जोडिनेछ।

३१. फरक क्षमता भएका बालबालिका सम्बन्धी प्रादेशिक नीति तय गरिनेछ। फरक क्षमता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चितताको लागि छात्रावास र आवश्यक थेरापी सुविधा सहितका विशेष विद्यालयहरु निर्माण तथा विस्तार गरिनेछ।

३२. विद्यालय नर्स सहयोग कार्यक्रमलाई थप विद्यालयमा समेत विस्तार गर्ने गरी निरन्तरता दिइनेछ।

३३. उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाति, दलित, मुस्लिम, छात्रा तथा मधेश आन्दोलनका शहिद परिवार, घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ।

३४. सामुदायिक पुस्तकालयहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रमलाई निरन्तरता दिइनेछ। जनकपुरधाममा प्रादेशिक स्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिनेछ। प्रदेशमा रहेका ऐतिहासिक पुस्तकालयहरुको स्तरोन्नती गरिनेछ।

३५. कोभिड-१९ को कारणले रोजगारी गुमाएका युवाहरुका लागि "मुख्यमन्त्री युवा स्वरोजगार तथा उद्यम विकास" कार्यक्रम सञ्चालन गरिनेछ।

३६. रोजगारी सिर्जना गर्न सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकूल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गरिनेछ।

३७. विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, व्यवसाय तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउन स्थानीय तहसंग समन्वय, सहकार्य र लागत साझेदारीमा युवा तथा महिला लक्षित छोटो तथा लामो अवधिको सीप विकास तालिम कार्यक्रमहरु संचालन गरिनेछ र युवा लक्षित सीप विकास तथा व्यवसायिक तालिमहरुलाई निरन्तरता दिइनेछ। वीरगंज, जनकपुरधाम, र राजविराजमा सिप विकास केन्द्र खोल्ने कामलाई अगाडि बढाइनेछ।

३८. रोजगार सूचना केन्द्रलाई व्यवस्थित तुल्याई सुरक्षित आप्रवासनका लागि विशेष प्याकेजका कार्यक्रम ल्याइनेछ।

३९. प्रदेशमा खेलकूदको विकासका लागि संघीय सरकारको समन्वय र सहकार्यमा आवश्यक संरचनागत व्यवस्था गरिनेछ।



४०. प्रदेशमा खेलकूद गतिविधि बढाउन र प्रतिभावान खेलाडी छनौट गरी सबै खेलविधाको खेल टोली निर्माण गर्न मुख्यमन्त्री रनिङ्ग शिल्ड संचालन गरिनेछ। राष्ट्रिय खेलहरु तथा प्रदेश नं. २ का लोकप्रिय तथा लोपोन्मुख खेलहरुलाई प्राथमिकता दिई खेलकूदको विकासका कार्यक्रमहरु संचालन गरिनुका साथै कवर्डहल तथा रङ्गशालाहरुको स्तरोन्नति गरिनेछ।

४१. प्रदेश भित्रका युवा शक्तिहरुको क्षमता र योग्यताको कदर स्वरुप प्रदेश युवा नीति तर्जुमा गरिनेछ।

४२. जेष्ठ नागरिकको सुरक्षा सम्मान र स्वास्थ्य परीक्षणको लागि विशेष सहयोगको कार्यक्रम ल्याइनेछ र मनोरन्जनको लागि दिवासेवा केन्द्रहरु सञ्चालन गरिनेछ। अनाथालय, बालमन्दिर र बृद्धाश्रमलाई संयुक्त रुपमा सञ्चालन गर्ने नीति लिइनेछ।

४३. कोभिड-१९ बाट प्रभावित सबैलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

४४. प्रदेशको वालवालिका सम्बन्धी ऐन, २०७६ लाई प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ र स्थानीय तहसँगको सहकार्यमा वालश्रम मुक्त तथा सडक वालवालिका मुक्त प्रदेश बनाउने अभियान संचालन गरिनेछ।

४५. महिला सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरुलाई विकासको मूल प्रवाहीकरणमा ल्याइनेछ। महिला सशक्तिकरणको लागि सारभूत लैङ्गिक नीति तय गरिनेछ। हिंसामा परेका महिलाको तत्कालिन सुरक्षाको लागि प्रदेशभित्र सेफ हाउसको निर्माण गरी संचालन गरिनेछ।

४६. प्रदेश भित्र रहेका विपन्न दलितहरुलाई लक्षित गरी दलित छात्रवृत्ति र रासन कार्ड योजना कार्यान्वयनमा ल्याइनेछ। साथै प्रदेशका डोम, हलखोर, मेस्तर र मुसहर जातिका परिवारलाई जीविकोपार्जनका लागि विशेष प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ।

४७. मधेश र मधेशी केन्द्रित पहिचान र सम्मान वृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ। विभिन्न जातीय तथा सामुदायिक पहिचानलाई संरक्षण गर्न "प्रदेश भाषा, कला तथा संस्कृति प्रतिष्ठान" स्थापना गरिनेछ भने प्रदेश भित्रका मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि प्रादेशिक संग्रहालय स्थापना गरिनेछ। साथै प्रदेशको सामाजिक सांस्कृतिक विविधतालाई सम्पदाको रुपमा आत्मसात गर्दै यी विविधताहरुको पहिचान, संरक्षण र उत्थान मार्फत बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समाजको निर्माण गरी सामाजिक तथा राष्ट्रिय एकतालाई मजबुत पारिनेछ।

४८. मधेशको ऋगष्लिबचथ भोजन, पेयपदार्थ र खाद्यजन्य पहिचानको प्रवर्द्धन गर्न पाकशाला गठन गरिनेछ। नीजि क्षेत्रको समन्वय र सहकार्यमा यहाँको परम्परागत विशिष्ट पहिचान भएको खानेकुराको प्रचार प्रसार विश्व स्तरमा गरिनेछ।

४९. सँस्कृति संरक्षण र सम्वर्द्धनका लागि ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, धार्मिक महत्वका पूर्वाधारको निर्माण, संरक्षण र सम्बर्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ। बारा जिल्लाको सिम्रौनगढमा प्रदेश स्तरीय साँस्कृतिक संग्रहालय स्थापना गरिनेछ।

माननीय सदस्यहरु,

५०. भूमि व्यवस्थापन, जग्गाको नाप नक्सा तथा अभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न आवश्यक कानूनको तर्जुमा गरिनेछ। प्रादेशिक भू-उपयोग योजना तर्जुमा कार्य प्रारम्भ गरिनेछ। आगामी आ.व. मा प्रत्येक जिल्लाबाट एक/एक वटा स्थानीय तह छनौट गरी आठवटा स्थानीय तहको प्रादेशिक भू-उपयोग योजना तर्जुमा गरिनेछ।

५१. पचासौं वर्ष पूरानो भू-अभिलेखको आधारमा प्रदेश भित्र जग्गा प्रशासन सम्बन्धि सेवा सञ्चालन भैरहेको हुँदा भूमि व्यवस्थापन क्षेत्रलाई परिष्कृत गर्न Title Registration System (हकदावी प्रणाली) अवलम्बन गरी प्रविधियुक्त जग्गा नापनक्सा कार्य प्रारम्भ गरिनेछ। जग्गा प्रशासन क्षेत्रमा दक्ष जनशक्ति परिपूर्ति गर्न आवश्यक व्यवस्था गरिनेछ। प्रदेश स्तरमा "नापनक्सा निर्देशनालय" एवं "नापनक्सा प्रशिक्षण तथा अनुसन्धान केन्द्र" गठन कार्य अघि बढाइनेछ। साथै प्रदेशमा भूमि व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ।

५२. कृषक, विपन्न, गरिब, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला, मधेस आन्दोलनका सहिद र घाइते परिवारको आयआर्जन तथा जीविकोपार्जनमा टेवा पुर्याउन "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

५३. धान, गहुँ र मकै, फलफुलमा आँप, केरा र कागती, औद्योगिक वालीमा उखुबालीको उत्पादन र बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ। साथै प्रदेशको अनुकूलता बमोजिम व्यवसायिक महत्वका तरकारी र मसला, पुष्पखेती, पोषणयुक्त बालीहरु ओल, सोहिजन, अनार, मेवा, च्याउ लगायतका व्यवसायिक खेतको प्रवर्द्धन गरिनेछ।

५४. एकीकृत कृषि उत्पादन प्रणालीमा केन्द्रित रही सहकारी खेती (Cooperative farming) र करार खेती ( Contract Farming), सहकारी करार खेती ( Cooperative Contract Farming), सामूहिक खेती (Group Farming) र चक्लावन्दी खेती मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रम संचालन गरिनेछ।

५५. निजी क्षेत्रको सहभागीता तथा सहकार्यमा फलफुल, तरकारी र कृषिवन प्रणालीका लागि गुणस्तरीय मौसमी वा बहुवर्षिय विरुवाहरु उत्पादन गर्ने हाइटेक नर्सरी स्थापना गरिनेछ। कृषिवन प्रणालीको विकास र प्रवर्द्धनद्वारा चुरेको संरक्षणमा विशेष सहयोग पुर्याइनेछ। साना उत्पादक किसानहरुलाई व्यवसायिक रुपमा उत्पादन गर्न ग्रीनहाउस र नेट हाउस संचालनमा सहयोग गरिनेछ।

५६. बाली र वस्तु परिवेशमा सन्तुलन कायम राख्न एकिकृत शत्रुजीव व्यवस्थापन, जलवायु मैत्री कृषि प्रविधि विस्तार, कृषि जैविक विविधता, प्राकृतिक जलाशय संरक्षण कार्यक्रमहरु संचालनमा जोड दिइनेछ। माटोको उर्वरा शक्ति व्यवस्थापन गर्न माटो स्वास्थ्य प्रवर्द्धन (क्यर्ष ज्भबतिज एचक्रयतष्यल एचयनचक) गर्न आवश्यक क्षमता विकास गरिनेछ। माटो परीक्षणका लागि घुम्ती प्रयोगशालाको व्यवस्था गरिने छ। बीउको माग सम्बोधन गर्न बीज वृद्धि कार्यक्रम संचालन गरिनेछ। नयाँ प्रविधिमा आधारित सिँचाई प्रणालीको विकास गर्न फोहोरा सिंचाइ, पोखरी सिँचाई र थोपा सिँचाई जस्ता कार्यलाई संचालनमा ल्याइनेछ।

५७. बालीनाली र पशु वस्तुका महामारी रोग र हानीकारक कीराहरुको प्रकोप फैलिन नदिई तत्काल स्थलगत रुपमा महामारी नियन्त्रणका लागि पशुपंक्षी घुम्ती सेवा ( Veterinary Mobile Van) सहितको रैपिड रेस्पोन्स टिमको परिचालन गर्न स्थानीय तहसँग सहकार्य गरी आकस्मिक व्यवस्थापन गर्न पहल गरिनेछ।

५८. कृषि व्यवसाय प्रवर्द्धन लक्षित कार्यक्रमहरु कृषि उत्पादनको मूल्य श्रृङ्खलामा कृषकहरुको भूमिका ( भिखभचबनभ) वृद्धि केन्द्रित हुनेछ। कृषक र उद्यमीलाई व्यवसायिक कृषिको लागि बैंकको ऋण, व्याज, कृषि सामग्री, ढुवानीको लागि वाहन लगायतका कृषियन्त्र र भौतिक पुर्वाधार (तरकारी र फलफूल बजार स्थल निर्माण, संचयको वेयरहाउस, कोल्ड स्टोरेज/कोल्डरुम) स्थापना गर्न अनुदान प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ।

५९. वैदेशिक रोजगारीबाट फर्केका वा स्वदेशमै उद्यम गर्न उत्साहित युवाहरुलाई प्रोत्साहन गर्न "नवप्रवर्तन कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

६०. विभिन्न प्रकारका प्राकृतिक प्रकोप तथा कृषिजन्य रोगका कारण कृषि बालीमा हुने क्षतिलाई परिपुरण गर्न कृषि बीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

६१. कृषि उत्पादन तथा बजारीकरणको निम्ति महत्वपूर्ण स्थानहरुमा कृषि सडक निर्माण, कृषि उपज संकलन, भण्डारण वा विक्री केन्द्र निर्माण, सिंचाई प्रणाली विकास, कृषि विद्युतिकरण वा कृषि मिटर जडान कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

६२. डिप ट्युवेल, स्यालो ट्युवेलको सुदृढीकरण तथा आधुनिकीकरण र नदीहरुको व्यवस्थापन गरी विद्यमान कृषि सिंचाई प्रणालीहरुको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइनेछ। स्थानीय स्तरमा रहेका साना सिँचाई पूर्वाधारहरु (हाल बन्द तथा सञ्चालनमा रहेको नहर, पैनी, बाँध र हेडवर्कस) लाई समुदायबाटै व्यवस्थापन हुने गरी संचालनमा ल्याइनेछ। जिल्लामा रहेका पानी सरबी तथा नदीनालाहरु ( एभचभललर्ष्वा/क्मबकयलर्बा ध्वितभच क्यगचअभक) मा बाँध र पुलमुनि सुलिस गेट बनाई कुलो पैनी मार्फत सिँचाईको प्रबन्ध गरिनेछ। वर्षाको पानी संकलन र उपयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिनेछ। सतही तथा भूमिगत सिँचाई प्रणालीहरुको लागि सोलार र विद्युतीय पम्प जडान कार्यलाई प्रोत्साहित गरिने कार्यक्रम संचालन गरिनेछ।

६३. कृषि क्षेत्रमा आधारित साना र मझौला उद्योग तथा सहकारी क्षेत्रका संस्थापनहरुलाई कर र शुल्क छुट, ऋणमा सहुलियत पूर्ण सुविधा तथा साना अनुदान कार्यक्रम संचालन गरिनेछ।

६४. उखु कृषकहरु र चिनी उद्योगहरुको संरक्षण र सम्वर्द्धनका लागि सहजीकरण गर्न विशेष कार्यक्रमको प्याकेज तयार गरी कार्यान्वयन गरिनेछ।

६५. प्रत्येक जिल्लाको कोरिडोरमा कृषि उपज प्रशोधन उद्योग स्थापना गर्न निजी, सहकारी र प्रदेश सरकारको सहकार्यमा विशेष कार्यक्रम ल्याइनेछ।

६६. विदेशबाट फर्केका तथा कोरोना महामारीका कारण बैदेशिक रोजगारीबाट फर्केका स्वदेश मै उद्यम गर्न ईच्छुक उर्जावान/क्षमतावान कृषकहरुलाई तुलनात्मक लाभको दृष्टिकोणले अत्याधिक आर्थिक मुनाफा दिने बस्तु/व्यवसाय लक्षित ज्प्नज ख्यफिभ, ज्प्नज ख्वगिभ, ँबक्च तय ँयचप, एक परिवार दिनको हजार जस्ता एचयमगअतष्यल :यमर्भा कार्यक्रमहरु संचालन गरिनेछ।

६७. दुग्ध तथा मासु मिसन कार्यक्रम र प्रस्तावमा आधारित पशुपंछी तथा मत्स्य विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. गुणस्तरीय उन्नत नश्लका पशुपंछी तथा मत्स्य बीज, सिमेन आदिको उत्पादनार्थ आनुवांशिक श्रोत केन्द्र, कायो बैंकको स्थापना, सोको उपयोगबाट माछा, मासु, अण्डा, दुध तथा दुग्धजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न पशुपंछी तथा मत्स्यनश्ल सुधार कार्यलाई निरन्तरता दिई उन्नत नश्लका पशुपंछी तथा मत्स्य बीज, सिमेन आदिको आयात तथा व्यवस्थापन गरी कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी बनाई कृषक स्तरमा सेवा सुनिश्चित गरिनेछ।

६९. आकस्मिक सेवाको रुपमा स्थापित भेटेरिनरी सेवालाई प्रभावकारी र उपलब्धि मुलक बनाउन निर्माणाधीन भेटेरिनरी नमूना अस्पताल, धनुषालाई निरन्तरता दिदै सप्तरी र पर्सा जिल्लामा समेत भेटेरिनरी नमूना अस्पताल स्थापना गरी पशु उपचार सेवा, प्रयोगशाला सेवा, मोबाईल र आकस्मिक सेवाको व्यवस्था गरिनुको साथै प्राकृतिक प्रकोप (महामारी रोग, कीरा, प्राकृतिक विपद, आगलागी आदि) सृजित आपतविपदका कारण कृषकले बेहोर्नु परेको क्षतिको प्रभाव न्युनीकरण, राहत तथा पुर्नस्थापना कार्यक्रम संचालन गरिनेछ।

७०. कृषि यान्त्रिकीकरण लगायतका नवीनतम प्रविधिको उत्पादन, विकास र उपयोग गरी कृषि व्यवसायको प्रबर्द्धन, कृषिजन्य वस्तुको उत्पादन लागत न्युनीकरण तथा सोको उत्पादन र उत्पादकत्व बृद्धि गराउन कृषक उद्यमी/व्यवसायीको जीवन यापनको लागि दीगो तथा मूल आधार व्यवसायको रुपमा स्थापित गरिनेछ।

७१. स्वस्थ्य पशुपंछी तथा मत्स्य उत्पादनका लागि घुम्ती क्लिनिक सेवा संचालन गरिनेछ। उपभोक्ताहरुलाई स्वच्छ, सफा, स्वस्थ्य तथा गुणस्तरीय माछा, मासु, दुध तथा दुग्धजन्य पदार्थहरुको उपलब्धता सुनिश्चित गराउन पशु बधशाला, माछा/मासु बिक्रि कक्ष, मिट मार्ट, डेरी पार्लर, डेरी पसल, दुध संकलन केन्द्र, चिस्यान केन्द्र, माछा/मासु/दुध तथा दुग्धजन्य पदार्थहरुको विविधिकरण, उत्पादन पश्चातको व्यवस्थापन एवं बजारीकरणका लागि जिउँदो माछा, मासु ढुवानीको निम्ति अक्सिजन जडित भ्यान/फ्रिजर तथा इन्सुलेटेड भ्यान उपलब्ध गराई स्वच्छ बजार जस्ता सुविधाहरुको विकास गरिनेछ।

७२. कृषिजन्य औधोगिकीकरण तथा निर्यातमुखी व्यवसाय प्रवर्द्धनमा विशेष सहयोग गरिनेछ।

७३. सार्वजनिक निजी साझेदारीमा कृषि पर्यटन प्रवर्द्धन, नदी उकास, बगर क्षेत्र, उपयोग विहीन जग्गाको उपयोगिता वढाउन सामूहिक कृषि व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ। विद्यमान सार्वजनिक जलाशय/पोखरी, ताल-तलैया, रिजरभ्वायरहरुको संरक्षण गर्न उचित प्राविधिक सेवा तथा वित्तीय प्रोत्साहन सहित उत्प्रेरित गरिनेछ।

७४. प्रविधि हस्तान्तरणको सशक्त माध्यमको रुपमा रहेको तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रमलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन पशुसेवा तालिम केन्द्र, जनकपुरधामलाई स्तरोन्नति गरी प्रादेशिक पशुसेवा तालिम केन्द्रको रुपमा विकास गरी प्रदेशको लागि आवश्यक प्राविधिक जनशक्ति क्षमता अभिबृद्धि तालिमहरु संचालन गरिनेछ।

७५. व्यावसायिक कृषक उद्यमी/व्यवसायी/सहकारी तथा प्राविधिक जनशक्तिहरुको क्षमता अभिवृद्धि तथा बृत्ति विकास तथा नवीनत्तम प्रविधिहरुको बारेमा जानकारी आदान प्रदानको लागि देश तथा विदेशमा संचालित प्रविधिहरुको स्थलगत अवलोकन भ्रमण गराई सोको अनुशरण गरी वाली/वस्तुको उत्पादन, उत्पादकत्व बृद्धि र व्यवसाय प्रवर्द्धनमा योगदान पुर्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ।

७६. पशुपंछी, माछा तथा जलीय जीव संरक्षण, सम्बर्द्धन सम्बन्धी कानूनी संयन्त्र, श्रोत साधन र व्यवसाय प्रबर्द्धन तथा व्यवस्थापनको वातावरण सृजना गर्नका निम्ति सेवा/वस्तु विशेष नियमन कार्यक्रमहरु संचालन गरिनेछ।

७७. कृषक उद्यमीहरुको पहिचान र अभिलेखिकरण प्रयोजनार्थ सूचना तथा सञ्चारका नविनतम प्रबिधि ( क्ष्लायचकबतष्यल बलम ऋयकक गलष्अबतष्यल त्भअजलयियनथ) हरुको प्रयोग गरी तथ्याँक उत्पादन तथा व्यवस्थापन मार्फत कृषि, पशुपन्छी तथा मत्स्य विकासको गुरुयोजना, मार्गचित्र तयार गरी गुणस्तरीय कृषि तथ्याँक प्रणालीको बिकास गर्दै लगिनेछ।

७८. सहकारिताको माध्यमबाट प्रदेशको कृषि विकास, स्वरोजगारी एवं ग्रामीण अर्थतन्त्रमा सार्थक एवं प्रभावकारी टेवा पुयाउनका लागि प्रदेशको सहकारी क्षेत्रमा विद्यमान समस्या एवं चुनौतीहरुको निराकरण गर्दै सहकारी अभियानलाई थप व्यवस्थित र सुदृढ बनाउन सम्बद्ध सरोकारवालाहरुसँगको परामर्शमा "प्रादेशिक सहकारी प्रवर्द्धन नीति" तर्जुमा गरी प्रादेशिक सहकारी कानूनको तर्जुमा तथा आवश्यक संस्थागत संरचना निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

७९. प्रदेशको पालिका स्तरसम्म सहकारिता सम्बन्धी सचेतना र कार्यगत क्षमता अभिवृद्धिका लागि स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको सहभागितामा समन्वय गोष्ठी तथा सबै पालिकामा "स्थानीय सहकारी सहजकर्ता" तयार गर्न कम्तिमा स्नातक तह उतीर्ण अगुवा सहकारीकर्मीहरुलाई दुई हप्ते विशेष "सहकारीता प्रशिक्षक प्रशिक्षण" प्रदान गरिनेछ। साथै अन्तरप्रदेश सफल र अनुकरणीय सहकारी कार्यक्रमहरुको अध्ययन भ्रमण मार्फत सहकारीकर्मीहरुको सिकाई अभिवृद्धि गरिनेछ। सहकारीता प्रवर्द्धनलाई प्रोत्साहित गर्न सहकारी क्षेत्रका लागि आवश्यक संस्थागत तथा संरचनागत व्यवस्था तयार गरिनेछ।

८०. कृषि र फलफूल उत्पादनको विशेष पकेट क्षेत्रहरु निर्धारण गरी चालु अ.व. भित्रै प्रदेशका आठ वटै जिल्लालाई समेटिने गरी कम्तीमा आठ वटा "नमूना कृषि गाउँ" को विकास गरिनेछ। साथै प्रदेश स्तरीय एकीकृत कृषि तथा पशुपंक्षी फार्म तथा प्रयोगशाला स्थापना गरिनेछ।

८१. राष्ट्रिय कृषि अनुसन्धान परिषदसंगको सहकार्यमा प्रदेशस्तरीय कृषि अनुसन्धान संस्थाको विकास गरिने छ।

८२. संघ सरकारको समन्वयमा धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका स्थित अधेरी खोला, कमला नदी र वफर खोलाको दोभानमा हार्भेस्ट्रिङ्ग ड्याम बनाई यस क्षेत्रमा सिचाईको व्यवस्था गरी कृषि र फलफूल खेतीलाई प्रोत्साहन र कृषि पर्यटन कार्यक्रमको प्रवर्द्धन गरिनेछ।

माननीय सदस्यहरु,

८३. साझेदारी वन, सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, चक्लावन, कवुलियती वन र सार्वजनिक तथा निजी वनहरुको दिगो व्यवस्थापन मार्फत वनजन्य उद्यम तथा कृषि वनको विकास गरी वन क्षेत्रबाट रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गर्न समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

८४. प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तिमा एक जलाशय/पोखरी निर्माण, मर्मत संभार तथा व्यवस्थापन गरिनेछ।।

८५. "संरक्षण हाम्रो मन, प्रदेशको वन प्रदेशकै धन" भन्ने मार्गदर्शनलाई साकार पार्न वन क्षेत्रको प्रदेशस्तरीय गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। वन श्रोतको अध्यावधिक सर्वेक्षणको नीति लिइनेछ।

८६. "जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख" भन्ने नारालाई चरितार्थ गराउन स्थानीय तह समेतको सहकार्यमा सडक किनारमा बिरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ।

८७. जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावारको पकेट क्षेत्र पहिचान गरी खेती प्रविधिको विकास, विस्तार र जडीबुटी प्रशोधन केन्द्रको स्थापना गरी व्यवसायीकरणको नीति लिइनेछ। यसका साथै निजी, सार्वजनिक तथा नदी उकास जग्गाहरु र विद्युत प्रशारण लाईन भित्र पर्ने वन क्षेत्रमा समेत पर्यापर्यटनका लागि ईको पार्क तथा जडिबुटी खेतीलाई प्रबर्द्धन गरिनेछ।

८८. प्रदेशलाई हरित प्रदेश बनाउन गुणस्तरीय बहुवर्षिय विरुवाहरु उत्पादन गर्न प्रत्येक जिल्लामा स्थापित नर्सरीहरुलाई व्यवस्थापन गरिनेछ। निजी क्षेत्रका नर्सरीहरुलाई गुणस्तरीय विरुवाहरु उत्पादन र स्थानीयलाई वृक्षारोपणका लागि प्रोत्साहित गरिनेछ।

८९. मुख्यमन्त्री हरित प्रदेश अभियान कार्यक्रम अन्तर्गत वार्षिक एक करोड विरुवा रोपणको अभियानलाई व्यापकीकरण गरिनेछ। वर, पिपल, समी, नीम लगायतका धार्मिक, साँस्कृतिक एवं पर्यावरणीय महत्वका वनस्पतिहरु समेतको रोपण तथा संरक्षण कार्यलाई विशेष अभियानको रुपमा सञ्चालन गरिनेछ। साथै प्रदेशमा पाइने विभिन्न वनस्पतिहरुको बारेमा अध्ययन अनुसन्धान गरी प्रचुर मात्रामा पाइने उपयोगी वनस्पतिलाई प्रमुख वनस्पतिको रुपमा पहिचान गरी प्रदेश वृक्ष घोषणा गरिनेछ।

९०. प्रदेशभित्रको वन क्षेत्र तथा सागरनाथ वन विकास परियोजनाको वनको दिगो व्यवस्थापन मार्फत काठजन्य पदार्थको उत्पादन अभिबृद्धि गरी सहज र सुलभ तरिकाबाट जनतालाई काठ दाउरा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

९१. संघीय सरकारको सहकार्यमा पर्सा राष्ट्रिय निकुञ्जलाई खुल्ला सफारी पार्कको रुपमा विकास गरी प्रकृतिमा आधारित पर्यटनको गन्तव्य बनाउँदै पर्यटकको संख्यामा बृद्धि गरिनेछ।

९२. स्थानीय तह र अन्य सरोकारवालाहरुको सहकार्यमा ग्रामीण तथा सहरी वन विकास अभियानमा जोड दिइनेछ।

९३. प्रदेश अन्तर्गत रहेको जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण मानिएका वन क्षेत्र, सिमसार क्षेत्र तथा चुरे वा भू-क्षयको दृष्टिकोणले संवेदनशील क्षेत्र (ज्यत क्उयत) घोषणा गरी व्यवस्थापन गर्न विशेष कार्यक्रम ल्याइनेछ।

९४. गुणस्तरीय विरुवा उत्पादनको लागि वन विउको श्रोत पहिचान, व्यवस्थापन, संकलन, भण्डारण तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ।

९५. काष्ठजन्य पदार्थको माँग र आपूर्ति बीचको सन्तुलन कायम गर्न र वन पैदावारमा आधारित उद्यम विकासका लागि प्रदेशमा निजी वनको प्रवर्द्धन गरिनेछ। साथै निजी र सरकारी वन क्षेत्रबाट काष्ठजन्य वन पैदावारको उत्पादन र आपूर्ति बढाई विदेशबाट हुने आयातलाई प्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

९६. निजी, सार्वजनिक, सरकारी वनमा आधारित कार्वन व्यापारका लागि अन्तर्राष्ट्रिय संयन्त्र मार्फत भुक्तानीको लागि संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९७. मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्न जैविक मार्ग तथा सिमसार क्षेत्रको पहिचान, व्यवस्थापन र क्षति न्यूनिकरण गर्ने कार्यक्रम संचालन गरिनेछ। पर्सा-कोशी जोड्ने जैविक मार्गको जोखिमयुक्त क्षेत्रहरुको नक्साँकन र व्यवस्थापनको लागि स्थानीय तह र समुदायसँग सहकार्य गरी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

९८. अतिक्रमित क्षेत्र तथा वन्य जन्तु संवेदनशील क्षेत्र ( ज्यत क्उयत) को तथ्याँक सँकलन गरी डिजिटल डाटावेस तयार गरिनेछ। अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनको लागि प्रदेशस्तरीय छुट्टै रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।

९९. प्रदेश नम्बर दुईको सप्तरीदेखि पर्सासम्म फैलिएको चुरे पहाड यस प्रदेशको रक्षा कवजको रुपमा रहेको छ। यस प्रदेशको जनता प्रतिवर्ष बाढी पहिरो पानीको समस्या र कृषि उपज समेतको समस्याबाट प्रताडित रहेका छन्। चुरे क्षेत्रको माटो एकदमै कमजोर छ। कमजोर भू-बनौटका कारण यहाँका ढुङ्गा, गिट्टी निकालियो भने नदीको बहाब तिव्र हुन्छ र तिव्र बहाबले बगाएर ल्याउने बालुवा मधेशमा थुपिँदै गैरहेको सर्वविदितै छ। त्यसकारण वन विनश, वतावरणीय स्न्तुलन, जैविक विविधताको संरक्षण, पानी मुहान संरक्षणको साथै प्रदेशलाई मरुभूमिकरण हुनबाट जोगाउने कार्यप्रति प्रदेश सरकार प्रतिवद्ध रहेकोले चुरे क्षेत्रको संरक्षणका लागि प्रदेश सरकारले कानूनी, प्रशासनिक लगायत सबै उपाय अबलम्बन गरी विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

१००. चुरे जलाधारको उपल्लो तट र प्रभावित तल्लो तटबीचको अन्योन्याश्रित सम्बन्ध कायम गर्ने नदी प्रणालीमा आधारित योजना तर्जुमादेखि कार्यान्वयनसम्म संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वय गर्ने रणनीति लिइनेछ।

१०१. नदीनालाका ढुङ्गा, गिट्टी, बालुवाको अव्यवस्थित र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यवस्थित गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत सम्भार गरी २० माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भूमिगत जलस्तर (Ground Level Water) लाई उठाउने कार्य गरिनेछ।

१०२. माटो तथा पानीको संरक्षण र बाढी नियन्त्रण गर्न जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१०३. पर्यटकीय र पारिस्थितिकीय महत्वका सिमसार, तालतलैया र पोखरीहरुका संरक्षण र प्रवर्द्धन गर्नुका साथै चुरेको फेदीमा रहेका सरकारी र सार्वजनिक जग्गामा हरियालीयुक्त वन विकास गरी चुरेको संरक्षण र त्यस क्षेत्रमा वन्य जन्तुको संरक्षण र पर्यापर्यटनको विकास गर्न निश्चित गुरुयोजना बनाई व्यापक मात्रामा वृक्षारोपण गर्ने, हरित उद्यान निर्माण गर्ने, जलाशय र भलपानी संकलन गर्ने, पोखरी निर्माण तथा थिग्रायन नियन्त्रण गर्ने जस्ता विभिन्न कार्यक्रमहरु संचालन गरी जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम गरिनेछ।

१०४. "प्रादेशिक पर्यटन पुर्वाधार, आन्तरिक पर्यटनको आधार" भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका साथ प्रादेशिक महत्वका धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पुर्वाधारहरुको जिर्णोद्धार, विकास र प्रवर्द्धन गर्न दीर्घकालिन प्रभाव र परिणाम दिने ठुला लगानीका "एक जिल्ला एक पर्यटकीय गन्तव्य" को कार्यनीति लिई वार्षिक तथा बहुवर्षिय कार्यक्रम तर्जुमा गरिनेछ।

१०५. प्रदेशको पहिचान झल्कने धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक महत्वको उजागर गर्न प्रदेशका महत्वपूर्ण स्थलहरुमा मिथिला चित्रकला, प्रदेश स्तरीय पर्यटन सम्मेलनहरुको आयोजना लगायत अन्य कला सँस्कृतिको माध्यमबाट संस्थागत रुपमा पर्यटकीय प्रवर्द्धन र संरक्षण गर्ने अभियानको संचालन र प्रदर्शन हुनेछ। ऐतिहासिक महत्वका पर्यटकीय स्थलमा ध्वनी र प्रकाशको संयोजनद्वारा आकर्षण बढाइनेछ।

१०६. पर्यटकीय विशेष गन्तव्यहरु, हरित पैदल मार्ग, पर्यटकीय हरित उद्यान र पर्यटन पुर्वाधारहरुमा बहुवर्षिय र अधिकतम लगानीको माध्यमबाट जलवायुमैत्री, आकर्षक र उच्चतम राजश्व आम्दानी क्षेत्रको रुपमा विकसित गरिनेछ।

१०७. पूर्व पश्चिम राजमार्ग र सो राजमार्गसँगै फास्ट ट्याक जोडिने स्थानको दायाँबायाँ मनोरञ्जनात्मक साँस्कृतिक बगैंचाबारे सम्भाव्यता अध्ययन र कार्यान्वयन गरी रोड साईड फोहोर व्यवस्थापनको माध्यमद्वारा पर्यटन प्रवर्धनका साथै संस्थागत सुदृढिकरणको लागि पर्यटन सम्बन्धी प्रदेश स्तरीय कानूनी र संस्थागत संरचना तर्जुमा गरिनेछ। प्रदेश भित्र पर्यटन सम्बन्धी गतिविधी संचालन गर्न कम्तिमा २ (दुई) वटा पर्यटन कार्यालयहरुको स्थापना गरिनेछ।

१०८. एक निर्वाचन क्षेत्र एक बृहत पर्यटकीय हरित पार्कको स्थापना र संचालन गरिनेछ।

१०९. कोशी टप्पु-जनकपुरधाम-पर्सा राष्ट्रिय निकुञ्ज रुटलाई पर्यापर्यटनको केन्द्रको रुपमा स्थापना गरी संचालन गरिनेछ।

११०. दुधमती-महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीय करिडोरको रुपमा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१११. संघीय सरकारको समन्वयमा पर्सा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षलाई प्रमुख प्राकृतिक गन्तव्यको रुपमा विकास गर्न आवश्यक सहयोगको दायरा बृद्धि गर्दै हरित अभियानको हिस्साको रुपमा विकसित गरिनेछ।

११२. धनुषाधाम संरक्षित वनलाई प्रदेशकै लागि गौरव हुने "वन्यजन्तु उद्धार केन्द्र तथा जुलोजिकल पार्क" को रुपमा विकसित गरिनेछ। प्रदेश भित्रका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुलाई समेटेर पर्यटकीय सर्किट निर्माण गरिनेछ। साथै नेपालका सबै जिल्लाका शिक्षा, स्वास्थ्य, विकास, रहनसहन, जनजीवन, ईतिहास, भूगोल तथा गौरवपूर्ण विषयवस्तुलाई समेटेर प्रादेशिक भाषामा समेटिएको वृत्त चित्र मार्फत देशदर्शन कार्यक्रम सञ्चालन गरिनेछ।

११३. प्रदेशमा आउने पर्यटकहरुलाई प्रदेश भित्र लामो समयसम्म बस्न सक्ने वातावरण बनाउन प्रदेशको उपयुक्त स्थानमा :प्लष्बतगचभ या ल्भउर्वा सहितका पर्यटकीय पुर्वाधारहरु भएको "नेपालको आँखीझ्याल त्जभ ध्लमयध या ल्भउर्वा" परियोजनाको संभाव्यता अध्ययन सहित निर्माणको थालनी गरिनेछ।

११४. प्रदेश सरकारले स्वच्छ र सफा प्रदेश अभियान लागू गर्नेछ। स्थानीय तहसँग समन्वय र सहकार्य गरी महानगरपालिका, उपमहानगरपालिका र महत्वपूर्ण शहरहरुलाई हरित तथा स्वच्छ शहरमा रुपान्तरण गर्न शहरी वृक्षारोपण, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालय निर्माणको अभियानलाई व्यापक रुपमा सञ्चालन गरिनेछ।

११५. जलउत्पन्न प्रकोप विपद व्यवस्थापन गरी नदी नियन्त्रण तथा नदी उकास जग्गाको समुचित उपयोगबाट रोजगारी सिर्जना गर्नुको साथै नदी तटीय क्षेत्रलाई स्वच्छ तथा सुन्दर बनाईनेछ।

११६. जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोखिममा परेका क्षेत्र, पारिस्थितिकिय प्रणाली, घरधुरी र समुदायको पहिचान गरी आधारभुत तथ्याँक संकलन गर्ने र उत्थानशिल जिविकोपार्जनका साथै अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछ।

११७. जलवायु परिवर्तन अनुकूलन, व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको विकास गर्न तालिम, गोष्ठी, भ्रमण र श्रोत साधनको व्यवस्था मिलाइनेछ।

११८. संघीय सरकारसंग सहकार्य गरी वायु प्रदुषण मापन केन्द्र स्थापनामा जोड दिइनेछ। प्रदेशमा सञ्चालित उद्योगहरुबाट निस्कने प्रदुषण तथा फोहोरमैला विसर्जनका लागि वातावरणीय मापदण्डको नियमन कार्यलाई प्रभावकारी बनाईनेछ।

११९. प्रदेशमा ईंटा उद्योग स्थापनाको बढ्दो मागका कारणले कृषि योग्य जमिनमा ह्रास आई खाद्य सुरक्षामा संकट उत्पन्न हुन सक्ने र वायु प्रदुषणमा वृद्धि हुने विषयलाई अध्ययन अनुसन्धान गरी त्यसका आधारमा आगामी नीति र रणनीति तर्जुमा गरिनेछ।

१२०. प्रदेशको जनकपुरधाम तथा बीरगंजमा एविलभतबचष्फ (नभ मण्डल) निर्माण तथा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी योजना कार्यान्वयन गरिनेछ।

१२१. विज्ञान तथा प्रविधिको विकासका लागि विश्वविद्यालयहरुसँग सहकार्य गरी अध्ययन अनुसन्धानका क्षेत्रहरु पहिचान गरी अनुसन्धान कार्यहरुलाई अझ संस्थागत गरी अगाडि बढाईनेछ।

बाँकी पृष्ठ ५ मा

17-9, Madheshvani, Jeth-28, 2078.pmd 4 6/11/2021, 4:51 PM

# प्रदेश २ को...

१२२. प्रादेशिक स्तरमा वन, वातावरण, उद्योग तथा वाणिज्यसंग सम्बन्धित अपराधहरुको अनुसन्धान तथा तहकिकातको प्रयोजनको लागि प्रादेशिक विज्ञान प्रविधि प्रयोगशाला र खाद्य परीक्षण तथा प्रमाणीकरण प्रयोगशाला स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१२३. प्रदेशमा भएका तथा नयाँ प्रवर्द्धित उद्योगहरुलाई कोभिड-१९ को प्रभावबाट न्युनिकरण गर्न र दिगोपना दिन उद्योगहरुलाई अनुदान र सहुलियतपूर्ण ऋणको लागि समन्वयकारी भुमिका खेल्ने, साथै सीप तथा उद्यमशिलता विकास, तालिम, सूचना प्रवाह, प्रविधि हस्तान्तरण, लगानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला, आदि औद्योगिक प्रवर्द्धनका कार्यक्रमहरू संचालन गरिनेछ ।

१२४. प्रदेशको अर्थतन्त्र परम्परागत कृषि प्रणाली र विप्रेषण (Remittance) मा निर्भर रहेकोमा प्रदेशमा विद्यमान स्रोत र साधनमा आधारित उद्योगहरु सञ्चालन गर्न सम्भावनाहरूको अध्ययन गर्ने र प्रदेशमै लगानी बढाउन उत्पादनमूलक क्षेत्रमा पूँजी तथा बौद्धिक सम्पत्तीको उपयोग गरी स्वरोजगारका अवसरहरु बढाई लगानीकर्तालाई प्रोत्साहित गरिनेछ ।

१२५. स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधन, श्रम र सीपको उपयोग हुने, कृषि, जडीबुटी, पर्यटन, सूचना प्रविधि तथा स्वास्थ्य सेवा लगायत दीगो र उच्च प्रतिफल दिने, निर्यात प्रर्वद्धन र आयात प्रतिस्थापन गर्ने लघु, घरेलु, साना तथा मझौला उद्योगहरूको विकासको वातावरण सिर्जना गरी प्रदेशमा औद्योगिक विकासको गतिलाई तीव्रता दिइनेछ र वैदेशिक रोजगारीमाथिको निर्भरतालाई क्रमशः न्यून गरिनेछ ।

१२६. औद्योगिक सुरक्षा, सहज श्रम सम्बन्ध, उर्जाको नियमितता, औद्योगिक पूर्वाधार, दक्ष जनशक्ति, नवीन प्रविधिद्वारा उत्पादकत्व बृद्धि, निर्यात योग्य वस्तुहरूको उत्पादनमा विविधता र सवल आपूर्ति व्यवस्थापन जस्ता पक्षमा ध्यान दिइनुका साथै औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गरिनेछ ।

१२७. सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा दिगो एवं बृहत् आधार सहितको औद्योगिक विकासको माध्यमबाट अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्याई गरिवी न्युनिकरणमा सघाउ पुर्याइनेछ ।

१२८. प्रदेश सरकारी नीति, नियम, कार्यशैली, बजारको उपलब्धता, प्रतिस्पर्धाको स्वरूप, वित्तप्रबन्ध, मजदुर सम्बन्ध, श्रम उत्पादकत्व, औद्योगिक पूर्वाधारको अवस्था, दक्ष श्रमशक्तिको उपलब्धता, नवीनतम प्रविधिको उपयोग, कच्चा पदार्थको भण्डारण, तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी यथार्थपरक र व्यवहारिक कार्यनीतिक योजना र कार्यक्रम सहित विश्वसनीय औद्योगिक लगानीमैत्री वातावरण तयार गर्न चालिएको कदमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिइनेछ ।

१२९. स्थानीय स्रोत, कच्चापदार्थ, सीप र साधनको परिचालन, नविनतम प्रविधि एवं वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवं भरपर्दो आर्थिक क्षेत्रको रूपमा स्थापित गरिनेछ ।

१३०. सहज, स्वचालित र जिम्मेवार आपूर्ति प्रणालीको विकास गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्दै आपूर्ति व्यवस्थापन चुस्त बनाउन ऐन, कानून निर्माण तथा बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ । साथै महामारी तथा बिपदको अवस्थामा आधारभूत र अत्यावश्यक वस्तुको सहज र सुलभ भण्डारण तथा वितरण प्रणालीको विकास गरिनेछ ।

१३१. औद्योगिक/व्यवसायिक प्रतिष्ठानले आफ्ना उत्पादन तथा रोजगारी सृजनाका माध्यमबाट समाजलाई प्रदान गरेको योगदानलाई कदर गर्दै उद्योगी तथा व्यवसायीका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१३२. प्रदेशको प्रमुख औद्योगिक नगरीको रुपमा रहेको बीरगंजमा औद्योगिक प्रतिष्ठानहरुको सहजताको लागि प्रदेश उद्योग विभाग स्थापना गरिनेछ ।

माननीय सदस्यहरु,

१३३. प्रदेशलाई कृषिप्रधान प्रदेशको रुपमा विकास गर्ने अवधारणा अन्तर्गत भूमिगतजलको प्रयोग गरी डिप ट्युववेल जडानको कार्यलाई अझ सघनताका साथ विस्तार गरिनेछ । साथै सिंचाईको लागि सोलार र विद्युतीय टयुवेललाई थप प्रोत्साहित गरिनेछ । १३४. प्रदेशको खेतीयोग्य जमिनमा बाहै महिना सिंचाई सेवा पुर्याउन क्रमागत मझौला सिंचाई आयोजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ । साथै सिंचाई योजनाहरुको मर्मत संभार तथा अन्य आवश्यक संरचनाहरु निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१३५. सतह सिंचाईको सुविधा उपलब्ध गराउन नसकिने क्षेत्रहरुमा भूमिगत जलको उपलब्धताको आधारमा प्रदेशका आठ वटै जिल्लाहरुमा डिप ट्युवेल क्लस्टर तथा विद्युतीकरण सहितको पावरड्रिल ट्युवेल क्लस्टर बनाई ट्युवेल सिंचाई प्रणालीलाई निरन्तरता दिइनेछ ।

१३६. अविरल वर्षाको कारणले हुन सक्ने डुवान तथा नदि कटानको कारणबाट उच्च जोखिममा रहेका गाउँ बस्ती संरक्षण गर्ने कार्यको साथै नदी नियन्त्रण कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

१३७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२" कार्यान्वयन गरी जिल्लाका सदरमुकामहरुमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिने कार्य अगाडि बढाइनेछ ।

१३८. प्रदेश भित्रका ग्रामिण तथा दुर्गम बस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा पुर्याउन "निर्मल जल घर घर नलजल" खानेपानी योजना लाई प्राथमिकता दिइनेछ । साथै ढल्केवर, लालगढ, बर्दिवास, धारापानी लगायतका पानीको अभाव रहेको चुरे क्षेत्रहरुमा खानेपानीको विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. वातावरणीय सरसफाई एवं स्वच्छता प्रवर्द्धन गर्न वातावरणीय सरसफाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ । आठै जिल्लाका सदरमुकामहरुमा तथा मुख्य हाट-बजार तथा अन्य सार्वजनिक स्थलहरुमा आवश्यकता पहिचान गरी सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१४०. नदी तथा खोलाहरुमा चुरे क्षेत्रबाट आएको बालुवालाई नियन्त्रण गर्न एकीकृत जलाधार व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिइनेछ ।

१४१. प्रदेश सरकारले आत्मसात गरेको "हाम्रो प्रदेश, उज्यालो प्रदेश" को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई प्रवर्द्धन गरी आगामी वर्ष सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत प्रदेशको आठ वटै जिल्लामा सौर्य उर्जा प्लान्ट निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ । विपन्न परिवारलाई विशेष अनुदान दिई बायोग्याँस, सोलार, आदि प्रयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४२. "जहाँ सडक, तहाँ विकास" को नारालाई सार्थकता प्रदान गर्न विभिन्न जिल्लाहरुमा विस्तृत सम्भाव्यता अध्ययन गरी प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग र स्थानीय सडक पहिचान गरी प्रदेश भित्रका सडकहरुको विस्तृत इन्भेन्टरी बनाइनेछ । प्रदेश अन्तर्गतका प्रत्येक निर्वाचन क्षेत्रमा ५ कि.मि. सडकहरु कालोपत्रे गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४३. प्रदेशभित्रका सडकहरुको मर्मत तथा स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४४. प्रदेश भित्रको यातायात क्षेत्रलाई सुदृढिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । १४५. प्रत्येक पालिकामा वडादेखि पालिकाको केन्द्र जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । साथै यस्ता निर्माण कार्यमा स्वदेशी निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

१४६. प्रदेशभित्र प्रस्तावित वा सञ्चालित रहेको राष्ट्रिय गौरवका योजनाहरु दोश्रो अन्तराष्ट्रिय बिमानस्थल निजगढ, हुलाकी सडक, जनकपुरधाम-जयनगर रेल्वे, सुनकोशी-मरीन र सुनकोशी-कमला डाइभर्सन जस्ता आयोजनालाई समयमै सम्पन्न गर्न संघीय सरकारसँग थप समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. पर्सा जिल्ला देखि सप्तरी जिल्ला सम्मको करिब २५० किलोमिटर सम्मको सडकलाई "मधेशी शहिद राजमार्ग" को रुपमा पहिचान दिन अध्ययन कार्य प्रारम्भ भइसकेको छ । यस कार्यलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

१४८. प्रदेश सरकारले प्रादेशिक परिवहन सेवा संचालन गर्ने नीतिलाई निरन्तरता दिई पहिलो चरणमा बस खरिद भई हाल संचालनको प्रक्रियामा रहेको बीरगंज-जनकपुरधाम, बीरगंज-राजविराज र जनकपुरधाम-राजविराज बस सेवा सार्वजनिक निजी साझेदारीको आधारमा सञ्चालन गरिनेछ । साथै सेवाको प्रभावकारिताको आधारमा क्रमशः प्रदेशको सबै जिल्ला सदरमुकामहरुमा संचालन गरिनेछ ।

१४९. आपतकालीन वाहन, यन्त्रहरुलाई उद्धारको लागि परिचालन गर्ने दृष्टिकोण राखी यस प्रदेश भित्र रहेका प्रत्येक सार्वजनिक सडकहरुमा प्रादेशिक सडक गुरुयोजना बनाई सोही अनुरुप सडक स्तरोन्नती गर्ने नीतिलाई कायमै राख्दै सोहीअनुसार आवास व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

१५०. प्रत्येक गाउँ, शहरको बसोबासलाई व्यवस्थित गर्दै लैजाने नीति लिइनेछ । हरेक ५० घरको लागि एउटा सार्बजनिक दलान एवं सार्वजनिक खुला ठाउँको व्यवस्था, आवासीय भूमिलाई सदुपयोग गर्न व्यवस्थित बस्ती विकास तथा जमीनलाई वर्गीकरण गरिनेछ ।

१५१. प्रत्येक जिल्ला सदरमुकाममा सञ्चालित दलित छात्रावास र जेष्ठ नागरीक आवास कार्यक्रमलाई यस आर्थिक वर्षमा सम्पन्न गरी उक्त योजनालाई क्रमशः महानगरपालिका, उप-महानगरपालिका तथा नगरपालिका र गाउँपालिकामा समेत विस्तार गरिनेछ ।

१५२. नमूनाको रुपमा प्रत्येक जिल्लामा १/१ वटा आधुनिक र प्रविधिमैत्री बस्ती विकास कार्यक्रम संचालन भईरहेकोमा उक्त स्थानहरुमा एकीकृत पूर्वाधार विकास कार्यक्रमको स्वरुपलाई थप प्रभावकारी बनाईनेछ ।

१५३. स्याटेलाईट सिटीको अवधारणालाई निरन्तरता दिइनेछ । चालु आर्थिक वर्षमा प्रस्तावित स्याटेलाईट सिटी महेन्द्रनगर, कल्याणपुर, गोलबजार, गरुडा, पोखरीया, सिमरौनगढ, बागमती लगायतको विस्तृत अध्ययन प्रतिवेदनको आधारमा आगामी आर्थिक वर्षमा निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१५४. प्रत्येक जिल्लाको सदरमुकाममा प्रादेशिक अतिथि सदन निर्माण गरिनेछ एवं जनकपुरधाममा मधेश सम्मेलन केन्द्र (:बमजभकज ब्गमष्तयचषफ ऋभलतभच) निर्माण गरिनेछ ।

१५५. हाल प्रथम चरणमा जनता आवास कार्यक्रम अन्तर्गत संचालित डोम, मुसहर, मेस्तर र हलखोरको घर निर्माण कार्यलाई निरन्तरता दिँदै क्रमशः अन्य दलित, लोपोन्मुख लगायतको लक्षित वर्गमा यो आवास कार्यक्रम पुर्याइनेछ । प्रदेश प्रमुख दलित विपन्न स्वरोगार कार्यक्रम सञ्चालन गरिनेछ । ।

१५६. प्रदेश सरकारद्वारा निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाइने नीतिलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले विशेष जोड दिइनेछ ।

१५७. प्रदेश भित्रका सडकहरुको संरक्षण, सम्वर्द्धन, व्यवस्थापकीय कार्य, नीति तर्जुमा लगायतको कार्यलाई व्यवस्थित गर्न प्रादेशिक सडक बोर्ड गठन गरिने कार्य प्रारम्भ गरिनेछ ।

१५८. जनकपुरधाम रेल्वेसँग जोडिने गरी जनकपुरधाममा ड्राइपोर्ट निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१५९. स्मार्ट सवारी चालक पहिचानपत्र प्रदेशबाट नै वितरण गर्ने कार्यलाई प्रारम्भ गरि प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१६०. सवारी यातायातलाई थप व्यवस्थित बनाउन प्रदेश भित्र कम्तिमा दुई स्थानमा आधुनिक सुविधा सहितको रिफ्रेस सेन्टर स्थापना गरिनेछ ।

१६१. जनताको हक, अधिकारको लागि आजीवन संघर्ष गर्नु भएका अथक योद्धा स्व.गजेन्द्र नारायण सिंह, गणतन्त्र स्थापनाको लागि जीवनपर्यन्त संघर्ष गर्नु भएका गणतन्त्रवादी नेता स्व.रामराजा प्रसाद सिंहको शालिक स्थापना कार्यको साथै सहिद दुर्गानन्द झाको शालीक जनकपुरधाममा निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१६२. वातावरणीय अनुकूलतालाई दृष्टिगत गर्दै प्रदेशका मुख्य क्षेत्रहरुमा विद्युतिय सवारी साधन तथा मेट्रो रेलको सम्भाव्यता अध्ययनको कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।

१६३. बीरगंज महानगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिकाको सहकार्यमा व्यवस्थित विकासका लागि बीरगंज विकास प्राधिकरण तथा जनकपुरधाम विकास प्राधिकरण स्थापना गरिनेछ । माननीय सदस्यहरु,

१६४. रोजगारविहीन दैनिक ज्यालादारीमा काम गर्ने मजदूर तथा विपन्नवर्गका नागरिकहरुलाई राहत प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै कोभिडबाट रोजगारी गुमाएका श्रमिकवर्ग, विपन्न तथा शहिद परिवारका आश्रितहरुका लागि स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

१६५. कोभिड-१९संक्रमणको कारण मृत्युभएका प्रदेशका नागरिकहरुको आश्रितलाई र भेन्टीलेटरमा उपचाररत कोभिड संक्रमितलाई प्रदेश सरकारले राहत सहयोग दिने नीति लिनेछ ।

१६६. प्रदेश सरकारको आन्तरिक राजस्व अभिवृद्धि गर्न संविधानले दिएको अधिकार क्षेत्रको उपयोग गर्दै विद्यमान करको दायरालाई फराकिलो बनाउने र राजश्व प्रशासनका लागि आवश्यक प्रादेशिक संरचना स्थापना गरिनेछ ।

१६७. प्रदेश सरकारको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुर्याउने कार्यालयको संस्थागत सुधार तथा क्षमता अभिवृद्धि गरी प्रविधिमैत्री प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

१६८. हरित, बदलिदो परिस्थितिसँग मिल्दो तथा समावेशी विकासलाई प्राथमिकतामा राखी प्रदेश सरकारले आर्थिक स्थिरता र दिगो आर्थिक बृद्धिलाई जोड दिइनेछ ।

१६९. प्रदेश सरकारको सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्न विनियोजन दक्षता अभिवृद्धि गर्दै प्रदेश सरकारले निर्धारण गरेका लक्ष्य र उद्देश्य प्राप्त गरी अधिकतम प्रतिफल हासिल गरिनेछ । प्राप्त प्रतिफलको समन्यायिक वितरण गरी प्रदेशको स्रोत र साधनको पहुँचमा सामाजिक न्याय कायम गरिनेछ ।

१७०. वित्तीय सुशासन कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, तथा नियमावली, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कानूनहरुको निर्माण गरिनेछ । कार्यान्वयनमा रहेका आर्थिक कानूनहरुको पूनरावलोकन गरी समयसापेक्ष परिमार्जित गरिनेछ । मानव संशाधनको सवलीकरण गर्न वित्तीय अनुशासन, सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

१७१. आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन गर्न प्रादेशिक परियोजना अनुगमन प्रणाली (Provincial Project Monitoring System–PPMS) तयार गरी लागू गरिनेछ ।

१७२. प्रदेश सरकारको सम्पतिको अभिलेखीकरण गर्न प्रदेश सम्पति सूचना प्रणालीको विकास गरी लागू गरिनेछ ।

१७३. प्रदेश सरकारको वेरुजु अभिलेखलाई व्यवस्थित गर्न वेरुजु फछ्यौट कार्ययोजना तथा अभिलेख सूचना प्रणाली लागू गरिनेछ । ।

१७४. तुलनात्मक लाभका क्षेत्रहरुमा लगानी गरी दिगो आर्थिक वृद्धि हासिल गर्न प्रदेशको आयोजना बैङ्कमा रहेका आयोजनाहरु मध्ये सार्वजनिक-निजी-साझेदारीमा आधारित आयोजनाहरुको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

१७५. प्रदेशका महत्वपुर्ण तथा प्राथमिकता प्राप्त आयोजनाहरुको विस्तृत विवरण सहितको प्रदेश आयोजना बैंकको निर्माणको काम अन्तिम चरणमा रहेको छ । यस अन्तर्गत सार्वजनिक, निजी तथा सहकारिताको अवधारणा अनुरुप प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सकिने आयोजनाहरु समेटिएको छ । परियोजना बैंकको आधारमा प्रदेशका सम्भावित लगानीका क्षेत्रहरु पहिचान गरी उद्योगी व्यवसायीहरुलाई प्रदेशमा लगानीको लागि आर्कषित गर्न लगानी सम्मेलनको आयोजना गरिनेछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको विकासको अवधारणालाई कार्यान्वयन गर्न सार्वजनिक निजी साझेदारी ऐनको तर्जुमा गरिनेछ ।

१७६. "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७" निर्माण भै कार्यान्वयनमा आइसकेको छ । यसलाई अझ व्यवस्थित बनाउन प्रदेश औद्योगिक व्यवसाय नियमावलीको निर्माण गरिनेछ । प्रदेशको आर्थिक विकासको लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । प्रदेशमा उद्योग व्यवसाय दर्ता गरी लगानी गर्न इच्छुक लगानी कर्तालाई प्रदेश सरकारले निर्धारण गरे अनुसारको विशेष सुविधा उपलब्ध गराइनेछ ।

१७७. प्रदेश औद्योगिक व्यवसाय ऐन तथा नियामावलीको कार्यान्वयन पश्चात जिल्ला स्थित उद्योग कार्यालयहरुबाट उद्योग दर्ता, संचालनमा प्राविधिक सहयोग तथा समस्या निराकरणका लागि आवश्यक सल्लाह सेवा उपलब्ध गराइनेछ । एकद्वार प्रणालीको अवधारणामा उद्योग कार्यालयहरुबाट सेवा सञ्चालन गरिनेछ । ।

१७८. कृषि र गैर कृषि उत्पादनहरुलाई बजार पहुँच तथा विचौलियाको चंगुलवाट बचाउन कृषि एम्बुलेन्स सेवा, न्यूनतम मूल्य निर्धारण र ढुवानी नगद अनुदान, प्रदेश र स्थानीय सरकारद्वारा प्राथमिकता युक्त दरमा खरिद तथा किसान र उपभोक्ताका सहकारी संस्थाहरुलाई अनुदान उपलब्ध गराइनेछ ।

१७९. कोभिड-१९ बाट प्रभावित पर्यटन क्षेत्र र होटल व्यवसायको पुनरुत्थान गर्न आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि गरिएका निषेधाज्ञाका कारण प्रभावित यातायात क्षेत्र तथा उद्योग ,व्यवसाय लक्षित सहुलियत कार्यक्रम ल्याइनेछ ।

१८०. औद्योगिक क्षेत्र र औद्योगिक करिडोरमा रहेका उद्योगहरु लगायत प्रदेशमा रहेका सम्पूर्ण उद्योगहरु यथाशीघ्र पूर्ण क्षमतामा संचालन हुन श्रमिक आपूर्ति र श्रमिकको सुरक्षा, कच्चा पदार्थको आपूर्ति र ढुवानी सहजता एवं अन्य सुविधाहरुको प्याकेज प्रदान गर्दै थप लगानी ल्याउने वातावरण निर्माण गरिनेछ ।

१८१. प्रदेशको समृद्धि र विकासका लागि विद्यमान औद्योगिक कोरिडोरहरुको बिकास गर्दै थप प्रादेशिक औद्योगिक क्षेत्र लगायत बीरगंज-ठोरी, ढल्केवर-भिट्टामोड कोरिडोर र रेल्वेमार्ग करिडोरहरुको सम्भाव्यता अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।

माननीय सदस्यहरु,

१८२. मानवअधिकार उल्लंघनका घटनाहरुमा प्रदेश सरकारले आठवटै जिल्लामा गरीव, विपन्न तथा असहायलाई दिँदै आएको निःशुल्क कानूनी सहायता कार्यक्रमलाई अझ प्रभावकारी बनाई पालिका तहसम्म पुरयाइने छ ।

१८३. प्रदेशका प्रचलित कानूनहरुको आवधिक समीक्षा तथा पुनरावलोकन गरी संशोधन गर्न वा नयाँ कानून बनाउनु पर्ने आवश्यकताका बारेमा अध्ययन गरिनेछ । साथै संविधानले सुनिश्चित गरेका प्रदेशको स्वायत्तता तथा क्षेत्राअधिकार संकुचन हुन नदिन बरिष्ठ संविधानविदहरुको सहयोग लिई सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधिन तथा थप दायर हुन सक्ने मुद्दाहरुको प्रभावकारी ढंगले प्रतिरक्षा गर्न संयन्त्र निर्माण गरिने छ ।

१८४. प्रदेशभित्र रहेका हिरासत कक्ष तथा कारागारहरुको नियमित अनुगमन गरी आवधिक प्रतिवेदन सार्वजनिक गरिनेछ । साथै कारागारहरुमा रहेका कैदीहरुको सामाजिक सेवा तथा पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुर्याउनका लागि "प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड" गठन गर्न आवश्यक पहल गरिनेछ ।

१८५. मधेश आन्दोलनका शहिद परिवारको सम्मान तथा संरक्षणको लागि स्वरोजगार, रोजगार, स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गरिने छ । मधेश शहिद प्रतिष्ठानको कार्य प्रभावकारी वनाई मधेश आन्दोलन लगायतका आन्दोलनका शहिद तथा पिडित परिवारको सम्मान तथा संरक्षणको लागि स्वरोजगार, स्वास्थ्य र शिक्षामा पहुँच सुनिश्चित गरिने तथा एक परिवार एक रोजगार वा भरणपोषणको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

१८६. प्रदेश भित्र शान्ति सुरक्षा तथा प्रदेशको सेवामा समर्पित प्रहरीहरुको आत्म सुरक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रहरी कार्यालयहरुको भवन तथा पूर्वाधारको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१८७. प्रदेश भित्र अपराधिक गतिविधि नियन्त्रण गर्न विभिन्न स्थानहरुमा प्रहरी तथा स्थानीय तहहरुसँगको सहकार्यमा ऋऋत्ख ऋकभचब जडान गरी अनुगमन तथा अपराध नियन्त्रण कार्य गरिनेछ । यस्तै गस्ती तथा अपराधिक गतिविधि नियन्त्रणको लागि अत्यावश्यक उपकरण तथा सवारी साधनको व्यवस्थापन गरिने छ ।

१८८. सुरक्षित वेटी अभियान, वाल हिंसा, घरेलु हिंसा विरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु प्रहरी, स्थानीय तह तथा विद्यालयहरुको सहकार्यमा संचालन गरिनेछ ।

१८९. प्रदेशका सबै जिल्लामा लागू औषध दुर्व्यषण रोकथाम तथा नियन्त्रणको रोकथाममूलक र प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९०. सीमा क्षेत्रमा निगरानी तथा अपराधिक घटना नियन्त्रणका लागि संघीय सरकारसँग अपराधिक घटना न्यूनिकरण गर्न सहकार्य गरिनेछ । सीमा क्षेत्रमा निगरानी तथा अपराधिक घटना नियन्त्रणका लागि संघीय सरकारसँग समन्वय गरी प्रदेश प्रहरी समायोजन तथा रिक्त पदपूर्ति कार्य साथै प्रदेश प्रहरीको क्षमता अभिवृद्धिको कार्य अगाडि बढाइने छ ।

१९१. विपद् व्यवस्थापन योजना अनुसार प्रदेश भित्रका विपद्का संभावित जोखिम न्यूनीकरण गर्न सचेतनामूलक तथा विपद पश्चात राहत, उद्धार तथा पुनरस्थापना कार्यक्रमहरु संचालन गरिने छ। विपद्को पूर्व तयारी, खोज तथा उद्धार, राहत वितरण, पुनस्थापना र पुनर्निर्माण लगायतका सवै चक्रलाई मननगरी समन्वयात्मक गतिविधिहरु कार्यान्वयनमा ल्याइनेछ । प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी वनाइने छ ।

१९२. प्रदेश अन्तर्गतका कारागारहरुको सुधार तथा सुधार गृहको निर्माण गरिने छ। कारागारहरुको मर्मत सुधार तथा कारागारमा रहेका बन्दीहरुलाई आय आर्जनमा सहयोग पुग्ने स्वरोजगारमूलक आवश्यक तालिम संचालन तथा कारागार भित्र पुस्तकालयको विकास गरिने छ ।

बाँकी पृष्ठ ६ मा


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### जसपाद्वारा श्रद्धाञ्जली अर्पण

कपिलवस्तु । जनता समाजवादी पार्टी नेपाल कपिलवस्तुका वरिष्ठ नेता तथा विजयनगर गाउँपालिका वडा नं-६ धनसरा निवासी मधेश आन्दोलनमा अग्रभूमिकामा रहि लामो समयदेखि सक्रिय रहदै आएका पहिचानवादी, न्याय प्रेमि, शालिन व्यक्तित्वका धनी, लोकप्रिय नेता राम प्रकाश चौधरी (बड्कु बाबू) को उपचारको क्रममा भारतको लखनउस्थित शहरा हस्पिटलमा ५० बर्षको उमेरमा असामाहिक निधन भएको खबरले जनता समाजवादी पार्टी कपिलवस्तुले विज्ञप्ति निकालेर भावपुर्ण श्रद्धाञ्जली ब्यक्त गरेको छ । लोकप्रिय तथा वरिष्ठ नेता चौधरी प्रति जनता समाजवादी पार्टी कपिलवस्तुको तर्फबाट भावपुर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति प्रदान होस भन्दै जनता समाजवादी पार्टी नेपालका कपिलवस्तु अध्यक्ष कैलाश अग्रहरीले विज्ञप्ति मार्फत श्रद्धाञ्जली व्यक्त गरेका हुन् ।

### ३० लाख रूपैयाँसहित दुई जना पक्राउ

गौर । रौतहटमा श्रोत नखुलेको लाखौं रुपैयाँ सहित २ जना पक्राउ परेका छन् । परोहा नगरपालिका ९ रामपुरखाप स्थितमा नेपाल भारत सीमामा प्रहरीले चेकजाँच गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको हो । भारतको मोतिहारी जिल्ला घोडासहन बस्ने वर्ष २२ को बन्टि कु.कलवार र २० वर्षका सुरज कलवारलाई ३० लाख ७६ हजार नेपाली रुपैयाँ सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिद्धि विक्रम शाहले जानकारी दिए । श्रोत नखुलेको रकम र पक्राउ परेका २ जनामाथि थप अनुसन्धान कार्य भइरहेको शाहले जानकारी दिए ।

### विभिन्न ब्राण्डका मदिरा बरामद

मोरङ । जहदा गाउँपालिका-१ बुधनगरस्थित सडक नजिकको खाली जग्गामा को.३२ प ९५२१ र को.२० प ८७६१७ नम्बरका २ वटा मोटरसाइकलमा लोड गरी बेवारिसे अवस्थामा राखिएको करिब ४ लाख ९० हजार ६ सय रुपैयाँ मूल्य बराबरको बिभिन्न ब्राण्डका मदिरा प्रहरीले बरामद गरेको छ । आइतबार दिउँसो उक्त स्थानमा अवैध मदिरा राखिएको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले ती मोटरसाइकलमा लोड गरी वेवारिसे अवस्थामा रहेको दिलवाले लेखिएको ३ सय मिलिग्रामको ३ सय ९ काटुन, उंमग लेखिएको ३ सय मिलीग्रामको २ सय ७७ काटुन र बिभीन्न ब्राण्डको खुल्ला मदिरा १ हजार ९ सय बोतल फेला पारी बरामद गरेको हो । बरामद मदिरा आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी विराटनगरमा बुझाइने जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### आगजनीबाट घर पूर्णरूपमा जलेर नष्ट

रौतहट । फतुवा बिजयपुर नगरपालिका-११ भैसही बस्ने सिकिन्द्र महतोको घरमा सोमबार बिहान आगजनी हुँदा घर पूर्णरुपमा जलेर करिब २ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । परोहा नगरपालिका-६ बसन्तपटी बस्ने ४५ वर्षीय मनोज महतोले सिकिन्द्रको घरमा आगजनी गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी दुधिहवाबाट खटिएको प्रहरीले स्थानीयबासीको सहयोगमा आगलागी नियन्त्रणमा लिएको छ । मनोजलाई नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### बाँकेमा थप ५ जना संक्रमितको मृत्यु

नेपालगन्ज । बाँकेमा पछिल्लो २४ घण्टामा थप ५ जना कोरोना संक्रमितको उपचारका क्रममा मृत्यु भएको छ । रुकुमकी ६५ वर्षीय महिलाको शुक्रबार दिउँसो सवा ३ बजे र नेपालगञ्ज उपमहानगरपालिका-११ की ५५ वर्षीय महिलाको शुक्रबार करिब ४ बजे नेपालगञ्ज मेडिकलमा मृत्यु भएको हो । यस्तै बर्दियाको गुलरिया नगरपालिका-४ का ५७ वर्षीय पुरुषको शुक्रबार साँझ ६ बजे , कोहलपुर-१४ की ७० वर्षीय महिलाको शुक्रबार राति सवा ७ बजे र दाङ तुलसीपुर उपमहानगरपालिका-१८ की ७२ वर्षीय महिलाको शनिबार बिहान ५ बजे उपचारका क्रममा भेरी अस्पतालमा मृत्यु भएको हो । यससँगै बाँकेमा कोरोना संक्रमणले मृत्यु हुनेको संख्या २९९ पुगेको छ भने बाहिरी जिल्लाबाट उपचारका लागि आएर मृत्यु हुनेको संख्या ३१० पुगेको छ ।

### विपन्न परिवारलाई खाद्यान्न वितरण

कपिलवस्तु । कोभिड महामारीमा हातमुख जोर्न गार्हो परेका विपन्न परिवारलाई सेवा ईन्टरनेशनलको सहयोगमा हिन्दु स्वयंसेवक संघको समन्वयमा कपिलवस्तुको महराजगंजमा राहत खाद्यान्न वितरण भएको छ । समुदायका एकसय गरिव परिवारलाई चामल, दाल, तेल नुन, सोयाबीन लगायतको खाद्यान्न बितरण भएको हो। हिन्दु स्वयंसेवक संघका सम्पर्क बिभाग प्रमुख डा. विनय पाण्डेय, संघका पदाधिकारीहरु बासुदेव चौधरी , दिलिप चौधरी , भानु चतुर्वेदीको सकृयतामा बितरण कार्यक्रम सम्पन्न भएको छ । सेवा ईन्टरनेशनलले हिन्दु स्वयंसेवक संघ मार्फत नेपालको विभित्र जिल्लामा स्वास्थ सामग्री तथा खाद्यान्न बितरण गर्दै आएको छ ।

### सीमा नाकाबाट १८० थान मोबाइल सेट बरामद

नेपालगन्ज । सशस्त्र प्रहरीले नेपालगन्जको सीमा नाकाबाट सशस्त्र प्रहरीको कडा निगरानीका कारण ठुलो परिमाणमा मोबाइल सेटहरू बरामद गरेको छ । सशस्त्र प्रहरीको जयसपुर बिओपीबाट खटिएको सशस्त्र प्रहरी निरीक्षक नर बहादुर सुनुवार राइको कमान्डको टोलीले भारतबाट लुकाइछिपाई ल्याइरहेको अवस्थामा नेपालगन्ज १६ जयसपुरबाट १८० पिस आइटेल कम्पनीको सादा मोबाइल सेट बरामद गरेको हो सशस्त्र प्रहरी बल नम्बर ३० गण बागेश्वरी बाँकेले जानकारी दिएको छ । सशस्त्र प्रहरीका अनुसार बरामद गरिएका मोबाइलको मूल्य २ लाख ७० हजार रुपैयाँ रहेको छ । बरामद गरिएका मोबाइल सेटहरूलाई नेपालगन्ज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरीले जानकारी दिएको छ ।

### मानव बेचबिखन तथा ओसारपसार मुद्दामा एक जना पक्राउ

कैलाली । मावन बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा गोदावरी नगरपालिका-२ अत्तरियास्थित मिट प्वाईन्ट होटलका संचालक दान बहादुर साँउदलाई प्रहरीले पक्राउ गरेको छ । साँउदले उक्त होटलमा काम लगाइदिने बहानामा २ जना महिलालाई जेठ ९ देखि १९ गतेसम्म होटलमा राखी अनैतिक क्रियाकलाप तथा शारीरिक सम्पर्क गर्न लगाउने कार्यमा संलग्न गराएको भन्ने जाहेरीको आधारमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत कैलालीबाट ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### महिलालाई जबरजस्ती करणी गर्ने पक्राउ

रुपन्देही । ३८ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सैनामैना नगरपालिका-२ उछीटिया बस्ने २६ वर्षीय छेत्र बहादुर थापालाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । सैनामैना नगरपालिका-२ स्थित सैनामैना सामुदायिक वनमा बाख्रा चाराउन गएकी ती महिलालाई जंगलमा च्याउ खोज्न गएका छेत्र बहादुरले जबरजस्ती करणी गरेको तथा सैनामैना नगरपालिका-२ सोरौली बस्ने २१ वर्षीय सन्तोष रानाले जबरजस्ती करणीको प्रयास गरेको भन्ने जानकारी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो ।

### ट्याक्टरको ठक्करबाट एक जनाको मृत्यु

रौतहट । गौर नगरपालिका-४ गौर चपुरस्थित सडकमा बीआर ०५ एएच ७५४४ नम्बरको मोटरसाइकललाई ज.१ त ४४१४ नम्बरको ट्याक्टरले ठक्कर दिँदा मोटरसाइकल चालक वौधीमाई नगरपालिका-७ बंकुल बस्ने ३२ वर्षीय मुकेश जयसवालको मृत्यु भएको छ । शनिबार राति ठक्करबाट गम्भीर घाइते भएका उनको जिल्ला सरकारी अस्पताल गौरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २० वर्षीय शिवकुमार यादवको सोही अस्तपाल हुँदै थप उपचारको लागि वीरगंज पठाइएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### हत्या आरोपमा पाँच युवा पक्राउ

रुपन्देही । हत्या आरोपमा रुपन्देहीबाट पाँच जना युवालाई प्रहरीले पक्राउ गरेको छ । लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ४ मा अवस्थामा मृत फेला परेका ३५ वर्षीय महेन्द्र यादवको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले पाँच युवालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार पक्राउ पर्नेमा लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं ४ कै २२ बर्षीय बलजित पासी, ३० बर्षीय दुर्गेश पासवान, २४ बर्षीय राकेश यादव, २० बर्षीय संजय पासी र २३ बर्षीय सर्वजित विश्वकर्मा रहेका छन् । इलाका प्रहरी कार्यालय लुम्बिनीबाट प्रहरी निरीक्षक रविन्द्र महतको कमाण्डमा गएको टोलीले यादवको शव फेला पारेको थियो । मृतकको शरीरको टाउको, छाती, घाटी र गुप्तांग समेतमा धारिलो हतियार प्रहार भएको पाइएको थियो । जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रवक्ता प्रहरी निरीक्षक भाष्कर चन्दका अनुसार पुरानो रिसिईबीको कारण बदला लिने उद्देश्यले यादवको हत्या गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । हत्याका अभियुक्तहरूलाई जिल्ला अदालत रुपन्देहीबाट १० दिनको म्याद लिइ अनुसन्धान अगाडि बढाइएको प्रवक्ता चन्दले बताए ।

### अवैध काठ र ट्याक्टरसहित पक्राउ

कैलाली । जोशीपुर गाउँपालिका-३ बडहरीया बस्ने हरिलाल चौधरीलाई से.१ त २९८ नम्बरको ट्याक्टरमा लोड गरी राखेको २ थान साल जातको काठ सहित प्रहरीले पक्राउ गरेको छ । सोमबार दिउँसो उनको घरमा अवैध काठ राखेको विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय जोशिपुरबाट खटिएको प्रहरीले उक्त काठ र ट्याक्टर सहित उनलाई पक्राउ गरेको हो । बरामद काठ र ट्याक्टर सहित हरिलाललाई आवश्यक कारबाहीका लागि सब डिभिजन बन कार्यालय भजनी कैलालीमा पठाइएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### रूपन्देहीमा एक जना मृत फेला

रूपन्देही । लुम्बिनी साँस्कृतिक नगरपालिका-४ मनौरा बस्ने ४० वर्षीय महेन्द्र यादव घरबाट करिब १ किलोमिटर टाढा पूर्व सार्वजनिक जग्गामा आइतबार मृत फेला परेका छन् । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# जंगबहादुरको महोत्तरी मोह !



राकेश प्रसाद चौधरी

राणाकालीन सम्राज्यका संस्थापक जंगबहादुरबारेको जानकार अझैसम्म खोजीनीति गर्ने क्रम जारी छ । नेपाली शासन ब्यबस्थाको बागडोर कब्जा गर्नुभन्दा अगाडि उनको प्रवेश सेनामा भएको थियो । सेकेन्ड लेफ्टिनेन्टसम्ममा बढुवा पाँए । सन् १८३७ मा भिमसेन थापाको शक्ति खोसिएपछि बुवा बालनरसिंह कुँवरसँगै उनी पनि सेनाबाट बर्खास्त गरिए किनभने जंगबहादुर कुँवर थापाका नातेदार थिए । नेपाली इतिहासमा फरक फरक लेखिएपनि जंगबहादुरको सन् १८३७-३९ सम्मको दुईबर्षे संघर्षबारे धेरै कुरा लेख्न छुट्टाइएको देखिन्छ ।

जंगबहादुरको आर्थिकस्थिती जुवाको लतका कारण दयनीय भएको थियो अथवा पारिवारिक जिम्मेवारीबाट भाग्न उनी काशी पुगे । उनी त्यहाँ शान्त रहन सकेनन, कुनै काम पनि गर्न नपाउँदा मधेशमा छिरेका थिए । त्यसमा पनि महोत्तरीको मटिहानी क्षेत्र ।

मकवानपुरे राजाको शासन कालमा महोत्तरी एउटा प्रान्त थियो । जलेश्वर शैव सम्प्रदायको र मटिहानी बैष्णव सम्प्रदायको प्रमुखस्थलको रुपमा विकास गरिएको थियो । मकवानपुर राज्यमाथि अधिपत्य जमाएपछि राजा पृथ्वीनारायण शाहले समेत यस क्षेत्रलाई गुलजार नै राखेका थिए । यस सम्बन्धमा लेखक डेविड क्यानाडी र सिमन प्रीसले 'रिचुअल्स अफ रोयाल्टी:पावर एण्ड सेरोमोनियल इन ट्रेडिशनल सोसाइटिज' ले पृष्ट २५५ मा लालमोहर मटिहानी मठबारे चर्चा गरेका छन् । यसै ठाउँमा सन् १७१८ मा स्थापित संस्कृत पाठशाला जिबन्त राख्न शाहवंशीय राजाले अधिकार नै दिएका थिए । त्यतिबेला छिमेकमा दरभंगा राजाको शासन चलिरहेको थियो । दरभंगा राजाले बंगालका नवाबसँग बार्षिक एक लाख रुपैयाको नजरानामा शासन अधिकार पाएका थिए । केही इतिहासकारले राजा राधव सिंहको शासनकाल(सन् १७००-१७३६) तथा केही सन् १७३९ सम्म शासन कायम रहेको लेखेका छन् । मकवानपुरे राजाले दरभंगा राजालाई आफ्नो कालमा कर तिर्ने गरेको तथा शाह राजाहरूले केही समयसम्म कर तिरेको इतिहास पनि छ ।

मटिहानी स्थान जंगबहादुर एकदम मन परेको थियो किनभने यहाँ शस्त्र र शास्त्रको कुरा हुने थलो थियो । जंगल क्षेत्र भएको शस्त्र र संस्कृत पाठशाला भएको शास्त्रको कुरा यहाँ नियमित हुने गरेको थियो । त्यही भएर मन परेको यो ठाउँमा भोजनको समेत कुनै समस्या थिएन । हात्तीसँग धेरै लगाव भएकै कारण उनी हाथीको रखबार भएर काम गर्न थाले ।



प्रमोद शम्शेर राणा (सन् २००९)को पुस्तक राणाशासनको बृतान्तमा जंगबहादुर तराईमा माउतेको काम गरेको चर्चा छ । काशी(बनारस)को छोटो बसाईपछि जंगबहादुर तराईमा काम गरेको पुस्तकमा उल्लेख छ । जंगबहादुरबारे मटिहानी क्षेत्रकै तुलसीयाहीमा अझैसम्म केही किम्बदन्ती छ । यसबारे अध्ययन हुन बाँकी रहेपनि यहाँको पुरातत्व महत्वका धार्मिक सम्पदाबारे कुरा हुँदा जंगबहादुरकै नाम आउँछ ।

मटिहानी क्षेत्र भन्दा दक्षिणमा दरभंगा राजको शासन रहेपनि मुख्य अधिकार ब्रिटिश इष्ट इन्डिया कम्पनिकै थियो । त्यहाँ महाराजा छत्र सिंहले(सन् १८०७-३९) शासन गरिरहेका थिए । नेपाल-अंग्रेजबीच सन् १८१४-१५ मा भएको युद्धमा अंग्रेजलाई साथ दिएको कारण दरभंगाका राजा छत्र सिंहलाई महाराजाको उपाधि दिइएको थियो ।

मटिहानी क्षेत्रकै तुलसीयाहीमा एउटा भगवतीको मूर्ति थियो । जंगबहादुरले नियमित रुपमा यो मूर्तिको पुजा गर्थे । हात्तीको बथान रेखदेख गर्ने जिम्मा जंगबहादुरकै थियो । ब्रिटिश इष्ट इन्डिया कम्पनिले यस क्षेत्रबाट हात्तीको शिकार गरेर लान चाहन्थ्यो । त्यतिबेला जंगबहादुरले उनीहरूसँग बहादुरी देखाए तर सकेनन् । तुलसीयाही गाउँका बासिन्दाहरूको जनश्रुति अनुसार यही भगवतीको आराधनाले उनी जेलमुक्त भएका थिए र त्यसको केही समयपछि काठमाण्डौ फर्किएका थिए । के त्यतिबेला जंगबहादुरले आफ्नो परिचय दिएर अंग्रेजका माथिल्लो तहका अधिकारीसँग केही सम्झौता गरेका थिए अथवा अरु नै केही कुरा भएको थियो । यसबारे इतिहास मौन छ । अनुसन्धानको खाँचो छ ।

जंगबहादुर काठमाण्डौ फर्किदा श्रीमति र छोराको मृत्यु भइसकेको थियो । उनको ११ बर्षकै उमेरमा सन् १८२८ मा काजी प्रसादसिंह बस्न्यातकी भित्रिनीपट्टिकी छोरी प्रसाद लक्ष्मीसँग भएको थियो । त्यसपछि काठमाण्डौ फर्किएकै बर्ष सन् १८३९ मा उनको विवाह सनक सिंहकी बहिनीसँग भएको थियो । त्यसको केही समयपछि सन् १९४० मा राजा राजेन्द्र सँग तराई भ्रमणमा रहँदा बीरता देखाएको कारण कप्तान पद पाँएर पुन: राजकाजमा आएका थिए । छ/सात वर्षभित्रमै गराइएको रक्तपातका कारण प्रधानमन्त्री एवं कास्की र लम्जुङ्ग महाराज र श्री ३ सम्म भए ।

सन् १८५७ मा भारतमा भएको सिपाही बिद्रोह शान्त गर्न जंगबहादुर आफै लखनउ पुगेका थिए । सन् १८५८ मा लखनउमा अंग्रेजी प्रभुत्व कायम गराएर उनी फर्किएका थिए । उपहार पाएको नयाँ मुलुकसहित सन् १८६० मा सीमा सन्धी भएको थियो । सन् १८७५ मा शक्तिशाली प्रधानमन्त्री जंगबहादुर राणा तराई भ्रमणमा आएका थिए । तुलसीयाही गाउँमा रहेको जनश्रुति अनुसार उनले यस क्षेत्रमा लक्ष्मीनारायण मन्दिर निर्माण गराएर दश हजार बिघा जग्गा प्रदान गर्ने घोषणा गरेका थिए । तर उनीसँग रहेका कर्मचारीहरुले आपसमा पाँच हजार बिग्हा जग्गा खाइदिए । त्यहाँ गरुड शिलालेख र हनुमानको प्रतिमा राख्न लगाएका थिए । हात्तीको रेखदेख गर्दा सधै स्मरण गर्ने भगवतीको नाममा उनले श्वेतकालीको प्रतिमा स्थापित गरेका थिए ।

सोही समयमा मटिहानी मठका मठाधीश रामरक्षा दासलाई प्रदान गरिएको श्री मान् महन्थको उपाधि श्री मान् महन्थ ललित दासको पालामा लालमोहरबाट स्थायित्व गराएका थिए । हालको समयमा तुलसीयाही र मटिहानी मठको अधिनमा के कत्ति सम्पति रहेको बारे यकिन तथ्यांक सार्वजनिक हुन सकेको छैन ।

## प्रदेश २ को...

१९३. न्यायिक तथा अर्ध न्यायिक निकायहरुको कार्य सम्पादनलाई प्रविधिमैत्रि बनाउन तथा नागरिकको सहज र सुलभ सेवा प्राप्तिका लागि आवश्यक पूर्वाधार निर्माण कार्यमा सहयोग गरी न्यायिक निकाय तथा अर्ध न्यायिक निकायहरु र प्रदेश सरकारका कानूनी संयन्त्रहरु बीच समन्वय तथा सहकार्यलाई प्रभावकारी वनाइनेछ ।

१९४. राज्य प्रदत्त सेवा सुविधाहरुमा नागरिकहरुको न्यायिक पहुँच स्थापित गर्न प्रदेश कानूनहरु बारे सरोकारवालाहरुसँग अन्तक्रिया र न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१९५. प्रदेश सरकारका मंत्रालयहरु/ विभागहरु / निकायहरुबाट उत्पादन हुने बिज्ञापन/सुचना यसै प्रदेशका संचारमाध्यमहरुबाट प्रकाशित एवं प्रसारित गरिने नीति अवलम्बनगरी प्रादेशिक संचार माध्यमहरुलाई प्रोत्साहित गरिनेछ ।

१९६. प्रदेश भित्रका संचार माध्यहरुको अभिलेखीकरण तथा सवलीकरण गरी प्रदेश सरकार एवं मातहतका निकायहरुको लोककल्याणकारी सूचनाहरुलाई एकद्वार प्रणाली मार्फत व्यवस्थित गरिनेछ ।

१९७. आगामी आर्थिक बर्ष देखि लोककल्याणकारी विज्ञापन प्रादेशिक संचार माध्यमहरुबाट समेत प्रकाशित र प्रसारित गरिनेछ ।

१९८. पत्रकारहरुलाई प्रोत्साहन गर्न पत्रकार वृत्ति कार्यक्रम, मधेश पत्रकारिता पुरस्कार, पत्रकार अध्ययन छात्रवृत्ति तथा महिला पत्रकारहरुको लागि विशेष सुरक्षा कार्यक्रम संचालन गरिनेछ। साथै पत्रकारहरुको क्षमता अभिबृद्धिको लागि पत्रकार प्रशिक्षण कार्यक्रमको सञ्चालन गरिनेछ।

१९९. सूचना तथा सामाचारको संप्रेषणलाई व्यवस्थित बनाउन "प्रदेश मुद्रण छापाखाना" तथा "प्रदेश रेडियो' को स्थापना तथा संचालन गरिनेछ । २००. चलचित्र क्षेत्र तथा पर्यटकीय विकासको लागि प्रदेश सरकारको समन्वय तथा सहयोगमा Digital Film Plateform र प्रदेश चलचित्र नगर Province Film City को विकास गरिनेछ ।

माननीय सदस्यहरु,

२०१. प्रदेश निजामति सेवा ऐन कार्यान्वयनको चरणमा रहेको छ । यस ऐन बमोजिम प्रदेश लोकसेवा आयोगले प्रदेश भित्रको रिक्त पदपूर्तिको कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यको शुरुवात गरिसकेको छ । प्रदेश कार्यालयहरुको रिक्त दरबन्दी एवम् बढुवाबाट पदपुर्ति हुने पदहरुको स्वीकृत कार्य योजनानुसार विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, अन्तरवार्ता र नतिजा प्रकाशन लगायतका कार्यहरु सञ्चालन गरिनेछ । प्रदेश सरकारको स्वामित्वमा रहेको संगठित संस्थाका पदपुर्ति प्रकृयालाई समेत प्रदेश लोकसेवा आयोग मार्फत अघि बढाइनेछ ।

२०२. प्रदेशमा सामाजिक रुपान्तरणका लागि सुरुवात गरिएको बेटी पढाउ बेटी बचाउ अभियान अन्तर्गत छोरी मुद्दति बीमा योजना अन्तर्गत प्रदेश भित्र कार्यक्रम लागू भएपश्चात छोरी बीमा कार्यक्रम लोकप्रिय भएको छ । हालको व्यवस्था अनुसार बीस बर्ष पश्चात्त ती छोरीहरुले न्यूनतम तीन लाख नगद प्राप्त गर्ने छन् । सामाजिक रुपान्तरणको यस अभियानलाई अझ परिष्कृत र सशक्त ढंगले अगाडि बढाइनेछ । यस अभियान अन्तर्गत छोरी शिक्षा छात्रवृत्ति, छोरी लोकसेवा तयारी कक्षा, आर्दश विवाह, साइकल वितरण, ल्यापटप र छोरीहरुको राज्य संरचनामा पचास प्रतिशत सहभागिताका लागि संरचनात्मक व्यवस्था गरिनेछ ।

२०३. मुख्यमन्त्री दलित गरीब आवास योजना अन्तर्गत आठवटै जिल्लामा दलित गरीबहरुको लागि नि:शुल्क आवास निर्माण कार्यको प्रारम्भ भैइसकेको छ । नमूना दलित गरीब आवाश योजनालाई निरन्तरता दिइनेछ ।

२०४. प्रदेश सरकारले प्रदान गर्ने सेवा सुबिधालाई सेवाग्राही मैत्री सरल र सहज बनाउन प्रदेश सरकारका प्रशासनिक इकाईहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रादेशिक संरचनाको पुनरावलोकन गरिनेछ । मधेश भवन परिसरमा सेवाग्राही मैत्री आधुनिक सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण गरिनेछ ।

२०५. प्रदेश निजामति कर्मचारीको विवरण व्यवस्थित र वैज्ञानिक रुपमा अभिलेखिकृत गर्न प्रदेश निजामति किताबखानाको स्थापना गरिनेछ ।

२०६. प्रदेश तथा स्थानीय तहका राजनैतिक नेतृत्व तथा प्रशासनिक र प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गर्न प्रदेशमा प्रादेशिक प्रशिक्षण प्रतिष्ठानको स्थापनाका लागि कानूनको निर्माण गरी प्रादेशिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिनेछ ।

२०७. प्रदेशमा गरिने बिकास निर्माण कार्यको प्रभावकारीता एवं गुणस्तरको सुनिश्चितताका लागि कानूनी संरचनाको निर्माण गरी प्रदेशमा एक सुविधा सम्पन्न प्राबिधिक परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

२०८. E–Governance को अवधारणा अन्तर्गत प्रदेशका काम कारवाहीमा आम नागरिकहरुको सहज पहुँचका लागि डिजिटल सूचनामैत्री सूचना प्रविधिको विकासलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । प्रदेशका विभिन्न निकायहरुबाट प्रदान गरिने सेवालाई नागरिकको सहज पहुँचको लागि नागरिक APPS सँग आवद्ध गर्ने कार्यालाई प्राथमिकता दिइनेछ ।

२०९. प्रदेश सरकारको भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ । सार्वजनिक सेवालाई जनमुखी, नतिजामुखी, जवाफदेही र पारदर्शी बनाई सुशासनको प्रत्याभूति गराइनेछ । यसका लागि सार्वजनिक प्रशासनको संस्थागत तथा संरचनात्मक सुधार, जनशक्ति व्यवस्थापन र पूर्वाधार विकासमा जोड दिइनेछ ।

२१०. जन-गुनासो तथा विकासका अवरोधलाई अबिलम्ब सुनुवाई गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रदेशवासीको समस्या तथा गुनासो सुन्ने संयन्त्रको निर्माण गरिनेछ । माननीय मुख्यमन्त्रीको उपस्थितिमा जिल्लाका विभिन्न स्थानहरुमा "अपनेके सरकार अपनेके द्वार" कार्यक्रमको शुरुवात गरी विकास कार्यको अनुगमन, जनताको वास्तविक आवश्यकताको पहिचान, गुनासो तथा सुझाव संकलन र सामाधान गरिने कार्यको शुरुवात गरिनेछ ।

२११. "मुख्यमन्त्री स्वच्छता अभियान" अन्तर्गत प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तिमा १/१ वटा पोखरीको सौन्दर्गीकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिने कार्यको शुभारम्भ भैसकेको छ । प्रदेश सरकारले ऐतिहासिक तथा धार्मिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन गरी वातावरण संरक्षणमा योगदान पुर्याउने र पर्यटकीय गन्तव्य स्थल बनाई स्वदेशी तथा विदेशी तीर्थ यात्रीहरुलाई प्रदेश भित्र घुम्न आर्कषण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसै गरी बिरगंज महानगरपालिका र जनकपुरधाम उप-महानगरपालिकालाई हरित र स्वच्छ सफा शहरमा रुपान्तरण गर्न शहरी वृक्षारोपण, फोहोर व्यवस्थापन र सार्वजनिक शौचालय निर्माणको अभियानलाई बीरगंज महानगरपालिका एवम् जनकपुरधाम उप-महानगरपालिका सँगको सहकार्यमा व्यापक रुपमा सञ्चालन गरिनेछ ।

२१२. मुख्यमन्त्री स्वच्छता अभियानको व्यापकतालाई दृष्टिगत गर्दै अभियानको दिगोपनाका लागि मुख्यमन्त्री स्वच्छता अभियान प्राधिकरण गठन गरिनेछ । ।

२१३. छात्रा शिक्षा छात्रवृत्ति मार्फत छात्राको शैक्षिक स्तर अभिवृद्धि गर्न कक्षा १ देखि ८ सम्मका अति विपन्न दलित तथा मुस्लिम छात्राहरुलाई छात्रवृत्तिको माध्यमवाट प्रोत्साहन गरी शैक्षिक स्तर वृद्धि गर्न छात्रा शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१४. प्रदेश नीति तथा योजना आयोगको सुदृढिकरण गरी योजना तर्जुमा, नीति विश्लेषण, अनुगमन तथा तथ्याङ्क महाशाखाहरुको लागी पर्याप्त दरबन्दी तथा कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

२१५. नीतिगत अध्ययन अनुसन्धान गरी आवश्यक प्रादेशिक नीति, रणनीति, मार्गदर्शन, कार्यविधि तथा योजनाको निर्माणलाई निरन्तरता दिइनेछ । स्थानीय तहहरुलाई योजनावद्ध विकासका लागि आवधिक योजना निर्माणको लागि सहयोग र समन्वय गरिनेछ ।

२१६. प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाई आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२१७. प्रदेश सरकारका निकायमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ । साथै स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता विकास का कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ ।

२१८. प्रदेशका बौद्धिक वर्गलाई प्रदेशको विकासमा स्वयंसेवी रुपमा योगदान दिन अभिप्रेरित गर्न अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

२१९. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी प्रादेशिक प्राथमिकताका क्षेत्रहरुमा परिचालन गरिनेछ।

२२०. प्रदेशमा संचालित महत्वपूर्ण योजनाहरुको अनुगमन संयन्त्र मार्फत नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने कामलाई निरन्तरता दिइनेछ ।

२२१. प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिई प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजन गर्ने नीति लिइनेछ ।

२२२. यस नीति तथा कार्यक्रमले कोभिड-१९ का कारण सृजित आर्थिक समस्याहरुलाई प्रभावकारी समन्वय र सहकार्यको माध्यमबाट कार्यान्वयन गरी आर्थिक वृद्धि दर हासिल गर्नुका साथै प्रदेश सरकारको सोच "उच्च मानव विकास र पहिचान, समृद्ध मधेश समाज" लाई सार्थक बनाउन महत्वपूर्ण सहयोग पुर्याउने विश्वास लिएको छु ।

२२३. कोभिड-१९ महामारीबाट विश्व नै आक्रान्त भइरहेको विद्यमान परिप्रेक्ष्यमा यस महामारी विरुद्ध सबै पक्षहरुसँग ऐक्यबद्ध भई चुनौतीहरुलाई परास्त गर्न प्रदेश सरकार तत्परताका साथ प्रतिबद्ध रहनेछ । साथै, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनद्वारा प्रदेशको सकारात्मक रुपान्तरण एवम् अग्रगमनमा सम्पूर्ण सरोकारवालाहरुको सार्थक रचनात्मक सहयोग, समन्वय एवम् सहकार्यको हार्दिकता पूर्वक अपेक्षा राखेको छु ।

धन्यवाद !


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतमा एकैदिन ३0 लाख बढीलाई कोरोना विरुद्धको खोप

काठमाडौं । कोरोना भाइरसको महामारीविरुद्धको एक मात्र विकल्प रहेको खोप भारतले तीव्र रुपमा लगाइरहेको छ। अहिलेसम्म भारतमा २२ करोड ४१ लाख ९ हजार ४४८ जनाले खोप लगाएका छन्।

शुक्रबार एकैदिन ३० लाख ६५ हजार ७५५ जनाले खोप लगाएका छन्। बिहीबार २४ लाख ९७ हजार २६ जनालाई खोप लगाइएको थियो। बुधबार मात्रै एकै दिन २५ लाख २९ जनाले खोप लगाएका थिए।

खोप लगाएकामध्ये कुल जनसंख्याको ३.४ प्रतिशतले दुवै डोज लगाए भने १३.४ प्रतिशतले कम्तीमा एक डोज लगाएका छन्।

त्यस्तै भारतमा कोरोना भाइरसका संक्रमितहरु तीव्र रुपमा घटिरहेका छन्। शुक्रबार १ लाख ९७ हजार ३७१ जनालाई निको भएको छ। बिहीबार २ लाख ५ हजार ७७१ जनालाई निको भएको थियो।

बुधबार २ लाख ११ हजार ७५० जनालाई निको भएको थियो। मंगलबार २ लाख ३१ हजार २७७ जनालाई निको भएको थियो। १७ मेमा अहिलेसम्मकै सबैभन्दा बढी ४ लाख २२ हजार २५७ जना संक्रमितलाई निको भएको थियो। अहिलेसम्म भारतमा २ करोड ६७ लाख ८७ हजार १३० जना संक्रमित कोरोनामुक्त भएका छन्। भारतमा संक्रमित पनि तीव्र गतिमा घटेका छन्।

शुक्रबार १ लाख २० हजार ३३२ जना संक्रमित थपिएका छन्। बिहीबार १ लाख ३१ हजार २८० जना संक्रमित थपिएका थिए। बुधबार १ लाख ३३ हजार ९५३ जना संक्रमित थपिएका थिए।

भारतमा मे पहिलो साताको बिहीबार अहिलेसम्मकै सबैभन्दा बढी ४ लाख १४ हजार १८२ संक्रमित थपिएका थिए। भारतमा अहिलेसम्म २ करोड ८८ लाख ९३ हजार ८३५ जना संक्रमित पुगेका छन्।

शुक्रबार ३ हजार ३७० जनाको ज्यान गएको छ। बिहीबार २ हजार ७०५ जनाको ज्यान गएको थियो। बुधबार २ हजार ८९७ जनाको ज्यान गएको थियो। १७ मेमा अहिलेसम्मकै सबैभन्दा बढी ४ हजार ५३० जनाको ज्यान गएको थियो। योसँगै भारतमा अहिलेसम्म ३ लाख ४४ हजार १०१ जनाको ज्यान गइसकेको छ।

सक्रिय संक्रमित घटेर १५ लाखमा झरेका छन्। हाल १५ लाख ५१ हजार १०४ जना सक्रिय संक्रमित रहेका छन्।

# मोस्ट वान्टेड चोकसीलाई भारतले फिर्ता ल्याउने

**नयाँदिल्ली। भारतमा लाखौं डलरको बैङ्क घोटाला गरेर मोस्ट वान्टेड बनेका मेहुल चोकसीलाई भारत सरकारले जसरी पनि फिर्ता ल्याउने बताएको छ। भारतले न्याय सङ्गत सजाय दिन फरार अपराधीलाई जसरी पनि देश फिर्ता ल्याउने प्रस्ट पारेको हो।**

**डोमिनिकन पुलिसको हिरासतमा रहेका भगौडा मेहुल चोकसीबारे प्रश्नको उत्तर दिँदै बिहीबार विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीका** अनुसार भारत भगौडाहरुलाई फिर्ता ल्याउन हर सम्भव प्रयास गरिरहेको छ। अपराधीले न्यायको सामना अवश्य गर्नुपर्ने छ।

चोकसी प्रत्यर्पण सम्बन्धी मुद्दाको सुनुवाइका लागि भारतको आठ सदस्यीय टोली शुक्रवार साँझ नयाँ दिल्लीबाट निजी जेटमा प्रस्थान गरेको थियो। सो टोली शनिवार दिउँसो डोमिनिकामा अवतरण गरेको थियो।

यसको पुष्टि गर्दै एन्टिगुवा र बार्बुडाका प्रधानमन्त्री ग्यास्टन ब्राउनले भनेका थिए कि भारतमा लाखौं डलरको बैङ्क घोटालामा संलग्न चोकसी सँग सम्बन्धित केही कागजातहरू लिएर डोमिनिकामा एउटा निजी जेट अवतरण भएको छ।

एन्टिगुवा र बार्बुडाका प्रधानमन्त्रीका अनुसार, भारतीय अधिकारीहरू बुधवार (२ जून) मा भएको अदालतको सुनुवाइका लागि पुगेका थिए। किनकि डोमिनिका अदालतले उनको निर्वासनमा रोक लगाएको थियो।

चोकसी १३ हजार ५०० करोड पन्जाब नेश्नल बैङ्क (पीएनबी) मामिलाका लागि भारतका सीबीआई र प्रवर्तन निर्देशनालय द्वारा फरार अपराधीको रूपमा वान्टेड छन्। उनी मे २३ देखि टापु देशबाट हराइरहेका थिए। उनको लागि ठुलो स्तरमा खोजी अभियान चलाइएको थियो। उनलाई मे २६ मा डोमिनिका मा पक्राउ गरिएको थियो।

## हिन्द महासागरमा भारत र थाइल्यान्डका सेनाले सुरू गरे समुद्री अभ्यास

काठमाडौं। भारत र थाइल्यान्डले हिन्द महासागरमा तीन दिवसीय समुद्री अभ्यास सुरु गरेका छन्। अभ्यासमा भारत नौसेना जहाज (आईएनएस) सरयू र थाइल्यान्डको एचटीएमएस क्रबी पोत दुवै नौसेनाका विमान जून ९ देखि ११ सम्म अभ्यासमा भाग लिने छन्। 'दुई देशबिच समुद्री सम्बन्धलाई मजबुत पार्न र हिन्द महासागरको यस महत्त्वपूर्ण अंशलाई अन्तर्राष्ट्रिय व्यापारको लागि सुरक्षित राख्ने लक्ष्यका साथ ती दुई नौसेनाले २००५ देखि अन्तर्राष्ट्रिय समुद्री सीमा रेखा (आईएमबीएल)मा द्वीवर्षिय कोर्पाट सञ्चालन गरिरहेका छन्,' भारतीय रक्षा मन्त्रालयले एक विज्ञप्तिमा उल्लेख छ। अभ्यासले गैर कानुनी गतिविधिहरू जस्तै अवैध असूचित अनियमित (आईयूयू) माछा मार्ने, लागूपदार्थको तस्करी, समुद्री आतङ्कवाद, सशस्त्र डकैती र चोरी लाई रोक्न र दबाउन सहयोग पुऱ्याउँछ। यसले तस्करी रोकथाम, अवैध आप्रवासन र समुद्रमा एसएआर अपरेशन सञ्चालनका लागि सूचना आदानप्रदान गरेर सञ्चालन तालमेल वृद्धि गर्न मद्दत गर्दछ। भारत सरकारको अवधारणा सागर (सुरक्षा र सबै क्षेत्रका लागि विकास र वृद्धि) को एक हिस्साको रूपमा भारतीय नौसेना क्षेत्रीय समुद्री सुरक्षा अभिवृद्धि गर्न हिन्द महासागर क्षेत्रका देशहरूसँग सक्रिय रूपमा संलग्न रहेको छ। यो द्विपक्षीय र बहुपक्षीय अभ्यास, सम्भावित गस्ती, संयुक्त ईईजेड निगरानी, मानवीय सहायता र आपद् राहत (एचएडीआर) अपरेसनहरू मार्फत भएको छ।

## भारतमा १८ हात्तीको कोरोना परीक्षण

चेन्नई। भारतमा २८ ओटा हात्तीको कोरोनाभाइरसको परीक्षण गरिएको छ। जनावरहरुलाई पनि कोरोनाभाइरसको संक्रमण भएको हुन सक्ने आशंकामा उनीहरुको कोरोना परीक्षण गरिएको हो। दक्षिण भारतको तमिलनाडु प्रदेशमा पर्ने चेन्नईमा रहेको मुडुमालै टाइगर रिसोर्टमा रहेका २८ हात्तीको कोरोना परीक्षण गरिएको अधिकारीहरुले जनाएका छन्। परीक्षणका लागि निकालिएको उनीहरुको स्वाब उत्तर प्रदेश अन्तर्गतको भारतीय भेटेनरी अनुसन्धान संस्थामा पठाइएको जनाइएको छ। परीक्षणको नतिजा केही दिनमा आउने अपेक्षा गरिएको पनि अधिकारीहरुले जानकारी दिएका छन्। यसअघि सोही रिसोर्टमा कोरोनाका कारण एउटा सिंह मरेको र अन्य केही सिंहहरु बिरामी भएका थिए।

## दिल्लीमा तेस्रो चरणको महामारी विरुद्धको तयारी

नयाँदिल्ली। भारतको दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले कोरोनाभाइरसको तेस्रो महामारी विरुद्ध तयारी सुरु गरेका छन्। उनले सरोकारवालाहरुसँग यसअघि झै छलफल गर्न लागेको अधिकारीहरुले जनाएका छन्। तेस्रो चरणको महामारीका बेलामा हुन सक्ने सम्भावित क्षति र त्यसको न्यूनीकरण तथा नियन्त्रणका लागि गर्न सकिने उपायहरुका बारेमा उनले परामर्श लिन लागेका हुन्। दिल्ली सरकारले तेस्रो महामारी विरुद्ध लड्नका लागि तयारी गर्न गत मे २७ मा १३ सदस्यीय एउटा समिति समेत गठन गरेको छ। उनीहरुले पनि विज्ञ तथा सरोकारवालाहरुसँग छलफल गरेर सरकारलाई सुझाव दिने उनले जानकारी दिए। स्वास्थ्य सेवाका लागि आवश्यक भौतिक संरचना, अक्सिजन प्लान्ट, औषधीको पर्याप्ततालगायतका विषयमा ध्यान दिनु पर्नेमा अधिकांशको सुझाव रहेको पाइएको छ। मुख्यमन्त्री केजरीवालले अर्को ८ सदस्यीय विज्ञ टोली पनि बनाएका छन्। त्यसले तेस्रो चरणको महामारी व्यवस्थापनमा सुझाव सल्लाह दिने बताइएको छ।

## पाकिस्तानमा प्रेस स्वतन्त्रताको अवस्था नाजुक

इस्लामाबाद। पाकिस्तानमा प्रेस स्वतन्त्रताको अवस्था नाजुक बन्दै गएको एक रिपोर्टले जनाएको छ। प्रेस स्वतन्त्रताको सूचाकांकमा विश्वका १७९ मुलुकहरुमध्ये पाकिस्तान १४५औं स्थानमा रहेको अन्तर्राष्ट्रिय मिडिया वाचडग रिपोर्टर्स विदआउट बोर्डर्सले जनाएको छ। विश्व प्रेस स्वतन्त्रता सूचाकांकमा पाकिस्तान तल परिरहेको रिपोर्टमा उल्लेख छ। पाकिस्तानमा केही वर्षयता पत्रकार र प्रेसमाथि आक्रमणको घटनाहरु बढीरहेका छन्। पछिल्लो समयमा, इस्लामाबादमा वरिष्ठ पत्रकार अब्सर आलममाथि गोली हानी हत्या प्रयास भएको थियो। पाकिस्तानमा प्रेसमाथि सरकारी हस्तक्षेपले पनि प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने काम भएको बताइन्छ। यस्ता तथ्यांक तथा घटनाहरुले पाकिस्तानमा प्रेस स्वतन्त्रता वास्तविक रुपमा अभ्यास हुन नसकेको देख्न सकिन्छ।

## भारत आफैले बनाएको तीन हेलिकप्टर नौसेनामा

काठमाडौं। भारतले नौसेनामा तीन स्वदेश निर्मित एएलएच एमके-३ हेलिकप्टर समावेश गरेको छ। सोमबार विशाखापट्टनम स्थित आइएनएस डेगा नौसेना एयर स्टेसनमा तीन स्वदेश निर्मित बहु-भूमिका उन्नत लाइट हेलिकप्टर (एएलएच) एमके ३ लाई सेनामा समावेश गरेको हो। हिन्दुस्तान एयरोनटिक्स लिमिटेडद्वारा निर्मित, यी हेलिकप्टरहरू अत्याधुनिक उडान गर्ने मेसिनहरू हुन्। यस अघि यस्तो प्रणाली केवल भारतीय सेनाको भारी, बहु-भूमिका हेलिकप्टरमा मात्र देखिन्थ्यो। रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार यी हेलिकप्टरहरूमा आधुनिक निगरानी राडार र इलेक्ट्रिक-अप्टिकल उपकरण लगाइएको छ, जसले उनीहरूलाई दिनरात खोजी र बचावको साथसाथै समुद्री टोहीको भूमिका पनि निर्वाह गर्न सक्षम गर्दछ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका कियाकलाप गरेको गुनासो आएको हुंदा कोहि कसैले पनि गैर कानूनी कियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारवाही हुने व्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विराटनगरमा मजदुरलाई राहत वितरण

विराटनगर। के एल दुगड समुहले विराटनगर स्थित विराटनगर बसपार्कमा कार्यरत दैनिक मजदुरहरुलाई दाल, चामल, तेल, नुन लगायत खाद्य सामग्रीहरु वितरण गरेको छ। कोरोना महामारीले गर्दा बसपार्क स्थित दैनिक ज्यालादारी मजदुरहरुलाई राहत स्वरुप खाद्य सामग्री वितरण मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी कोशहरि निरौलाको उपस्थितीमा वितरण गरिएको थियो। के एल दुगड समूहले कोहलपुर स्थित नेपालगन्ज मेडिकल कलेजमा दैनिक ४०० जना बिरामी कुरुवाहरुलाई खाना खुवाउने कार्यक्रममा पनि दाल तथा चामल खाद्यान्न सहयोग गरेको छ। उक्त कार्यक्रम २०७८ असार मसान्तसम्म रहनेछ भने नेपालगन्ज स्थित भेरी अस्पतालमा सन्चालित सहुलियत भोजन कार्यक्रममा पनि दाल, चामल तथा पिठो सहयोग गरीरहेको छ। सो सहयोगले उक्त अस्पातलमा सन्चालित भोजन गृहमा जम्मा २० रुपैयाँमा खाना उपलब्ध हुँदै आएको छ।

## सेना, प्रहरी र सशस्त्रबीच संयुक्त अभ्यास

गौर। रौतहटमा विपद् व्यवस्थापनको लागि पूर्वाभ्यास शुरु भएको छ। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले संयुक्त रुपमा गर्ने अभ्यास सदरमुकाम गौरस्थित बरहवा तालमा ३ दिनसम्म चल्नेछ। बाढी तथा डुवान बाट हुने जोखिम न्यूनीकरणका लागि रौतहटमा पूर्वतयारी अभ्यासको आयोजना गरिएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेश यादवले जानकारी दिए। बाढी तथा डुवानबाट पीडित रौतहटबासीलाई उद्धार र राहतका लागि यस्ता अभ्यासहरुले थप सहयोग गर्ने विश्वास लिएको छ। अभ्यासमा बाढीमा फसेकाहरुको उद्दार, घाइतेहरुको उद्दार, प्राथमिक उपचारको बारेमा जानकारीसमेत दिइने प्रजिअ यादवले बताए।

## रेड पाण्डाको छालासहित पक्राउ

कैलाली। गोदावरी नगरपालिका-५ गेटा सामुदायिक बनबाट १ थान रेड पाण्डाको छाला सहित बझाङ बित्थड गाउँपालिका-५ देउलेख बस्ने २३ वर्षीय अमर धामीलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। उक्त बनबाट रेड पाण्डाको छाला बोकी लगेको भन्ने सूचानाको आधारमा संघीय प्रहरी ईकाई कार्यालय धनगढीबाट खटिएको प्रहरीले धामीले बोकी राखेको अवस्थामा उक्त छाला सहित फेला पारी उनलाई पक्राउ गरेको हो।

## जिल्ला समाचार

## धनुषामा जेठ ३१ सम्म निषेधाज्ञा थपियो

जनकपुरधाम। जिल्ला प्रशासन कार्यालय धनुषाले निषेधाज्ञाको समयावधि सोमबार थप गरेको छ। प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद वास्तोलाले जिल्लाभरि जेठ ३१ गते राति १२ बजेसम्मका लागि पाँचौ पटक निषेधाज्ञा थपिएको जानकारी दिए। यसअघि जिल्ला कोरोना सङ्क्रमण व्यवस्थापन समितिको बैठकले यही जेठ २४ गते अर्थात् सोमबार राति १२ बजेसम्म निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको थियो। सरकारले हालै जारी गरेको कोभिड–१९ संकट व्यवस्थापन अध्यादेश २०७८ बमोजिम जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञालाई थप कडाइ गर्ने जनाएको छ। निषेधाज्ञा उलङ्घन गर्ने र अवरोध गर्नेलाई अध्यादेशमा भएको व्यवस्था अनुसार कारबाही गर्न सुरक्षाकर्मीलाई निर्देशन दिइसकिएको प्रजिअ वास्तोलाले बताए। जिल्ला प्रशासन कार्यालय धनुषाका अनुसार जिल्लाभित्र कोभिड–१९ को नयाँ भेरियन्टको सङ्क्रमण दरमा क्रमशः सामान्य सुधार देखिएता पनि सङक्रमणको जोखिम अझै कायम रहेकाले त्यसको रोकथामका लागि निषेधाज्ञा थप गरिएको हो। निषेधाज्ञाको अवधिमा अत्यावश्यक सेवाका बाहेक अन्य सबै सेवा बन्द रहने बताइएको छ।

## प्रहरीमाथि ढुंगामुढा प्रहार गर्ने ३ जना पक्राउ

रौतहट। गरुडा नगरपालिका-२ गेडही गुठीस्थित विवाह घरमा प्रहरीमाथि ढुंगामुढा प्रहार गरी घाइते बनाएको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। आइतबार साँझ पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने २५ वर्षीय सुनिल कुमार सहनी, ३३ वर्षीय दिलिप सहनी र कटहरिया नगरपालिका-६ फत्तेपुर बस्ने ३७ वर्षीय राधा साह रहेका छन्। सोही ठाउँ बस्ने १९ वर्षीय सुजित कुमार सहनीको विवाहमा निषेधाज्ञाको समयमा मापदण्डविपरीत मानिसहरुको उपस्थितिमा डिजे बाजा बजाएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय शिवनगर तथा गरुडाबाट खटिएको संयुक्त प्रहरी टोलीले बाजा बन्द गराउने क्रममा उल्टै प्रहरीमाथि ढुंगामुढा प्रहार गरे पछि उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएको हो। ढुंगामुढा प्रहारबाट घाइते भएका प्रहरी नायव उपरीक्षक द्वारिका प्रसाद घिमिरेको झाजपुलस्थित ग्रेण्डी हस्पिटलमा उपचार भइरहेको छ भने अन्य ६ जना प्रहरी कर्मचारीहरु उपचार पश्चात डिस्चार्ज भएका छन्।

## बाँकेमा निषेधाज्ञा थप

नेपालगञ्ज। बाँकेमा निषेधाज्ञालाई निरन्तरता दिइएको छ। प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जेठ ३१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञालाई निरन्तरता दिइएको जानकारी दिए। कोरोना संक्रमणको जोखिम अझै कायम नै रहेकाले निषेधाज्ञालाई निरन्तरता दिइएको प्रमुख जिल्ला अधिकारी गेलालको भनाइ छ। बाँकेमा वैशाख १३ गते रातिदेखि निषेधाज्ञा लगाइएको छ। त्यसअघि वैशाख ९ गतेदेखि नेपालगञ्ज एरियामा मात्रै निषेधाज्ञा लगाइएको थियो। निषेधाज्ञा भए पनि बिहान ७ देखि १२ बजेसम्म दैनिक उपभोग्य बस्तुका पसल सञ्चालनमा रहने प्रशासनले जानकारी दिएको छ।

## नेपाल-भारतका अधिकारीबीच साझा प्रयासमा जोड

विराटनगर। नेपाल र भारतका सुरक्षा अधिकारीले कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि आपसी सहकार्य एवम् साझा प्रयासमा जोड दिएका छन्। दुई देशका अधिकारीबीच आइतबार सम्पन्न भएको सुरक्षा बैठकमा कोरोनाका कारण निम्तिएको मानवीय संकटका सवालमा गम्भीर छलफल भएको छ। छलफलबाट दुई देशको साझा प्रयासबिना कोरोनाविरुद्धको लडाइँमा सफलता प्राप्त गर्न नसकिने निष्कर्ष निस्किएको छ। भर्चुअल माध्यमबाट बैठकमा सहभागिता जनाएका दुवै देशका सुरक्षा अधिकारीले कोरोना नियन्त्रण अहिलेको मुख्य चुनौती रहेको उल्लेख गरेका छन्। बैठकमा नेपालका तर्फबाट मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौला, मोरङ प्रहरी प्रमुख एसपी सन्तोष खड्का, सशस्त्र प्रहरी प्रमुख एसपी तीर्थ पौडेल तथा सुनसरीका प्रमुख जिल्ला अधिकारी उमेश ढकाल, प्रहरी प्रमुख एसपी कमल थापा र सशस्त्र प्रहरी प्रमुख माधव पौडेल सहभागी भएका थिए। भारतका तर्फबाट मोरङ र सुनसरीसँग सीमा जोडिएको बिहार राज्यको अररिया जिल्लाका सुरक्षा अधिकारी बैठकमा सहभागी थिए। बैठकमा भारतको तर्फबाट अररिया जिल्लाका डीएम (जिल्ला प्रमुख) प्रशान्त सी.एच र एसपी हृदयकान्त पनि उपस्थित थिए। बैठकमा कोरोना नियन्त्रणका सवालमा देखिएका समस्या र चुनौतीका विषयलाई लिएर गहन छलफल भएको छ। यस्तै कोरोना थप फैलन नदिन दुई देशीय सीमा नाकामा थप कडाइ गर्ने, सीमा क्षेत्रबाट भइरहेको आवतजावतलाई पूर्ण रुपमा नियन्त्रणमा लिएर शून्यमा झार्ने, कोरोना नियन्त्रणका लागि आपसी सहयोग र सहकार्यलाई कायम राख्दै साझा प्रयासमा जोड दिने, आवश्यकता अनुसार सूचना आदानप्रदान गर्ने, सीमा कडाइलाई यथावन राख्ने लगायतका विषयमा सहमति भएको छ।

## वीरगन्जमा असार १ गतेबाट विद्यालय खुल्ने

वीरगन्ज। वीरगन्जमा आगामी असार १ गतेदेखि विद्यालय खुल्ने भएको छ। वीरगन्ज महानगरपालिकाले असार १ गतेदेखि स्वास्थ्यका सबै मापदण्ड पुरा गरेर विद्यालय खोल्ने निर्णय गरेको मेयर विजय कुमार सरावगीले बताए। सबै परिस्थिति सामान्य रहेमा पहिलो चरणमा कक्षा ८ देखि १२ सम्मका कक्षा संचालन गरिने उनले बताए महानगरमा कोरोना घट्दो रहेकोले शैक्षिक कार्यक्रम सुरु गर्न लागिएको उनको भनाई छ। विद्यालयमा भौतिक उपस्थिति गराएर पठनपाठन गर्न अभिभावकहरुबाट लिखित सहमति लिने र स्वास्थ्यका मापदण्ड पूरा गर्न भनिएको छ। महानगरले कक्षा सञ्चालनका लागि ७ वटा सर्त बनाएको छ। विद्यालयका सवारी सधान नचलाउन महानगरले भनेको छ। शिक्षण सिकाईका वैकल्पिक उपाय विद्यालय र अभिभावकबीच सहमति गरेर गर्न भनिएको छ। असार १ देखि ७ गतेसम्म भर्ना लगायतका व्यवस्थापकीय काम हुने, ८ देखि १५ गतेसम्म भर्ना सप्ताहका लागि घरदैलो र असार १५ पछि नियमित पठन पाठन सुचारु गर्न महानगरले भनेको छ।

## विपन्नलाई खाद्यान्न र स्वास्थ्य सामाग्री

विराटनगर। **बिराटनगरका मुस्लिम युवाहरुले लामो समयसम्मको लकडाउनका कारण समस्यामा परेका बिपन्न परिवारलाई खाद्यान्नसहित स्वास्थ्य सुरक्षा सामाग्री घर घरमा पुऱ्याएका छन्। लकडाउनका कारण रोजगारी गुमाएका परिवारलाई नगद, खाद्यान्न चामल, दाल, तेल, नुनसहित दैनिक उपभोग्य सामाग्रि घर-घरमा पुऱ्याएको नेपाल यार्दिमेली इण्टरनेशनल हुमानेटरियन इण्ड एशोसियसनका अध्यक्ष इमरान खानले बताए। नेपाल यार्दिमेली इण्टरनेशनल हुमानेटरियन इण्ड एशोसियसन मार्फत बिराटनगरको हरिनगर गाउँपालिका घुस्किममा रहेका असहाय बालबालिकालाई उनीहरुले पाठ्यपुस्तक र कपीको जोहो गर्न नगद रुपैयाँसमेत बितरण गरेका हुन्। कम्पनीका प्रमुख डाक्टर जहिर आलमले कोही पनि भोकमरीको चपेटामा पर्न नपरोस भन्ने उद्देश्यले निरुन्तर रुपमा काम गरिरहेको बताए। निषेधाज्ञाका कारण बिराटनगरको दुर्गम क्षेत्रमा ज्याला मजदुरी गर्ने सर्वसाधरण भोकभोकै पर्ने अवस्था रहेको छ। दुर्गम क्षेत्र भएकाले स्थानीय तहलेसमेत ध्यान दिन नसकेको कारण मस्लिम युवाहरुले संयुक्त रुपमा अतिआवश्यक खाद्य सामाग्री घरदैलोमा वितरण गरेको अभियान्ता मोहम्मद कलामले जानकारी दिए। अति बिपन्न समूदायलाई उनीहरुले प्रति परिवार २५ केजी चामल, दाल, र आवश्यक नगदसमेत सहयोग गरेका छन्। जसले गर्दा केहि महिनाका लागि भएपनि यस क्षेत्रका सर्वसाधरणको भोकमरी टरेको छ।**

## अत्यावश्यकबाहेक पसल खोल्ने १३ पक्राउ

**पर्सा। निषेधाज्ञाका समयमा अत्यावश्यक सामग्रीबाहेक व्यापारिक फर्म जबरजस्ती खोलेको पाइएपछि पर्सा प्रहरीले विभिन्न फर्मका १३ जनालाई पक्राउ गरेको छ। अटेर गरी जबरजस्ती खोलेको पाइएपछि उनीहरूलाई पक्राउ गरिएको पर्सा प्रहरीले जनाएको हो। पक्राउ पर्ने व्यापारिक फर्मका व्यक्तिहरूमा वीरगन्ज महानगरपालिका-१६ का हार्डवेयर संचालक उपेन्द्र साह, सोही ठाउँका अर्का बोलबम हार्डवेयर पसल संचालक राहुल साह, कृति सप्लायर्सका सोही ठाउँका दयानन्द साह, वीरगन्ज १५ पिपरा बस्ने उमंग ट्रेडिङका रितेश महतो, वीरगन्ज-२ आदर्शनगरका सर्राफ इलेक्ट्रोनिक्सका आरएन सर्राफ, सोही ठाउँका दीपक पान सेन्टरका दिपक सर्राफ, अरप्याट इलेक्ट्रोनिक्सका संजय कुमार सोनार, सोही ठाउँका सन्तोष श्रेष्ठ, वीरगन्ज-६ का स्टेशनरी पसल संचालक सुभम गुप्ता, रहेका छन्। त्यसैगरी सिलाइ कटाइ पसल संचालक वीरगन्ज-४ का जाहिल मियाँ, रौनियार कपडा पसलका जितेन्द्र प्रसाद, पानीपुरी पसल संचालक नागेश्वर बानियाँ र सिलाइकटाइ पसलकै अर्का विश्वनाथ प्रसादलाई पनि पर्सा प्रहरी मातहतको प्रहरीले पक्राउ गरेको पर्सा प्रहरीले जनाएको छ। पक्राउ परेका अभियुक्तहरूलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई निषेधाज्ञाभर जबरजस्ती पसल संचालन नगर्न सम्झाइबुझाई सानो नसियतमा छाडिएको पर्साका प्रहरी नायव उपरीक्षक खनालले बताए। जबरजस्ती व्यापारिक फर्म संचालन गरी भीड जम्मा गर्न र संक्रमणलाई बढावा गर्न निषेधाज्ञाको समयमा कसैलाई पनि छुट नहुने भएकोले प्रहरीले कडाइ गर्न परेको उनको भनाइ छ।**

## विभिन्न लागूऔषसहित तीन जना पक्राउ

**कैलाली। धनगढी उपमहानगरपालिका-२ कृष्णनगर टोलबाट ६ ग्राम १ सय ७५ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर, ६ ट्याब्लेट नियन्त्रित लागूऔषध नाईट्रोभेट र १ थान डिजिटल तराजु सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। सोमबार दिउँसो पक्राउ पर्नेहरुमा धनगढी उपमहानगरपालिका-२ बस्ने २५ वर्षीय संजिप सिंह, सोही उपमहानगरपालिका-७ बस्ने २० वर्षीया मैना साउँद र धनगढी उपमहानगरपालीका-२ कृष्णनगर टोल डेरा गरी बस्ने बैतडी घर भएकी ३५ वर्षीया लक्ष्मी भट्ट रहेका छन्। लक्ष्मीको कोठामा लागूऔषध कारोबार भइरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।**

## वीरगन्जका व्यवसायीहरूको चेतावनी

**वीरगन्ज। वीरगन्ज उद्योग वाणिज्य संघले वीरगन्ज क्षेत्रका उद्योगी व्यवसायी, मजदुर र कर्मचारीका लागि तत्कालै १ लाख डोज कोभिड विरुद्धको खोप सरकारसँग माग गरेको छ। मङ्गलबार संघले स्वास्थ्य तथा जनसंख्यामन्त्रीलाई पत्रचार गरेर वीरगन्जको निजी क्षेत्रलाई तत्काल १ लाख डोज खोप माग गरेको हो। संघकाअनुसार वीरगन्ज पथलैया औद्योगिक कोरिडोरमा साना ठूला गरी करिब १ हजार उद्योगहरु सञ्चालनमा छन्। ती उद्योगहरुमा उद्योगी, मजदुर, कर्मचारी गरी १ लाख भन्दा बढी जनशक्ति कार्यरत रहेको संघले जनाएको छ। त्यसकारण तत्काल १ लाख डोज खोप वीरगन्जको निजी क्षेत्रका लागि उपलब्ध गराइदिन संघले स्वास्थ्यमन्त्रीलाई पत्र नै लेखेर माग गरेको संघका अध्यक्ष सुबोध गुप्ताले बताए। कोभिड महामारीको उच्च जोखिमका बीचमा पनि उद्योग कलकारखाना सञ्चालन गरेर अत्यावश्यक वस्तुको आपूर्ति गरिरहेको भए पनि खोप अभियानमा सरकारको प्राथमिकतामा निजी क्षेत्र नपरेको गुनासो संघको छ। प्राथमिकतामा नपरेकै कारण अहिलेसम्म पनि उद्योगी, मजदुर र कर्मचारीहरु कोभिड विरुद्धको खोपबाट बञ्चित रहनु परेको संघले जनाएको छ।**

कला/साहित्य

कमल मण्डल



# सबै भूमिकामा फिट कलाकार बौवालाल खंग



मैथिली कला क्षेत्रमा हास्य कलाकारको कुरा गर्ने हो भने एउटा नाम अवश्य लिनैपर्छ । बौवालाल खंग । जसले हजारौंको संख्यामा विभिन्न भूमिकामा अभिनय गरेको भिडियो यूट्यूबमा रहेको छ । सानैदेखि रामलीला, सोरठ नाच, अल्हारुदल, राजा सल्हेस, रुनाझुना लगायतका विभिन्न नाचहरुमा विभिन्न भूमिकामा अभिनय गरेको अनुभवकै कारण अहिले मैथिली सिने संसार यूट्यूव च्यानलमा तहल्का मचाएका छन् ।

जस्तोसुकै मान्छेको नक्कल गर्ने क्षमता भएकै आधारमा सबैको लोकप्रिय बनेका छन् । नेपाल बाहेक मलेसिया, दोहा, कतार, साउदीमासमेत उनले अभिनय गरेको भिडियो चर्चित रहेका छन् । सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर एक इनर्वा स्थायी घर भएका कलाकार बौवालाल जस्तोसुकै तनावमा रहेको मान्छेलाई हसाएरै छाड्छ ।

आफ्नो गाउँमा बच्चाहरुको माझ अझ धेरै नै लोकप्रिय हुनुको कारण चुटकिला, खिस्सा र विभिन्न प्रकारका कथा सुनाउनु रहेको छ । भोला बाबाको असली भक्त रहेका बौवालाललाई गाउँमा बमभोले त कोही भोलेनाथको नामले बोलाउने गरेको छ । धेरैवटा सडक नाटक र सर्ट फिल्महरुमा समेत अभिनय गरिसकेका बौवालाल विगत तीन वर्षदेखि निकै खुसी देखिन्छ । त्यसको एउटै कारण हो हटिया बजार मेजमानी जता गएपनि उनलाई देखेर मान्छेहरु हास्ने गरेको र तपाईको भिडियो धेरै राम्रो लागेको भनेर सुनेपछि एकदमै खुशी लागेको कुरा कलाकार बौवालाल बताउँछन् ।

आफूले जीवनमा अनुभव गरेका, देखेका, सुनेको कुरालाई नै अलि मिलाएर मात्र भन्ने गरेको बताउँछन बौवालाल । बजार जाँदा धेरै जनाले मलाई चिनेर चिया खुवाउने गरेको र मसँग फोटो खिचाउने गरेको कुरा बताउने बौवालाललाई सुटिंगको बेलामा कथावस्तु एकचोटी भनेपछि पुग्छ । सुटिङ्गको समयमा पनि सबैलाई हसाउने गरेको बौवालाल मैथिली सिने संसार यूट्यूब च्यानल बाहेक पनि धेरै जनाको च्यानलमा काम गरेको कुरा बताउँछन् ।

कहाँ–कहाँबाट आउँछ साथीहरु, बाबा एक दिन मात्र भएपनि मेरो च्यानलमा काम गरिदिनु पर्यो भन्दै गाडी लिएर आउँछ । अहिलेसम्म कसैलाई पनि खाली हात पठाएको छैन । सकेजति गएर गरिदिन्छु । भगवानले मेरो सबै इच्छा पुरा गरेको छ । हामी सम्पूर्ण परिवार खुशी छु मेरो सास रहुन्जेल आफ्नो अभिनय मार्फत दर्शक स्रोताहरुलाई मनोरञ्जन गराइरहने बताउने बौवालाल वास्तवमा मनको एकदमै धनी रहेको छ । अहिलेसम्म कसैसँग झैझगडा गरेको छैन बरु मिलाउने काम गर्छन् । बसन्ती सरदार, परी साह, प्रिति अधिकारी, चाँदनी लगायत दर्जन महिलाहरुसँग अभिनय गरिसकेका छन् । बौवालालले अभिनय गरेको भिडियोहरु २५ लाखसम्म मान्छेले हेरेको छ ।

# उपप्रधान एवम् परराष्ट्रमन्त्री र भारतीय राजदूतबीच भेटवार्ता



काठमाडौं । उपप्रधान एवम् परराष्ट्रमन्त्री रघुवीर महासेठ र नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राबीच शिष्टाचार भेटवार्ता भएको छ । राजदुत क्वात्राले बुधबार सिंहदरबारस्थित् परराष्ट्र मन्त्रालय पुगेर उपप्रधान एवम् परराष्ट्रमन्त्री महासेठसँग भेटवार्ता गरेका हुन् । भेटवार्ताको क्रममा राजदूत क्वात्राले उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री भएकोमा महासेठलाई बधाई दिएका हुन् । भेटवार्ताको क्रममा राजदुत क्वात्राले भारतीय विदेमन्त्री एस. जयशंकरले पठाएको बधाई सन्देश समेत ज्ञापन गरेका थिए । द्विपक्षीय हितका विषयमा उनीहरुबीच कुराकानी भएको जनाईएको छ । भेटका क्रममा कोभिडविरुद्धका खोपको विषयमा पनि कुराकानी भएको थियो ।

## प्रतिगमनलाई...

बैठक बसाउने, न कार्यकारिणी समितिको बैठकमा आउने र रिसोर्टमा गएर संसदीय दलको नेता गर्ने काम राम्रो होइन । कार्यकारिणी समितिको बैठक बसाउँदा महन्थ र राजेन्द्रजीलाई कोरोना लाग्छ रे तर रिसोर्ट, बालुवाटार, सिंहदरबार र विभिन्न एजेन्सीहरुमा कुद्दा उहाँहरुलाई कोरोना लाग्दैन । भनेपछि पद्धति र सिस्टम नै कहिल्यै नबुझेका पात्रहरु हुन् महन्थ ठाकुर र राजेन्द्रजीहरु । पार्टीको पद्धति र सिद्धान्त बुझेको भए सम्भवत: जतिसुकै असन्तुष्टि भएपनि संसदीय दलको नेता चयन वा सरकारमा जाने सवालमा एकीकृत पार्टीको विधानअनुसार केन्द्रीय कार्यकारिणी समितिमा प्रक्रियागतरुपमा आउनुपर्दथ्यो ।

हामीलाई लाज लाग्न थालेको थियो कि हामी सिद्धान्त र पद्धति नकुझेका महन्थ ठाकुरको नेतृत्वमा हामी काम गरिरहेका थियौं । महन्थ ठाकुरप्रति हाम्रो मनमा धेरै सम्मान थियो । तर उहाँको हर्कतका कारण आफैबाट अपमानजनक महसुस भइरहेको छ । ओली सरकारमा जानुपर्ने थियो वा संसदीय दलको नेता बनाउनुपर्ने नै थियो भने त्यसको विधि र पद्धति छ नि । महेश बस्नेतको नेतृत्वमा रिसोर्टमा संसदीय दलको नेता चयन गर्ने अनि त्यसका निम्ति हामी महन्थ ठाकुरलाई नेता मानिदिनुपर्ने ? सरकारमा नेतृत्व लिनका निम्ति लालायित हुने राजेन्द्र महतोलाई हामीले नेता मानिदिनुपर्ने ? त्यसैका निम्ति हामी एकता गरेका थियौं र ?

(यादव प्रदेश २ को भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री हुन ।)

# भारतले नेपाललाई फरक हिसाबले हेर्नुपर्छ : प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतले कोरोना महामारीमा अरु देशलाई भन्दा नेपाललाई अलि फरक किसिमले सहयोग गनुपर्ने बताएका छन् । बीबीसी हिन्दीकी शालू यादवसँगको कुराकानीमा प्रधानमन्त्री ओलीले खुला सीमा र आवागमन भएकाले पनि भारतले थोरै फरक हिसाबले नेपाललाई हेर्नुपर्ने बताएका हुन् । 'अरु देशलाई भन्दा अलि फरक गर्न म प्रधानमन्त्री नरेन्द्र मोदीसँग निवेदन गर्छु,' प्रधानमन्त्री ओलीले भनेका छन्, 'हाम्रो खुला सीमा र आवागमन छ । दुई देशको बीचमा पहाड भएको भए खुला सीमा भए पनि आउनजान कठिन हुन्थ्यो । तर दुवैतर्फ खेतबारी रहेका छन् । एक घर सीमाको यतातर्फ र अर्को सीमाको उतातर्फ छ । यहाँका बासिन्दा हरेक सामानका लागि आउनेजाने गर्छन् ।'

प्रधानमन्त्री ओलीले मित्रतापूर्ण सम्बन्धलाई पनि ध्यान दिनुपर्ने उल्लेख गर्दै कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि भारतले सहयोग गरेको बताए । 'भारतले सहयोग गरेको छैन म भन्दिनँ । लिक्विड अक्सिजन तथा औषधिलगायतका सामान हामीले भारतबाटै ल्याइरहेका छौँ । सबैभन्दा पहिले हामीलाई खोप दिएकोमा म भारतलाई धन्यवाद दिन चाहन्छु,' ओलीले भने ।

'के अब नेपालमा चीनको बढी प्रभाव देखिएको हो किनकी कोरोना महामारीका बेला नेपाललाई चीनले धेरै सहयोग गरिरहेको छ' भन्ने प्रश्नमा ओलीले यस विषयमा राजनीतिलाई बीचमा ल्याउन नहुने बताए । उनले भने, 'यसमा पोलिटिक्स ल्याउन आवश्यक छैन । यसका कसैको प्रभावको कुरै छैन । भारतले भ्याक्सिन दिन्छ, चीनले दिन्छ, अमेरिकाले दिन्छ, बेलायतले दिन्छ । जसले दिन्छ यो भ्याक्सिनको मामिला हो, यो पोलिटिक्सको मामिला होइन । यसमा राजनीति गर्न आवश्यक छैन । हामी दुवै छिमेकी देशलाई धेरै धन्यवाद दिन्छौं । किनकी एउटा छिमेकीले १८ लाख र अर्कोले २० लाख दियो । दुवै देशबाट हामीले मेडिकल उपकरण पाएका छौं, त्यसैले दुवै मुलुकलाई हामी धन्यवाद दिन्छौं ।' त्यस्तै 'पछिल्लो समय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र तपाईँबीच केही मनमुटाव देखियो । आजको दिनमा नेपालको भारतसँगको सम्बन्धमा तपाईँको दृष्टिकोण के हो ?' भन्ने बीबीसी हिन्दीको प्रश्नमा ओलीले भने, 'छिमेकी भएकाले समस्या त हुन्छ भन्ने मेरो एउटा धारणा हो । समस्या किन उत्पन्न हुन्छ । चिली र अर्जेन्टिनाका मानिससँग न कुनै प्रेम न कुनै घृणाको सम्बन्ध छ । आजको समय फेसबुकको जमाना हो । त्यसमा पनि केही हुन सक्छ तर त्यसको सम्भावना निकै कम छ । त्यहाँ जानु पनि छैन र त्यहाँका मानिस यता आउनु पनि छैन... । तर छिमेकी भएपछि प्रेम र समस्या दुवै देखिन्छ ।' त्यस्तै कहिलेकाहीँ असमझदारी पैदा हुने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भने । 'कहिलेकाहीँ असमझदारी पैदा भएको थियो । अब असमझदारी हटेको छ । त्यसैमा हामी अल्झिरहन हुँदैन । हामीले भविष्यलाई हेरेर अगाडि बढ्नुपर्नेछ । हामीले नकारात्मक पक्षलाई होइन, सकारात्मक पक्षलाई अगाडि बढाउनुपर्छ ।'

# भारतीय सेनाले दियो नेपाली सेनालाई ६ वटा एम्बुलेन्स

काठमाडौं । नेपाली सेनाले कोभिड विरुद्धको स्वास्थ्य सामग्री भारतबाट नेपाल ल्याएको छ । ती स्वास्थ्य सामग्री लिन नेपाली सेनाका ट्रकहरु भारत तर्फ गएको थियो । ट्रकहरूमा कोभिड सम्वन्धि अपरेटिङ्ग हेटलाईट , अटो रिफ्रेक्ट मिटर , बि-प्याड मेसिन, एबीजी मेशिन, ल्याब माईक्रोस्कोप, लाईट क्युरिङ कार्डलेस, आईसियु भेन्टिलेटर, म्यानुअल स्प्रेयर, भाईरस ट्रान्सपोर्ट मिडिया विथ स्वाब, आरडिटी एन्टिजेन किट, एन ९५ मास्क, पिपिई लगायतका सामग्री छन् । त्यस्तै भारतले ६ वटा एम्बुलेन्स समेत नेपाली सेनालाई सहयोग पठाएको छ । नेपाली सेना र भारतीय सेनाबीचको आपसी सम्बन्धबाट सहयोग आदान-प्रदानको नियमित प्रक्रिया अन्तरगत उक्त स्वास्थ्य सामग्री आएको र भारतीय सेनाले नेपाली सेनालाई ६ वटा एम्बुलेन्स समेत पठाएको नेपाली सेनाका प्रवक्ता सहायक रथी सन्तोष बल्लभ पौड्यालले जानकारी दिए ।

# भारतबाट रासायनिक मल खरिदका लागि स्वीकृति

काठमाडौं । सरकारले रासायनिक मल आयातका लागि भारतसँग 'जी टु जी' मार्फत खरिद प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न शुक्रबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङले नेपाल सरकार र भारत सरकारबीच रासायनिक मलको आयातका लागि जी टु जी मार्फत खरिद प्रक्रिया अगाडि बढाउन स्वीकृति दिने निर्णय भएको जानकारी दिए । त्यस्तै बैठकले सगरमाथा संवादको आयोजना गर्ने निर्णय गरिएको पनि उनले जानकारी दिए ।

# भारतीय ऊर्जा बजारमा नेपालको प्रवेश

काठमाडौं । भारतीय प्रतिस्पर्धात्मक ऊर्जा बजारमा नेपाल पहिलोपटक सफल भएपछि नेपालका ऊर्जा सचिवले आफ्ना भारतीय समकक्षीलाई आगामी प्रक्रियाका लागि ध्यानाकर्षण गराएका छन् । ऊर्जा, जलस्रोत तथा सिंचाइ सचिव देवेन्द्र कार्कीले भारतीय समकक्षी आलोक कुमारलाई पञ्जाब स्टेट पावर कर्पोरेसन लिमिटेड ( पीएसपीएसल) ले गराएको प्रतिस्पर्धामा नेपाल सफल भएको स्मरण गराउँदै भारतीय सहयोगका लागि ध्यानाकर्षण गराएका छन् । पीएसपीसीएलले गत अप्रिलमा गराएको प्रतिस्पर्धामा प्राधिकरणको बिड सफल भएको थियो । प्राधिकरण आगामी जुलाई, अगष्ट र सेप्टेम्बरसम्मका लागि चौबीसै घण्टा ४० मेगावाट बिजुली बेच्न गरेको बिड ( प्रतिस्पर्धा) मा सफल भएको थियो । प्राधिकरणले आफ्नो बिजुलीको मूल्य प्रतियुनिट औसत भारतीय चार रुपैयाँ ( ६ रुपैयाँ ४० पैसा) राखेको थियो । गत जेठ १० गते भएको बाह्रौं दक्षिण एसियाली ऊर्जा सचिवस्तरीय बैठक ( भिडियो कन्फ्रेन्स) मा नेपालले गरेको सफल बिडलाई सहमति दिन ध्यानाकर्षण गराएका हुन् । अघिल्लो महिना नेपालको बिड सफल भएको जानकारी प्राधिकरणले प्राप्त गरेको थियो । पीएसपीसीएलले आशय पत्र दिन बाँकी छ । आशय पत्र प्राप्त गरेपछि भारत सरकारको स्वीकृति चाहिन्छ ।

भारतले सन् २०१८ मा जारी गरेको सीमापार विद्युत् व्यापारसम्बन्धी निर्देशिकामा छिमेकीहरुसित तीन प्रकारले विद्युत् व्यापार हुने बन्दोबस्त गरेको छ । पहिलो अन्तर सरकारी सम्झौता (आइजीए), विड रुट र तेस्रो प्रत्यक्ष । यसमध्ये नेपालले बिट रुट अर्थात् प्रतिस्पर्धामा भाग लिएको हो । सोही निर्देशिकाले छिमेकी देशको कुनै प्राधिकार बिड रुटमा सफल भएमा भारत सरकारको अनुमति पनि अनिवार्य लिनुपर्ने व्यवस्था छ । निर्देशिकाको सोही व्यवस्थाअनुसार भारत सरकारको सहमतिका लागि नेपालका ऊर्जा सचिव कार्कीले आफ्ना समकक्षीको ध्यानाकर्षण गराएका हुन् । पञ्जाबको उक्त पावर युटिलिटीले गत अप्रिलमा ६ सय देखि १८ सय मेगावाटसम्मको बिजुली आपूर्ति गर्न प्रतिस्पर्धा गराएको थियो । घटीमा २० मेगावाट बिजुली दिने बिड हुनुपर्ने प्रावधान थियो ।

# मन्त्री चौधरीद्वारा कर्मचारीलाई उच्च मनोवलका साथ काम गर्न निर्देशन

काठमाडौं । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री चन्दा चौधरीलाई मन्त्रालयअन्तर्गत रहेको महिला बालबालिका विभागले विस्तृत ब्रिफिङ्ग गरेको छ । बुधबार पुल्चोकस्थित रहेको विभागको कार्यालयमा विभागका निर्देशक दुर्गादेवी देवकोटा पौडेलले एक कार्यक्रमका बीच विभागको गतिविधि बारेमा जानकारी गराएकी हुन् । निर्देशक पौडेलले यस विभागको औचित्य, चुनौती, अवसर र विगतदेखि गर्दै आएका गतिविधिका बारेमा विधिवत रुपमा जानकारी गराएकी थिइन् ।

त्यस्तै, राष्ट्रिय बाल अधिकार परिषदका कार्यकारी निर्देशक मिलन धरेलले परिषदको बारेमा जानकारी गराए । परिषद्को अध्यक्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री रहने व्यवस्था छ । त्यसअनुसार मन्त्री चौधरीले परिषद्को अध्यक्षमा पद्स्थापन गर्दै प्रदेश १, २ र लुम्बिनी प्रदेशमा बालबालिका खोज केन्द्र १०४ विस्तार गर्ने निर्णयलाई सदर गरेकी छन् ।

सो अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री चौधरीले विभागबाट प्रदान गरिँदै आएको सेवामा कुनै पनि ढिलासुस्ती नगरी कार्य सम्पादन गर्न निर्देशन दिइन् । उनले विभागअन्तर्गत बेरुजुको बिकराल समस्या देखिएको हुँदा यसलाई जति सकिन्छ तत्काल समाधानका उपायका लागि पहल गर्ने र त्यसमा सबैको सहयोग रहने विश्वास व्यक्त गरिन् । आफू महिला, बालबालिकाको समस्या समाधान गर्ने केन्द्रबाट पर्याप्त नहुने भन्दै प्रदेश, जिल्ला र स्थानीय तहसम्म काम गर्ने संयन्त्र बनाउनु पर्नेमा उनले जोड दिइन् ।

घरेलु र यौन हिंसाबाट महिलाहरु निकै पीडित हुने गरेको र सार्वजनिक गर्न नसक्ने स्थिति अझै पनि पुर्न रुपमा बनी नसकेको दु:खदायी अवस्थाको अनुभव आफूले गरेको भन्दै त्यसका लागि विभागले समाजको तल्लो वर्गका महिला र बालबालिकाका लागि परिणाम आउने गरि काम गर्नु पर्नेमा मन्त्री चौधरीले जोड दिइन् ।

उक्त अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक राज्यमन्त्री रेनुका गुरुङको समेत उपस्थिति रहेको थियो । त्यस्तै मन्त्रालयका सचिव यम कुमारी खतिवडाको समेत सहभागिता रहेको थियो । कार्यक्रम बिभागका महानिर्देशक कृष्ण प्रसाद पराजुली ज्युको अध्यक्षता भएको थियो ।

# राष्ट्रिय विद्यार्थी संघको आरोप : उपेन्द्र यादव मधेश विरोधी र निरंकुश पात्र

काठमाडौं । जनता समाजवादी पार्टी नेपालनिकट राष्ट्रिय विद्यार्थी संघले उपेन्द्र यादवमाथि मधेश विरोधी र निरंकुश पात्र रहेको आरोप लगाएको छ ।

राष्ट्रिय विद्यार्थी संघले जूममार्फत संगठनका केन्द्रीय अध्यक्ष मनिष मिश्रको अध्यक्षतामा केन्द्रीय कार्यसमितिको भर्चुल बैठकमा यस्तो आरोप लगाएको हो ।

'प्रदेश २ को मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई मधेशको भावना बिपरीत, मधेशी जनताको अभिमतको बिरूद्धमा कार्य गर्न प्रोत्साहन गर्ने, दबाब दिने उपेन्द्र यादव मधेश बिरोधी, लोकतन्त्र बिरोधी तथा निरंकुश पात्र रहेको हाम्रो संगठनको ठहर रहेको छ ।' बैठकपश्चात् सार्वजनिक गरिएको निर्णयमा भनिएको छ, 'उक्साहट एवं दबाबमा आई मधेशी जनताको भावनाको विपरीत कार्य गर्ने मा.मुख्यमन्त्री बौद्धिक हिनता भएको निरीह पात्र झै देखिनु प्रदेशकै लागि दुर्भाग्य रहेको छ ।'

प्रदेश २ सरकारको मुख्यमन्त्री राउतले मधेशी जनताको भावना बिपरीत तथा अभिमतको अनादर गर्दै सरकार पुनर्गठन गरेको आरोप लगाउँदै घोर निन्दासमेत गरेको छ । राउत सरकारले कहिले मुख्यमन्त्रीको कुर्सी बचाउनका निम्ति त कहिले भ्रष्टाचारीलाई प्रोत्साहनका निम्ति एक पछि अर्को कुकर्महरू गर्दै आएको साथै प्रदेशले भार थेग्न नसक्ने गरी मन्त्रिपरिषद बिस्तारको खबरले कहि कतै संघीयता विरोधी कदमलाई सहयोग गर्न त खोजिएको छैन भनि राष्ट्रिय विद्यार्थी संघका महासचिव रोशन मिश्राले शंका व्यक्त गरेका छन् ।

साथै सरकारले निर्वाचनको मिति तोकिसकेको र लोकतन्त्र का निम्ति चुनाव अपरिहार्य रहेकोले संपूर्ण संगठनलाई अहिलेको महामारीको अवस्थालाई ध्यान दिदै सृजनात्मक कार्यमा सरीक हुन निर्णय गरेको छ ।

अहिलेको वैश्विक महामारीसंग पूरै विश्व जुधिरहेको अवस्थामा सरकार संग समन्वय गरी चाडो भन्दा चाडो सम्पूर्ण जनसमुदायका निम्ति खोपको पहल गर्ने तथा सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड अनुसार संगठनले ग्रामीण स्तर सम्म जनचेतना फैलाउने एवं कोरोनाले गर्दा बैकुण्ठ बास भएका संपूर्ण दिवंगत आत्मा प्रति चिर शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने निर्णय गरेको छ ।

समसमायिक राजनीतिक अवस्थालाई मध्यनजर गर्दै जसपा नेपालको माँग बमोजिम सरकारले पार्टीका विभिन्न माँगहरू पूरा गरेकोमा सरकारलाई धन्यवाद दिने साथै बाँकी प्रकियामा रहेका माँगहरू चाडै पुरा गर्न आग्रह गरेको छ ।

जसपा नेपालको अधिकांश माग सरकारले पुरा गरिसकेको ठहर गर्दै जसपा नेपाल वर्तमान सरकार प्रति सकारात्मक भई संघीय सरकारमा सामेल भएकोमा बैठकले पार्टीको यस निर्णयलाई स्वागत गरेको हो ।

# जसपाको प्रदेश २ संसदीय दलको नेतामा मुख्यमन्त्री राउत चयन

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रदेश नम्बर २ संसदीय दलको नेतामा मुख्यमन्त्री लालबाबु राउत चयन भएका छन् । पार्टीका बहुमत प्रदेशसभा सदस्यको हस्ताक्षरसहित दलको नेतामा मुख्यमन्त्री राउत चयन भएका जनाइएको छ । केन्द्रमा जसपाको विवाद चलिरहेको बेला अध्यक्ष उपेन्द्र यादव जनकपुरधाम आएर दलको नेता चयन र विधान पारित गराएका छन् ।

विधानमा तत्कालीन राजपातर्फका नेताहरुलाई कडाइ गर्ने व्यवस्था रहेको बुझिएको छ । अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट पारित गराउन पूर्वराजपाका सांसदहरुले समर्थन नगर्ने आशंकाका कारण उनीहरुलाई कडाइ गर्ने प्रावधान राखिएको हो । बजेट पारित गराउनसमेत मुख्यमन्त्री राउत अल्पमतमा पर्ने हुँदा विधानमै सत्तारुढ दललाई समर्थन नगरे कडा कारबाही गर्ने व्यवस्था गरिएको छ ।

नीति तथा कार्यक्रम र बजेट पारित गर्न पार्टीले ह्विप लगाउन विधान आवश्यक रहेको जनाउँदै विधानविपरीत कार्य गर्नेलाई कारबाहीको प्रक्रिया अगाडि बढाउनसमेत सहज हुने भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवले बताए ।

तत्कालीन राजपा र फोरम एक भए पनि अहिलेसम्म विधान बनाइएको थिएन । केही समयअगाडि विधान बनाउन पूर्वराजपाका मनीष सुमनसहित तीन सदस्यीय समिति गठन गरिएको थियो । सुमनले अन्य दुई नेतालाई जानकारी नै नगराई मुख्यमन्त्री राउतसमक्ष विधान पेस गरेका थिए । तर, मुख्यमन्त्री राउतले सो विधान रद्द गरेका थिए ।

पार्टी विभाजनको संघारमा पुगेको बेला प्रदेशमा संसदीय दलको नेता चयन र विधान पूर्व समाजवादी निकटका नेताहरुले आफूअनुकूल बनाएका छन् । समाजवादी र राजपा एकीकृत भए पनि दलको संयुक्त बैठक लामो समयदेखि हुनसकेको छैन । प्रदेशसभामा दुवै दलका नेता र प्रमुख सचेतक छुट्टाछुट्टै रहेका छन् ।

संसदीय दलको विधानमा ४० जना प्रदेशसभा सदस्यको हस्ताक्षर रहेको छ । प्रदेशमा यादव समूहले आफ्नो पक्षमा झन्डै ४२ सांसद पुग्ने विश्वास गरेको छ । प्रदेश २ प्रदेशसभामा पूर्व समाजवादीका ३०, पूर्वराजपाका २५, नेकपा (एमाले)का २१, नेपाली कांग्रेसका १९, नेकपा (माओवादी केन्द्र)का आठ र एकजना स्वतन्त्र सांसद छन् ।




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं